ऊर्जा विकास मार्गचित्र कार्यान्वयनको तयारी गर्न... पृष्ठ ७ मा

जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २५ • अंक १३७ • २०८० साल आश्विन १७ गते बुधबार (4 October, Wednesday, 2023) • पृष्ठ ८ • मूल्य रु. ५।-

# संघीयता समाप्त गर्न ओलीले पटकपटक प्रयास गरेको जसपा अध्यक्ष यादवको आरोप

**टुडे समाचारदाता**

काठमाण्डु । जनता समाजवादी पार्टी (जसपा) नेपालका अध्यक्ष उपेन्द्र यादवले लामो संघर्षबाट प्राप्त भएको संघीय लोकतान्त्रिक गणतन्त्रलाई समाप्त गर्नका लागि षड्यन्त्र भइरहेको बताएका छन् ।



नेपाली समाज अमेरिका केन्द्रीय समितिले आयोजना गरेको अन्तरक्रिया कार्यक्रममा अध्यक्ष यादवले प्रदेशलाई अधिकार नदिएका कारण नै संघीयता संस्थागत हुन नसकेको प्रस्ट पारे । संविधान जारी भएको आठ वर्ष बित्दा पनि प्रदेशलाई हालसम्म प्रहरी हस्तान्तरण नगरिएको उनले बताए । 'गणतन्त्र स्थापना भएको १५ वर्ष भइसक्यो, संविधान निर्माण भएको आठ वर्ष भइसक्यो, दुईदुई वटा चुनाव देशमा सम्पन्न भइसकेको छ, तै पनि संघीयता संस्थागत हुन सकेको छैन,' उनले भने।

प्रदेश सरकार सञ्चालन गर्नका लागि आफ्नो शासन, प्रशासन, न्यायालय, सुरक्षा नरहेको बताउँदै उनले संघीयता विरोधी शक्तिहरुका कारण यस्तो भएको टिप्पणी गरे। अध्यक्ष यादवले भने, 'अहिलेको सबैभन्दा ठूलो चुनौती भनेको प्राप्त उपलब्धि गुम्ने खतरा आउनु हो।'

नेपालमा अहिले संघीयता विरोधी गतिविधि तीव्र रुपमा अगाडि बढेको बताउँदै उनले संघीयताले देश बर्बाद भयो भन्ने भाष्य निर्माण गर्न थालिएको बताए । उनले भने, 'संघीयताले देश बिग्रने भए सबैभन्दा पहिले अमेरिका बिग्रिने थियो, क्यानाडा बिग्रिने थियो, भारत बिग्रिने थियो तर संघीयताकै कारण ती देशहरु विकसित भएका छन् ।'

एमालेका अध्यक्ष केपी शर्मा ओलीले संघीयता समाप्त गर्न पटकपटक प्रयास गरेको तर आफूहरुले गठबन्धन बनाएर त्यसलाई परास्त गरेको अध्यक्ष यादवको भनाइ थियो। अहिले चार वटा दल मिलेर मोर्चा बनाएको र सो मोर्चाको माध्यमबाट लोकतन्त्र रक्षाका लागि अगाडि बढ्ने बताउँदै उनले संघीयता संस्थागत गर्दै संविधानलाई संशोधन गरिने प्रस्ट पारे।

अध्यक्ष यादवले भने, 'संविधान घोषणा भएको दिन मधेशमा मान्छे मारिएको थियो, काठमाण्डुमा दीपावली गर्दा मधेशमा ब्ल्याकआउट गरिएको थियो ।' यद्यपि यो संविधानमा केही राम्रा कुरा समावेश गरिएको भन्दै उनले त्यसमा टेकेर संविधान पुनर्लेखन गर्नुपर्ने बताए । सात वटा प्रदेशको संरचना नै गलत रहेको बताउँदै अध्यक्ष यादवले अन्तरिम संविधानमा भएको व्यवस्था अनुसार उच्चस्तरीय आयोगले दिएको प्रतिवेदनका आधारमा प्रदेश निर्माण नभएको दाबी गरे।

केही नेताले बसेर देशको शासन प्रशासनमा आफ्नो पकड कसरी बढाउने भन्ने उद्देश्यले सात वटा प्रदेश बनाएको उनको भनाइ थियो । उनले प्रदेशको संरचना अवैज्ञानिक रहेको बताए । भारतजस्तो अर्ध संघीय प्रणाली भएको देशमा समेत प्रदेशको नामकरण गर्दा जातीय पहिचान, भाषिक पहिचान र भूगोलको आधारमा गरिएको उदाहरण दिँदै उनले नेपालमा प्रदेशको नामकरण खोलानालाको आधारमा भएको भन्दै असन्तुष्टि जनाए।

# ठूलो दुर्घटना हुनबाट जोगियो रेल

**टुडे समाचारदाता**

जनकपुरधाम। नेपालको एक मात्र रेल मंगबार ठूलो दुर्घटना हुनबाट जोगिएको छ। रेल पास हुनेबेला बाटो काट्ने दुबैतर्फको ढाट बन्दभए पछि पनि जनकपुरधाम-१ मिल्स एरिया स्थित रेल्वे ट्र्याकमा एउटा मोटरसाइकल क्रस गर्न खोज्दा दुर्घटना भएको जिल्ला प्रहरी कार्यालय धनुषाले जानकारी दिएका छन्।



बाटो बन्द भइसके पश्चात पनि जबर्जस्ती बाटो काट्न थालेपछि प्र.-२-०२-००३ प ००९० नम्बरको मोटरसाइकल रेलसंग ठोक्किएको थियो। त्यस क्रममा जनकपुरधाम-१९ बेंगाको पिपराका राम सजिवन यादवका छोरा राकेश यादव घाइते भएका छन्। उनको दाहिने खुट्टा र छातीमा भित्री चोट लागेको छ भने उनको अहिले प्रादेशिक अस्पताल जनकपुरधाममा उपचार भइरहेको छ। मोटरसाइकल माथि रेल चढेपछि ठूलै दुर्घटना हुन सक्ने अवस्था सिर्जना भए पनि, चालकको कुशलताका कारणले रेल जोगिएको बताइएको छ।

रेल्वे आउने समयमा बाटो बन्द गर्दा पनि बाटो काट्नेहरुको लापरबाहीले गर्दा यस्ता समस्या रेल्वेले खेप्न परिरहेको नेपाल रेल्वेले जनाएको छ।

# श्रीनिवास पक्राउ विरुद्ध साधुसन्त आन्दोलनमा



**टुडे समाचारदाता**

जनकपुरधाम। उत्तेजक अभिव्यक्ति दिइ हिंसा मच्चाउन खोजेको आरोपमा पक्राउ गरिएका श्रीनिवास आचार्यलाई बिना सर्त रिहा गर्न माग गर्दै जनकपुरधाममा साधुसन्तले विरोध प्रदर्शन गरेका छन्। श्रीनिवासलाइ पक्राउ गरी हिन्दू धर्म माथि सरकारले प्रहार गर्न खोजेको भन्दै जानकी मन्दिर परिसरमा साधुसन्त तथा हिन्दू अभियानीहरुले विरोध जनाउँदै नाराबाजी गरेका छन्।

श्रीनिवासलाई सुनसरीको प्रकाशपुरबाट केन्द्रीय अनुसन्धान ब्यूरो र क्षेत्रीय अनुसन्धान ब्यूरो रिटको टोलीले मंगलबार पक्राउ गरिएको छ। उनले एक साता अघि गौ हत्याको विषयमा हिंसात्मक अभिव्यक्ति दिएको भन्दै सोही अभिव्यक्तिलाई लिएर जिल्ला प्रहरी कार्यालय धनुषाले पक्राउ पूर्जी जारी गरेको प्रहरीले जनाएको छ। उनलाई बुधबार धनुषा पठाइने प्रहरीले बताएको छ।

सुनसरीको प्रकाशपुर आश्रममा बस्दै आएका आचार्य यस अघि आफैलाई गोली हान्न लगाइ धार्मिक द्वेष फैलाउन खोजेको अभियोगमा पक्राउ परेका थिए।


खुशिको खबर ! खुशिको खबर !! खुशिको खबर !!!
कृष्णा मेडिकल एण्ड टेक्निकल रिसर्च सेन्टर (अस्पताल)
ब्रहमपुरी, जनकपुरधाम-९, धनुषा (नेपाल)
पहिलेको जानकी मेडिकल कलेजको सिटी हस्पिटल भवनमा
यस अस्पतालमा नेपाल सरकारद्वारा संचालित
आमा सुरक्षा कार्यक्रम
यहि मिति २०८०/४/१ गते देखि संचालन भईरहेको जानकारी गराउन चाहन्छौं।
यसमा बिरामीले पाउने सुविधाहरु
- २४ औं घण्टा डेलिभरी सेवा निःशुल्क।
- शल्यक्रियाद्वारा (अपरेशन) बाट बच्चा पाउने सेवा निःशुल्क।
- जेनरल बेड चार्ज निःशुल्क।
- बिरामीलाई यातायात खर्च वापत रु. १०००।- दिइनेछ।
नोट
जनकपुधामको एक मात्र सु-प्रसिद्ध न्यूरो सर्जन डा. हेमन्त कुमार साह (MCH) द्वारा न्यूरो सर्जरी सम्बन्धी सम्पूर्ण सेवाहरु उपलब्ध छ।
सम्पर्क नं.
०४१-५९१०९२
९८१४०२९७६९



आँखा पाक्ने रोग अर्थात् भाइरल कन्जंक्टिभाइटिस
हाल नेपालका विभिन्न जिल्लाहरुमा भाइरल कन्जंक्टिभाइटिस अर्थात् आँखा पाक्ने समस्या देखिएकोले सर्तक रहौं।
लक्षणहरु
- आँखा रातो हुने र चिलाउने
- आँखाबाट आँसु बगिरहने वा कचेरा/चिप्रा लाग्ने
- आँखाको ढकनी रातो हुने, सुन्निने
- आँखा बिझाउने/दुख्ने
- घाममा वा उज्यालोमा हेर्न गाह्रो हुने



रोकथामका उपायहरु
भाइरल कन्जंक्टिभाइटिस (आँखा पाक्ने रोग) सजिलै एक व्यक्तिबाट अर्को व्यक्तिमा सर्न सक्छ। त्यसैले रोकथामका निम्न उपायहरु अपनाएर आँखा पाक्ने रोगबाट बचौं।
- संक्रमित व्यक्तिसँग नजिकको सम्पर्कमा नजाने र संक्रमित व्यक्ति भिडभाडमा नजाने
- संक्रमित व्यक्तिले प्रयोग गरेका सामान जस्तै टावेल, रुमाल, सिरानी, तन्ना प्रयोग नगर्ने
- जथाभावी आँखा नछुने। आँखा छुनु परेमा छुनु अघि वा छोइसके पछि साबुन पानीले मिचिमिचि राम्रोसँग हात धुने
- व्यक्तिगत सरसफाइमा ध्यान दिने।
भाइरल कन्जंक्टिभाइटिस भइहाले अत्तिनु पर्दैन। यो रोग १ देखि २ हप्तामा आफैं निको हुन्छ। स्वास्थ्यकर्मीको सल्लाह बिना जथाभावी औषधी प्रयोग नगरौं।
जलेश्वर नगरपालिका
जलेश्वर, महोत्तरी, मधेश प्रदेश, नेपाल



'जनमन सँ जनजन धरि'
रेडियो टुडे
९१ मेगाहर्ज
रेडियो टुडे ९१ मेगाहर्ज
समाचार आ मनोरञ्जन ल क
निरन्तर १८ घण्टा
अहाँक संग
सुझाव आ प्रतिकृयाकऽलेल
०४१-५२७५९१, ५२३८६७
भिनसर ५ बजे सँ राति ११ बजे धरि

# शैक्षिक सामग्री वितरण



**टुडे समाचारदाता**

रौतहट । वृन्दावन नगरपालिका-६ स्थित रहेको बतहु माध्यमिक विद्यालय हर्षाहाका छात्रछात्राहरुलाई शैक्षिक सामग्री वितरण गरिएको छ।

वृन्दावन नगरपालिकाका नगर प्रमुख विनोद प्रसाद कुर्मीले विद्यालयको परिसरमा आयोजित एक कार्यक्रमकाबीच सो विद्यालयका कक्षा १० मा अध्ययनरत विद्यार्थीहरुलाई काँपी, कलम, ब्याग, औजार सहितका शैक्षिक सामग्री वितरण गरिएको छ।

मधेश प्रदेशको सामाजिक विकास मन्त्रालयको सहयोगमा विद्यार्थीहरुलाई उक्त शैक्षिक सामग्री उपलब्ध गराइएको बताइएको छ। शैक्षिक सामग्री वितरण गर्दै नगर प्रमुख कुर्मीले विद्यार्थीहरुलाई पढाइप्रति आकर्षित गर्ने उद्देश्यले कक्षा १० का सम्पूर्ण छात्रछात्राहरुलाई शैक्षिक सामग्री सहयोग गरेको बताए।

बालबालिकाको पढ्न पाइने अधिकार भएतापनि, कतिपय बालबालिकाहरु आर्थिक अवस्था कमजोर भएका कारण विद्यालय जान वञ्चित हुँदै आएको अवस्थालाई मध्य नजर गरी उनीहरुलाई सहयोग स्वरुप शैक्षिक सामग्री वितरण गरिएको उनले बताए । विद्यालयबाट विभिन्न शैक्षिक सामग्री पाएपछि सो विद्यालयका विद्यार्थीहरु निकै खुसी भएका छन्।

# मर्करीमुक्त स्वास्थ्य सेवा र दन्त चिकित्सासम्बन्धी नीतिलाई अन्तरराष्ट्रिय पुरस्कार

काठमाण्डु । मर्करीमुक्त स्वास्थ्य र मर्करीमुक्त दन्त चिकित्सासम्बन्धी नीति तर्जुमा गरेबापत नेपाल फ्युचर पोलिसी अवार्ड २०२३ बाट सम्मानित भएको छ । नेपाल सरकारलाई डेन्टल अमल्गम विधाअन्तर्गत मर्करीमा आधारित उपकरण र डेन्टल अमल्गमको प्रतिबन्ध लगाउने नीति २०२९ का लागि यो पुस्कार प्रदान गरिएको हो।

यस पुरस्कारलाई उत्कृष्ट नीतिहरूलाई दिइने पुरस्कारहरूको ‘ ओस्कर पुरस्कार’ पनि भनिन्छ । विश्वलाईप्रदूषणमुक्त बनाउनका लागि बनाइने नीतिहरूलाई नजिकबाट हेरी उत्पादन र अभ्यासहरूमा खतरनाक रसायनहरूको प्रयोगलाई नियमन गर्ने, बालबालिका र उनीहरूको वातावरणमा केन्द्रित रहेर सरकारले यो नीति कार्यान्वयनमा ल्याएको छ।

पन्ध्र वर्षमुनिका बालबालिका, गर्भवती र स्तनपान गराउने महिलामा डेन्टल अमल्गमको प्रयोगमा तत्काल प्रतिबन्ध लगाउने र अन्य सबैमा जतिसक्दो चाँडो पूर्णतया उन्मूलन गर्ने लक्ष्य राखेको यो एसियाकै पहिलो नीति हो। यस वर्ष खेलौनासम्बन्धी कानुनमा भियतनाम, कस्मेटिकसम्बन्धी कानुनमा रुवान्डा र प्याकेजिङ वस्तुसम्बन्धी कानुनका लागि डेनमार्कलाई पुरस्कृत गरिएको छ।

नेपालमा मर्करीमुक्त स्वास्थ्य सेवा र मर्करीमुक्त दन्त चिकित्सासम्बन्धी नीति, नेपाल सरकार, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको सन् २०१९ अगस्त २१ को मन्त्रिस्तरीय निर्णयले पारित गरेको थियो। यस नीतिले १५ वर्षमुनिका बालबालिका, गर्भवती र स्तनपान गराइरहेका महिलामा मर्करीको सम्पर्कबाट जोगाउनका लागि सबै मर्करीमा आधारित उपकरणहरू र डेन्टल अमल्गम प्रयोगमा तुरुन्त प्रतिबन्ध लगाएको थियो भने पाँच वर्षभित्र अन्य सबै उमेर समूहका मानिसमा पनि डेन्टल अमल्गम प्रयोगमा पूर्णतयाः प्रतिबन्ध लगाइएको छ।

जर्मनीको बोन सहरमा हालै सम्पन्नकेमिकलव्यवस्थापनसम्बन्धी पाँचौं अन्तराष्ट्रिय सम्मेलनमा जर्मनीका लागि नेपालका राजदूत रामकाजी खड्काले सो पुरस्कार ग्रहण गर्नुभएको थियो। सो अवसरमा उहाँले यस पुरस्कारले मर्करीमुक्त स्वास्थ्य सेवा र मर्करीमुक्त दन्त चिकित्सा नीतिको कार्यान्वयनलाई अझ प्रभावकारी बनाउन सहयोग पुग्ने बताउनुभयो। सम्मेलनमा नेपालले वैकल्पिक मर्करीमुक्त डेन्टल फिलिङको प्रयोग अपनाएर मर्करी प्रदूषणको जोखिमलाई उल्लेखनीय रूपमा कम गरेकामा प्रशंसा गरिएको थियो।

सो नीतिपछि मर्करीमा आधारित उपकरणहरू र डेन्टल अमल्गमको प्रतिबन्ध लगाउने प्रयासहरू डिजिटल थर्मोमिटर, डिजिटल वा एनरोइड स्फिग्मोमानोमिटर र मर्करी मुक्त दन्त फिलिङ्हरू जस्तैः जिआइसी, कम्पोमर र कम्पोजिट फिलिङ्जस्ता सुरक्षित मर्करी मुक्त विकल्पहरू सफलतापूर्वक प्रयोग भइरहेको यस क्षेत्रमा लामो समयदेखि कार्य गर्दै आएको जनस्वास्थ्य तथा वातावरण प्रवर्द्धन केन्द्र (सिफेड) का कार्यकारी निर्देशक रामचरित्र साहले बताउनुभयो।रासस

# विद्यालयको अवस्था दयनीय

**टुडे समाचारदाता**

गौर । रौतहटको ईशनाथ नगरपालिका वड़ा नम्बर ३ औरैयामा रहेको श्री महावीर प्राथमिक विद्यालयको अवस्था निकै दयनीय रहेको छ।

२०५१ सालमा स्थापना भएको उक्त विद्यालयको भौतिक पूर्वाधारको अवस्थामा खासै सुधार भएको देखिदैन। जस्ताको ६ वटा कोठा ३ वटा ब्लाक भएको सो विद्यालयमा रजिस्टरमा दर्ता भए अनुसार २ सय ५० जना विद्यार्थी रहेका विद्यालयका प्राध्यानध्यापक राम आधार सहनीले जानकारी दिए। शिक्षकको अभाव र कक्षा कोठाको आभवको कारण बहु कक्षा सञ्चालन गर्नु पर्ने बाध्यता रहेको उनले बताए।

प्राध्यानध्यापक सहनीले २ जना स्थायी, १ जना बाल विकास र १ जना राहत शिक्षकले जेन तेन गरी विद्यालय सञ्चालन गर्दै आएको सुनाए। २ वटा कोठा भएको एउटा ब्लक प्रयोगविहीन अवस्थामा रहेको बताउँदै ३ वटा कोठामा कक्षा सञ्चालन गरिरहनु परेको उनले बताए।



तत्कालीन नगर प्रमुख संतोष मेहताको कार्यकालमा पनि विद्यालयको मर्मत सम्भारका लागि ताकेता गरेको रवर्तमान नगर प्रमुख कौशल्या देवी सिन्हालाइ पनि बजेट व्यवस्थापन गर्न आग्रह गर्दा पनि कुनै चासो नदेखाएको टिप्पणी उनले गरे।

विद्यालयमा कम्पाउण्ड वाल तथा शौचालयको पनि अवस्था जर्जर रहेको उनले बताए । विद्यालयको मैदानमा माटो पुर्नु पर्ने जरुरी रहेको छ । उनले खाल्डो भएकोले नालाको फोहर पनि विद्यालयको परिसरमा प्रवेश गर्ने गरेकोले विद्यार्थी तथा शिक्षक कर्मचारीलाई आवतजावतमा अप्ठ्यारो हुने गरेको बताए। बेन्च डेस्क नहुँदा विद्यार्थीलाई भुइँमै बसाएर अध्ययन गराउनु परिरहेको उनले बताए । प्राध्यानध्यापक सहनीले नगरपालिकाले समयमा खाजाको रकम भुक्तानी नदिँदा उधारो लिएर खाजा खुवाउनु परेको गुनासो गरे। अपुग रहेको शिक्षकको लागि नगरपालिकालाई आग्रह गर्दा पनि अहिलेसम्म शिक्षकको व्यवस्था गर्न नसकेको उनको आरोप छ।

नगर भित्रको विद्यालयको अनुगमन निरीक्षण एक पटक पनि नगर प्रमुख, उपप्रमुखले नगरेको बताउँदै सहनीले विद्यालयको अवस्था हेर्न कुनै जनप्रतिनिधि नआएको उल्लेख गरे।

स्थानीय अभिभावकले विद्यालय सार्वजानिक सम्पति रहेकोले संरक्षण गर्ने तरफ कुनै सक्रियता नदेखाएकोले विद्यालयको सम्पति क्षति हुँदै गएको जिकिर गरे। विद्यालयमा भएका संरचना नष्ट भइरहदा पनि कोही कसैले केही गर्न नसकेको उनको भनाइ छ।

# मुआब्जा माग गर्दै सुक्खा बन्दरगाहमा स्थानीयको अवरोध




**टुडे समाचारदाता**

वीरगञ्ज। जग्गाको मुआब्जा माग गर्दै सिर्सिया सुक्खा बन्दरगाह (आईसीडी) कार्यालय अगाडि स्थानीयले अवरोध गरेका छन् । दैनिक कामकाज नै अवरोध पुग्नेगरी स्थानीयले सुक्खा बन्दरगाह कार्यालय अगाडि ३ दिनदेखि विरोध प्रदर्शन गर्दै आएका हुन्। सिर्सिया सुक्खा बन्दरगाहले तेस्रो मुलुकसँगको व्यापार हेर्छ।

स्थानीयको अवरोधपछि रेलमार्ग हुँदै भारतसहित तेस्रो मुलुकबाट आएका सामान लोड भएका मालवाहक गाडीको आउजाउ ठप्प प्रायः भएको भन्सार कार्यालयले जनाएको छ । सुक्खा बन्दरगाह भन्सार कार्यालय पर्साका प्रमुख डा. रामप्रसाद मैनालीले मुआब्जाको माग गर्दै भएको विरोध कार्यक्रमले कामकाजमा समस्या भएको बताए।

मुआब्जा संघर्ष समितिले स्थानीयको जग्गा लगायत सम्पूर्ण भौतिक सम्पत्तिको मुआब्जा रकम एकमुष्ट भुक्तानी दिनुपर्ने, सुक्खा बन्दरगाहका लागि अधिग्रहण गरिएको जग्गा २०७३ सालदेखि रोक्का भएका कारण ऐलानी जग्गामा बसोबास गर्नेहरुको घरजग्गा दर्ता नभएको, वृद्धि गरी कट्टा गरिएको लाभकर फिर्ता हुनुपर्ने लगायतका माग अघि सारेको छ।

भन्सार प्रमुख मैनालीले स्थानीयको मागका विषयमा माथिल्लो निकायलाई जानकारी गराइएको र सो विषयमा छलफल भइरहेको जनाएका छन् । ‘हाम्रो रेकर्डमा २ अर्ब ३० करोड मुआब्जाको रकम बुझाउन बाँकी छ, उहाँहरुको मागलाई हामीले माथिल्लो निकायमा फरवार्ड गरिसकेका छौँ,’ मैनालीले भने।

सरकारले २०७३ सालदेखि सुक्खा बन्दरगाह भन्सार कार्यालय र वीरगञ्ज महानगर वडा नं १७ स्थित वीरगञ्ज भन्सार मातहतमा रहेका आइसीपी भन्सारबिचको ६२ बिघा जग्गा अधिग्रहण गर्न भूमिसुधार तथा मालपोत कार्यालय पर्सामा पत्र पठाएर जग्गा रोक्का गरेको थियो।

जग्गा रोक्का गरेको ५ वर्षपछि २०७८ सालमा मुआब्जा वितरण सुरु गरे पनि हालसम्म कयौँ स्थानीयले मुआब्जा नपाएको संघर्ष समितिका संयोजक अशोक चौधरीले बताए । सरकारले अधिग्रहण गरेको ६२ बिघामध्ये ५० प्रतिशत जग्गाको मात्रै मुआब्जा सरकारले वितरण गरेको र बाँकी जग्गाको हालसम्म मुआब्जा नपाएको चौधरीको भनाइ छ।

उनले घरजग्गा सहितको करिब ४ अर्ब रुपैयाँ मुआब्जाको रकम पाउनुपर्ने दाबी गरेका छन्। ३ दिनदेखि दिउँसो ३ बजेसम्म भन्सार मूलगेटमा हुँदै आएको विरोध कार्यक्रम मुआब्जा रकम नपाएसम्म अब दैनिक बिहान ९ बजेबाट साँझ ५ बजेसम्म जारी रहने संघर्ष समितिले जनाएको छ।

यसअघि सरकारले मुआब्जा संघर्ष समितिसँग २०८० भदौ मसान्तसम्म मुआब्जाको सम्पूर्ण रकम भुक्तानी गर्ने सम्झौता गरेको थियो । तर सम्झौता अवधिभर रकम नपाएपछि संघर्ष समितिले पुनः विरोध कार्यक्रम सुरु गरेको हो।

# अर्थमन्त्री र एमसिसीका सिइओबीच भेट

काठमाण्डु । अर्थमन्त्री डा प्रकाशशरण महत र अमेरिकी सहयोग परियोजना एमसिसीका प्रमुख कार्यकारी अधिकृत (सिइओ) एलिस अल्ब्राइटको नेतृत्वमा आएको प्रतिनिधिमण्डलबीच शिष्टाचार भेटघाट भएको छ।

सिंहदरबारमा मंगलबार भएको भेटमा अर्थमन्त्री डा महतले एमसिसीअन्तर्गतका आयोजनाको सफलता अनिवार्य रहेको र निर्धारित समयसीमा, बजेट सीमा र स्कोपअनुरुप कार्यान्वयन हुनसकेमा मात्र विगतका सन्देहको अन्त्य हुने बताउनुभयो । उहाँले नेपालमा आयोजना व्यवस्थापनको सफल उदाहरण प्रस्तुत हुनसक्ने विचार व्यक्त गर्नुभयो।

कार्यान्वयनमा देखिएका समस्यालाई यथाशीघ्र समाधान गरी अगाडि बढ्न एमसीए नेपाललाई निर्देशनसमेत दिनुभयो।

सो अवसरमा प्रमुख कार्यकारी अधिकृत अल्ब्राइटले नेपालमा एमसिसी आयोजनाको कार्यान्वयन प्रारम्भ भएको अवसरलाई स्मरणीय बनाउन र कार्यान्वयनमा देखिएका समस्याको नजिकबाट जानकारी लिन नेपाल आएको तथा यसलाई सफल बनाउन एमसिसी कटिबद्ध रहेको विचार व्यक्त गर्नुभएको अर्थमन्त्रालयले जनाएको छ।

# स्वास्थ्य संस्थामा अप्रत्यासित घटना व्यवस्थापनका लागि द्रुत प्रतिकार्य टोली

चितवन। स्वास्थ्य संस्थामा हुने अप्रत्यासित घटना तत्काल व्यवस्थापन गर्ने द्रुत प्रतिकार्य टोली (क्विक रेस्पोन्स टिम) गठन गरिएको छ। सहायक प्रमुख जिल्ला अधिकारी राजुप्रसाद पौडेलको संयोजकत्वमा ११ सदस्यीय टोली गठन गरिएको हो।

प्रमुख जिल्ला अधिकारी भुपेन्द्र थापाले सरोकारवालाहरूसँग छलफल गरी टोली गठन गरिएको हो। टोलीमा प्रहरी नायव उपरीक्षक विजयराज पण्डित, सशस्त्र प्रहरी नायव उपरीक्षक विनोद खतिवडा, भरतपुर अस्पतालका मेडिकल सुपरिटेण्डेण्ट प्राडा कृष्णप्रसाद पौडेल, वीपी कोइराला मेमोरियल क्यान्सर अस्पतालका कार्यकारी निर्देशक डा शिवजी पौडेल हुनुहुन्छ।

यसैगरी अनुसन्धान अधिकृत अजय शर्मा, कलेज अफ मेडिकल साइन्सेस शिक्षण अस्पतालका प्राडा सुदीपराज केसी, चितवन मेडिकल कलेज शिक्षण अस्पतालका प्रमुख कार्यकारी निर्देशक प्रताप देवकोटा, नेपाल चिकित्सक सङ्घ चितवनका अध्यक्ष डा लोकबहादुर सेढाइ र निजी अस्पताल समन्वय समिति चितवनका सचिव बिक्रम अधिकारी रहनुभएको छ। सदस्य सचिवमा जिल्ला प्रशासन कार्यालयका प्रशासकीय अधिकृत आनन्द वंश न्यौपाने हुनुहुन्छ।

सो अवसरमा स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षा एवं बिरामीलाई प्रभावकारी चिकित्सकीय सेवा प्रदान गर्ने सन्दर्शमा प्रचलित ऐन कानुनको प्रावधान र चिकित्सकले पालना गर्नुपर्ने आचारसंहिताका बारेमा छलफल भएको थियो। रासस

# झडपमा तीन सुरक्षाकर्मी सहित १३ घाइते

नेपालगञ्ज । बाँकेको नेपालगञ्जमा जारी निषेधाज्ञाका क्रममा आज केही स्थानमा भएको झडपमा परेर तीन सुरक्षाकर्मीसहित १३ जना घाइते भएका छन् । उनीहरुको विभिन्न स्थानीय स्वास्थ्य संस्थामा उपचार भइरहेको छ।

जिल्ला प्रशासन कार्यालय, बाँकेले प्रेस विज्ञप्ति जारी गर्दै नेपालगञ्जमा शान्ति सुव्यवस्था कायम गर्नका लागि जिल्लास्थित सबै सुरक्षा निकायका सुरक्षाकर्मी प्रभावकारी एवं समन्वयात्मक रुपमा परिचालन भएको जनाएको छ । स्थानीय प्रशासनले निषेधाज्ञाका क्रममा सुरक्षाकर्मीबाट सामान्य बल प्रयोग भएको जनाउँदै स्थिति नियन्त्रणमा रहेको उल्लेख गरेको छ।

अहिलेको परिस्थितिमा जिल्लाका सबै राजनीतिक दल, नागरिक समाजलगायत आम नागरिकबाट सामाजिक सदभाव र शान्ति कायम गर्न महत्वपूर्ण भूमिकाको स्थानीय प्रसासनले अपेक्षा गरेको छ।रासस


## भुमिसुधार तथा मालपोत कार्यालय गौर रौतहट

## मोहीयानी हकबारे ३५ दिने सुचना

तपसिलको जग्गाको मोही दशै हजरा दुसाधले मोही लगत कटटा गरी पाउ भनि ज.ध. तर्फवाट निवेदन पर्न आएकोले कार्यवाहीको क्रममा ३५ दिने सुचना जारी गरिएको छ । तपसिलका मोही वा हकवाला कोही भइ मोही लगत कटटा हुनु नपर्ने भए सुचना जारी भएको मितिले ३५ दिन भित्र प्रमाण साथ लिखित हकदावी गर्न आउनुहोला वा रीतपुर्वक वारेस कानुन व्यवसायी पठाउनु होला अन्यथा कानुन बमोजिम भै जाने व्यहोरा सुचित गरिन्छ।

**तपसिल**

| ज.ध.कोनाम | जिल्ला | गाविस | वडा नं. | कि.नं. | क्षे.फ. | मोही |
|---|---|---|---|---|---|---|
| अमृत कुमार पडित | रौतहट | सखुअवा ध. | ३ | ३३३।११३८ | ०-४-१० | दशै हजरा दुसाद |


## तपाईंको आज
पण्डित : ब्रम जी

मेष : अवसर प्राप्त।
बृष : बौद्धिक क्षमता।
मिथून : पुरस्कार प्राप्त लाभ।
कर्कट : सुख समृद्धि हुने।
सिंह : प्रतिभा सम्पन्नता।
कन्या : पारिवाहिक सुख।
तुला : प्रेम प्रसंग, मित्र सुख।
वृश्चिक : भ्रमण अवसर हुने।
धनु : शिक्षामा उन्नति।
मकर : नयाँ कार्य हुने।
कुम्भ : वाद विवादबाट बच्नु।
मीन : धन बृद्धि सञ्चय।

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | ५:०० बजे |
| बिहान पूजा आरती | ८:०० बजे |
| भोगराज लाग्ने समय | ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | १२:०० बजे |
| मन्दिर बन्द हुने समय | १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | ४००: बजे |
| रात्री आरती पूजा हुने समय | ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | ०५:०० बजे |
| बिहान पूजा आरती | ०७:०० बजे |
| बिहान ढोका बन्द | १२:०० बजे |
| अन्न क्षेत्र | निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | ०५:०० बजे |
| मंगल आरती | ०७:३० बजे |
| महाप्रसाद भोग | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | ०७:०० बजे |
| रात्रि भोग | ०९:०० बजे |
| पट बन्द | ०९:१५ बजे |



महोत्तरी जिल्लाको सदरमुकाम जलेश्वर नगरपालिका-२ मा अवस्थित आँखा उपचार केन्द्रमा आँखाको शल्यक्रिया गराई आराम गर्दै बिरामी। *तस्बिर : रासस*

# मिटर ब्याजसम्बन्धी तीन सय ८८ उजुरी फछ्र्यौट, दुई मुद्दा दर्ता

वीरगन्ज । जिल्ला प्रशासन कार्यालय पर्साले अनुचित लेनदेन (मिटर ब्याज)सम्बन्धी परेको उजुरीमध्ये हालसम्म तीन सय ८८ उजुरी फछ्र्यौट गरेको छ।

अनलाइनबाट दर्ता भएका एक हजार तीन सय २१ उजुरीमध्ये छलफल विधिबाट तीन सय ८८ उजुरी पीडितको पक्षमा फछ्र्यौट गरिएको पर्साका सहायक प्रमुख जिल्ला अधिकारी शिवप्रसाद लम्सालले जानकारी दिनुभयो।

यस्तै सहमति नभएपछि दुई मुद्दा दर्ता भएको जनाएको छ। दर्ता भएका उजुरीमध्ये तीन सय ९० उजुरीको छानबिन गर्दा तीन सय ८८ वटामा दुवै पक्षबीच सहमति भएर फछ्र्यौट भएको उहाँले बताउनुभयो। उहाँका अनुसार छानविनपश्चात ७८ कित्ताको १५ बिघा पाँच कठ्ठा ११ धुर जग्गा र दुवै पक्षको सहमतिमा रु सात करोड नौ लाख ३० हजार चार सय ७४ फिर्ता गराइएको छ।

मिटर ब्याजीविरुद्ध हाल अनलाइनबाट दर्ता भएका उजुरीमा सबैभन्दा बढी लेनदेन र जग्गा-जमिनसम्बन्धी मिटर ब्याज पीडितको उजुरी बढी छ। कसै-कसैले थोरै रकम दिएर त्यसवापत बढीको कपाली तमसुक गरेको, दोब्बर तेब्बरसम्म बढीको बैंक चेक धितोवापत राख्ने प्रवृत्ति रहेको पाइएको उहाँले बताउनुभयो। परेको उजुरीको छानविनका क्रममा दुवै पक्षबाहेक कपाली वा अन्य कागजात लेख्ने लेखापढी, साक्षीलाई समेत कार्यालयमा बोलाएर आवश्यक सोधपुछ गर्ने, आवश्यक प्रमाण खोज्ने र सहमतिका लागि अधिकतम प्रयास गर्ने गरिएको पर्साका प्रमुख जिल्ला अधिकारी हिरालाल रेग्मीले बताउनुभयो।

छानविनका क्रममा लेनदेन गर्नेहरूको कागजमा उल्लेख रहेको रकम लेनदेन गर्ने हैसियत तथा आवश्यकता र स्रोत रहे/नरहेको समेत अनुसन्धान गर्ने गरिएको उहाँको भनाइ छ।

"उजुरीको छानविन गर्दा सकेसम्म सहमतिमै समस्या समाधान होस् भन्ने नै हाम्रो चाहना रहन्छ", प्रजिअ रेग्मीले भन्नुभयो, "त्यहीअनुसार हामीले उजुरीकर्ता र आरोपित दुवै पक्षलाई सहमतिका लागि छलफल गराउँछौं ।" अहिलेसम्म धेरैजसोमा सहमतिबाटै उजुरीको पछ्र्यौट भइरहेको छ, यो राम्रो पक्ष हो उहाँले भन्नुभयो। रासस

# कांग्रेस सहमहामन्त्री यादवमाथि खुकुरी प्रहार गर्ने पुर्पक्षका लागि थुनामा

**टुडे समाचारदाता**

काठमाण्डु । कांग्रेस सहमहामन्त्री महेन्द्र यादवमाथि खुकुरी प्रहार गरेको आरोपमा पक्राउ परेका व्यक्ति पुर्पक्षका लागि थुनामा पठाइएका छन्।



काठमाण्डु जिल्ला अदालतको आदेशले खुकुरी प्रहार आरोपमा पक्राउ परेका श्यामबहादुर सापकोटालाई पुर्पक्षका लागि थुनामा पठाउन आदेश दिएको सरकारी वकिल कार्यालय काठमाडौंका प्रमुख सहन्यायाधिवक्ता अच्युतमणि न्यौपानेले जानकारी दिए। सापकोटालाई केन्द्रीय कारागार जगन्नाथदेवलमा पठाइएको छ।

उनले भदौ २० गते दिउँसो काठमाडौं महानगरपालिका-२८ भृकुटीमण्डपस्थित रिपोर्टर्स क्लब बाहिर सहमहामन्त्री यादवमाथि खुकुरी प्रहार गरेका थिए।

क्लबमा साक्षात्कार कार्यक्रम राखिएको थियो। उक्त कार्यक्रममा बोल्न सहमहामन्त्री यादवलाई बोलाइएको थियो। श्यामबहादुर सापकोटा पनि कार्यक्रममा बसेर नेताहरूको भाषण सुनिरहेका थिए।

भाषण चित्तबुझ्दो नभएको भन्दै उनले खुकुरी प्रहार गरेको बयान प्रहरीसमक्ष दिएका छन्। 'कार्यक्रममा यादवले मन्तव्य राख्ने क्रममा ललिता निवास जग्गा प्रकरणमा मुछिएका नेकपा एकीकृत समाजवादी पार्टीका अध्यक्ष माधवकुमार नेपाललाई प्रधानमन्त्री बनाउने, नेपाली नागरिकलाई नक्कली भुटानी शरणार्थी बनाएर अमेरिका पठाउने बालकृष्ण खाण, टोपबहादुर रायमाझी समेत निर्दोष रहेको अभिव्यक्ति दिएकाले मलाई असहय भई रहेको थियो,' सापकोटाले बयानमा भनेका छन्।

कार्यक्रमस्थलबाट बाहिरिएपछि भने सहमहामन्त्री यादवको पछि लागेर टाउकोमा टाकेर दुई पटक खुकुरी प्रहार गरेको बताएका छन्। तेस्रो पटक प्रहार गर्दा भने उनलाई अरूले नियन्त्रणमा लिएको पनि उनले बताए।

खुकुरी प्रहारबाट सहमहामन्त्री यादव घाइते भएका थिए। उनलाई ट्रमा अस्पतालमा लगिएको थियो। यस प्रकरणमा प्रहरीले श्यामबहादुर सापकोटालाई पक्राउ गरी ज्यान मार्ने उद्योग कसुरमा अनुसन्धान अघि बढाएको थियो। अनुसन्धान सकेर सरकारी वकिल कार्यालयले आइतबार अदालतमा मुद्दा दर्ता गरेको थियो।

# मिथिलामा जितीया पर्वको तयारी

महोत्तरी । महोत्तरीसहित प्राचीन मिथिला क्षेत्रमा पितृपक्ष (सोन्हश्राद्ध) सुरु भएपछि सन्तान हुने मिथिलानी (मिथिलाका नारी) जितीया पर्वका लागि तयारीमा जुटेका छन्। यस वर्ष यो पर्व यही असोज १९ गते शुक्रबार परेको छ।

असोज कृष्ण अष्टमीका दिन निराहार उपवास गरिने जितीया पर्वका लागि पितृपक्ष सुरु हुनासाथै व्रतालु आमाहरू आफ्ना सन्तान सुयोग्य हुने कल्पनामा रोमाञ्चित हुने गर्छन्। केही वर्ष पहिलेसम्म यो पर्व छोराको कल्याणका लागि गर्ने गरिएकामा अहिले सबै सन्तानका लागि गरिने व्रतको भन्न थालिएको छ। अब 'पुत्रवती आमा' हैन 'सन्तानवती आमा' ले गर्ने व्रत भन्न थालिएको पर्वको तयारीमा रहेका नयाँ पुस्ताका मिथिलानी आमा बताउँछन्। पुत्रका लागि भनिनु पुत्रीप्रतिको विभेद भएको हुँदा यो छोरीप्रतिको उपेक्षा सच्याइँदै अब सन्तानका लागि भन्न लागिएको उनीहरूको भनाइ छ।

"यो सन्तानको कल्याणको कामनाका लागि गरिने व्रत हो, मेरा छोरा छैनन्, दुई छोरी छन्, म यिनकै लागि व्रतको तयारी गर्दैछु" भङ्गाहा-४ की रश्मी चौधरी थारु भन्नुहुन्छ। मिथिलामा रैथाने सबै जातजातिले यो पर्व मनाए पनि थारु बस्तीमा भने यो पर्वको विशेष चर्चा र तयारी देखिन्छ। थारु बस्तीमा जितीयाका लागि घर रङ्गरोगन र लितपपोत पितृपक्ष सुरु हुनासाथै गरिन्छ। घरैघर देखिने उक्त बस्तीमा घर सफा गरेर अन्य तयारीका लागि भएको व्यस्तताले यो पर्वका लागि केही दिन पहिलेदेखि रौनक छाउने गरेको हो।

केही वर्ष पहिलेसम्म छोराका लागि कठोर व्रत बस्दै आएका पुरानो पुस्ताका आमा पनि अब नयाँ पुस्ताका छोरी/बुहारीसँग सहमत हुँदै सन्तानका लागि भन्न थालेका छन्। "हँ, पहिने बेटाक लेल कहायत छल इ पावैन, मुदा आब हमसभ बेटाबेटी सबके लेल करैछी" बर्दिबास-९ पशुपतिनगरकी रासवती महतो बताउनुहुन्छ।

मेरा छोराछोरीले कसैको बिगार गर्दैनन्, भगवान्को आशिर्वादले उनीहरूले परोपकारी काममा मन लगाउनेछन् भन्ने भाव व्रतालु महिलामा भेटिन्छ। पछिल्ला केही दशकयता लैङ्गिक विभेदविरुद्ध घनिभूत आवाज उठ्दै आएपछि परम्परागत चाडपर्वमा लादिएका विभेदपूर्ण मान्यता सच्चिदै गएका भङ्गाहा-९ की सामाजिक कार्यकर्ता किरण यादव बताउनुहुन्छ।

पितृपक्षको अष्टमी तिथिको भोग रहने



पूर्वरातमा 'ओगटन' (दर) खाएर अष्टमी तिथिमा व्रत गरिन्छ। अष्टमी सकिएर नवमी लागेपछि एक घडी कटाएर व्रत समापन गरिन्छ। छोड्दो अष्टमीका दिन अहोरात्र व्रत बसिने यो पर्वको 'ओगटन' अष्टमी तिथि सुरु हुन एक घडी पूर्व नै खाइसक्नु पर्छ तर एक अहोरात्र पूरा व्रत बस्नुपर्ने हुँदा यसपालि बिहीबार मध्यरातपछि (राती १२ बजेसँगै ) व्रत सुरु गर्नुपर्ने सम्बद्ध पुरोहितको भनाइ छ। यो व्रत कहिलेकाँही ४० घण्टाभन्दा बढी भएको पाका मिथिलानी बताउँछन्। 'ओगटन' मा दहीचिउरा खाने चलनले अहिले मिथिला बस्तीमा जितीयाकै लागि शुद्ध दूधको जोहो गर्न थालेका छन्।

यो व्रत विधि कठिन भएकाले यसको चर्चा र तयारी केही दिन पहिले नै हुँदै आएको हो। यस पर्वमा निराहार व्रत सुरु गरिएपछि समापन नगरियुञ्जेल थुक निल्न, अञ्जानमै पनि किरा, फट्याङ्ग्रा मार्न र झारपात चुँड्न नहुने धार्मिक मान्यता छ। आउँदो शुक्रबार बिहान साढे नौ बजेअघि नै अष्टमी तिथि सुरु हुने हुँदा त्यसको 'ओगटन' (दर) मध्यरातअघि खाइसक्नु पर्ने हुन्छ। निराहार व्रत बस्ने महिलाले शनिबार बिहान साढे १० बजेअघि नवमी लागेपछि त्यसको एक घडि कटाएर व्रत समापन गर्नेछन्। यस हिसाबले यसपालि झण्डै ३५ घण्टाको व्रत बस्नुपर्ने देखिन्छ।

"सन्तानको दीर्घजीवन, सौर्यबृद्धि र कल्याणको कामना गर्दै आमाले बस्ने जितिया व्रतको प्रभावले नै सामाजिक इज्जत, प्रतिष्ठा र जाँगर बढ्ने जनविश्वास छ" धार्मिक कर्मकाण्डका ज्ञाता झा भन्नुहुन्छ, "कुनै मानिस लुरे, डरछेरुवा वा हुतिहारा देखिए यसका लागि आमाले जितिया व्रत गर्छिन् भन्ने टिप्पणी जोसुकैले गर्ने गर्छन्।" मिथिलामा व्रतबारे गरिने यस्ता टिप्पणीले नै यसको महत्ता बुझ्न सकिने उहाँ भनाइ छ।

पुत्रको कल्याण र सौर्य बृद्धिको कामना पूरा गराउन मिथिलानी यस पर्वमा दिवङ्गत पितृ रिझाउन तर्पण पनि गर्छन्। यस व्रतमा पुरुषहरूले पितृपक्षमा दिवङ्गत आफन्तलाई तर्पण दिएजस्तै आफूहरूले पनि दिवङ्गत आफन्त महिलालाई तर्पण दिने परम्परा रहेको भङ्गाहा नगरपालिका–६की रामवती चौधरी बताउनुहुन्छ।

यस पर्वमा सप्तमीका दिन बिहानै पवित्र जलाशयमा नुहाएर सूर्य देवतालाई तोरीको तेल र पिनाको अर्घ्य दिएर व्रतको सङ्कल्प गरिन्छ। व्रर्तालुले दिवङ्गत सासु, जेठानी, बुढीसासु, नन्द–आमाजु र तीन पुस्ता भित्रको नाता पर्ने महिलालाई तर्पण दिने चलनले यस पर्वलाई 'षोडष मातृका श्राद्ध' पनि भन्ने गरिएको छ। ती सबै दिवङ्गत आफन्तलाई तर्पण दिदै 'तिमी आफ्ना पौत्र (नाति), प्रपौत्र (पनाति) र उनका सन्तानको कल्याण गर, उनीहरूलाई दीर्घजीवनको आशिर्वाद मिलोस् भन्ने कामना गरिन्छ।

व्रत अवधिमा बर्तालुले राजा जितवाहनको कथा सुनेर आफ्ना पुत्र उनीजस्तै परोपकारी र साहसी होउन् भन्ने कामना गर्छन्। अघि द्वापरयुगमा एक विधवा ब्राह्मणीको पुकारमा उनका पाँच मृत छोरालाई राजा जितवाहन (देवरुप) ले आफ्नो आर्जित तपशक्तिबाट बचाइदिएको पौराणिक कथाको आधारमा यो कठोर व्रत बस्ने परम्परा बसेको पाका मैथिल बताउँछन्।

राजा जितवाहन र जितीया पर्वको चर्चा भविष्यपुराणमा उल्लेख भएकाले यसको थालनी द्वापरयुगमै सुरु भएको हुनसक्ने मटिहानीस्थित याज्ञवल्क्य लक्ष्मीनारायण संस्कृत क्याम्पसका उपप्राध्यापक मनोज झाको भनाइ छ। रासस

# नियमित पढाइको माग गर्दा विद्यार्थी थुनामा

पर्सा । नियमित कक्षा सञ्चालनको माग गरेपछि यहाँ विद्यार्थी नै थुनामा परेको घटना बाहिर आएको छ। वीरगञ्ज महानगरपालिका-२४ बहुवरीमा सञ्चालित शारदा माध्यमिक विद्यालयको पशु विज्ञान र कृषि सङ्कायको कक्षा सञ्चालन गर्न माग गरेपछि विद्यार्थीलाई सोही विद्यालयका शिक्षकहरूले थुनेर राखेको घटना सार्वजनिक भएको हो।

पठनपाठन नियमित सञ्चालन गर्न माग गरेपछि विद्यालय प्रशासनले आफूहरूलाई कुटपिट गर्नाका साथै घन्टौं थुनेर राखेको विद्यार्थीहरूले आरोप लगाएका छन्।

दैनिक सात कक्षा पढाइ हुनुपर्नेमा एक कक्षासमेत पढाइ नभएको जानकारी महानगरपालिकाको शिक्षा महाशाखामा गराउँदा समेत कुनै सुनुवाइ नभएको विद्यार्थीहरूले गुनासो गरेका छन्। विद्यालय प्रशासनले आफूहरूबाट सबै शुल्क असुल गरे पनि अहिलेसम्म पूरै किताबसमेत उपलब्ध नगराएका कारण दोस्रो वर्षको पहिलो सेमेस्टर परिक्षामा ११ मध्ये एकजना मात्र उत्तीर्ण भएको विद्यार्थीहरू बताउँछन्। प्राविधिक शिक्षाको कक्षा नियमित सञ्चालन नभएको विषयमा विद्यालय प्रशासनसँग बुझ्दा विद्यालयका प्रअ बिदामा रहेकाले प्रविधिक कक्षाबारे उहाँले नै जानकारी दिने जनाएको छ।

महानगरपालिकाको शिक्षा महाशाखा प्रमुख अरविन्दलाल कर्णले विद्यालयमा अध्यापन गराउने शिक्षकले तलब नपाएका कारण पढाइ नभएको जानकारी दिनुभयो। उहाँले शिक्षकको सबै तलब समयमै पठाएको विद्यलायको प्रतिवेदनबाट देखिएपछि सो घटनाको छानबिन सुरु गरिएको बताउनुभयो। रासस

# घूस लिएको अभियोगमा मुद्दा दायर

काठमाण्डु । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले घूस लिएको अभियोगमा नेपाल विद्युत् प्राधिकरण इनरुवा वितरण केन्द्रका कार्यरत फोरमेन विर्जुकुमार महतोविरुद्ध मंगलबार विशेष अदालतमा मुद्दा दायर गरेको छ।

आयोगका प्रवक्ता भोला दाहालका अनुसार एक उद्योगमा विद्युत्को क्षमतामा वृद्धि गरिदिएबापत महतोलाई सेवाग्राहीसँग रु २५ हजार घूस माग गरिरहेको अवस्थामा गत भदौ १९ गते पक्राउ गरिएको थियो। आयोगका अनुसार आरोपी महतोलाई बिगोबमोजिम कारबाहीको माग गरिएको छ। रासस

# विजयादशमीको उत्तम साइत कात्तिक ७ गते बिहान ११:०२ बजे

काठमाण्डु। नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिले यस वर्षको दसैंको साइत सार्वजनिक गरेको छ। जसअनुसार विजयादशमीको उत्तम साइत कात्तिक ७ गते बिहान ११:०२ बजे रहेको छ।

यस वर्षको बडादसैं अर्थात् दुर्गा पक्षको सुरुआत भने असोज २८ गते आइतबार हुनेछ। जसलाई नवरात्रारम्भ पनि भनिन्छ। त्यस दिन बिहान ११:२९ बजे घटस्थापना गर्ने साइत रहेको समितिका कार्यकारी निर्देशक सूर्यप्रसाद ढुङ्गेलले रासससलाई जानकारी दिनुभयो।

घटस्थापनाका दिन चित्रा नक्षत्र र वैधृति योग परेकाले दुवैको शान्ति गरेर घटस्थापना गर्नु शास्त्रसम्मत् हुने पनि उहाँले बताउनुभयो। कात्तिक ७ गते विजयादशमीका दिन बिहान १०:३७ बजे देवी विसर्जनको साइत रहेको छ। देवी विसर्जन सकेपछि दुर्गाको प्रसाद ग्रहण गर्न दिनभर कुनै बाधा नभए पनि साइत खोज्नेका लागि बिहान ११:०२ बजेको साइत दिइएको समितिले जनाएको छ।

गत साउन महिनामा अधिकमास परेका कारण यस वर्ष असोज अन्तिमदेखि नेपालीको महान् पर्व बडादसैं सुरु हुँदैछ। कात्तिक पहिलो साता बडादसैंको मुख्य दिनअर्थात् विजयादशमी परेको छ। कात्तिक ११ गते कोजाग्रत पूर्णिमा मनाएपछि १५ दिन लामो बडादसैं पर्व समाप्त हुन्छ। रासस

# निर्वाचन प्रणाली तथा व्यवस्थापन प्रकृयामा आधारभूत सुधारको खाँचोः डा उप्रेती

काठमाण्डु । निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष र मितव्ययी तुल्याउन निर्वाचन प्रणाली तथा व्यवस्थापन प्रकृयामा आधारभूत सुधारको खाँचो औल्याइएको छ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमार्फत निर्वाचन आयोगले गरेको अनुरोधमा नीति अनुसन्धान प्रतिष्ठानले नेपाल ल क्याम्पससँगको सहकार्यमा गरेको अध्ययनमा हालको निर्वाचन प्रकृया र प्रणाली दुवैमा थप सुधार अतिआवश्यक रहेको सुझाव दिइएको छ।

राष्ट्रियसभा, राष्ट्रिय सारोकार तथा समन्वय समितिको मंगलबारको बैठकमा विज्ञकारूपमा प्रतिष्ठानका पूर्वकार्यकारी अध्यक्ष डा विष्णुराज उप्रेतीले हालको निर्वाचन प्रणालीको प्रभावकारीता र निर्वाचन व्यवस्थापन एवं सञ्चालनलाई स्वतन्त्र, निष्पक्ष र मितव्ययी बनाउन अत्यन्त जरुरी देखिएको बताउनुभयो।

उहाँले भन्नुभयो, "हालको प्रणालीभित्रै ऐन र नीतिमा गरिमार्जन गरेर वा राजनीतिक सहकार्य, व्यापक राष्ट्रिय बहस र राजनीतिक सहमतिका आधारमा संविधान सशोधनबाट गर्न उपयुक्त हुन्छ।"

प्रतिष्ठानले निर्वाचनलाई स्वच्छ तुल्याउन निरन्तर मतदाता नामावली सङ्कलन र अध्यावधिक गरिनुपर्ने, मतदातास्थल र केन्द्रलाई अशक्त तथा अपाङ्गता मैत्रीसँगै उपयुक्त स्थान छनोटका साथै पिउने पानी, प्रारम्भिक उपचार र शौचालयको व्यवस्था अनिवार्य गर्न सुझाव दिएको छ।

मतदाता शिक्षालाई स्थानीय तह, राजनीतिक दल तथा विभिन्न संघसस्थामार्फत नागरिक शिक्षाकारूपमा निरन्तर सञ्चालन तथा पठ्यक्रममा समावेश गरी विद्यालय तहदेखि विद्यार्थीलाई सूसूचित गर्न आवश्यक देखिएको अध्ययन साराशंमा उल्लेख छ।

मतदाता शिक्षालाई स्थानीय भाषमा श्रव्यदृश्य सामग्री र विद्युतीय माध्यमबाट मतदाता समक्ष पुऱ्याउने तथा दलको साधारण सदस्यता वितरण प्रकृयालाई सहज बनाई सदस्यले मतदान प्रकृक्रियामार्फत प्रत्यक्ष र समानुपातिक उम्मेदवार छनौट गर्ने कानूनी व्यवस्था गर्न पर्ने सुझाइएको छ।


अध्ययन प्रतिवेदनमा उम्मेदवार छनौट, निर्वाचन खर्च, आचारसंहिताको पालना, विवाद समाधान एवं न्यायिक निरुपण, आयोगका सशक्तीकरण, विदेशमा बस्ने व्यक्तिको मतदान अधिकार, हालको मिश्रित निर्वाचन प्रणालीमा प्रणालीगत सुधार तथा राजनीतिक स्थायित्वका लागि प्रत्यक्ष निर्वाचित कार्यकारीलगायतका विषयमा सुझाव दिइएको छ।

मन्त्रिमण्डल गठन गरिदा संसदबाहिर र विशेषज्ञता हासिल गरेको व्यक्तिबाट गरिनुपर्ने तथा निर्वाचित सांसदलाई विधायिकी काममा सीमित तुल्याउन आवश्यक देखिएको प्रतिवेदनमा उल्लेख छ।

प्रतिष्ठाले विभिन्न स्थानमा पुगेर सुझाव लिने क्रममा आमजनताले स्थानीयतहको निर्वाचन निर्दलीय प्रकृतिको हुनपर्ने तथा हालको दुई सय ७५ रहेको प्रतिनिधिसभा सदस्यको सङ्ख्या घटाउन टड्कारोरूपमा आवाज उठेको विषय पूर्वअध्यक्ष उप्रेतीले समिति समक्ष प्रस्तुत गर्नुभयो।

सभापति दिलकुमारी रावलको अध्यक्षतामा बसेको बैठकमा सदस्यहरूले योगदान र सङ्घर्ष गरी सांसद बनेकालाई मन्त्रिपरिषदमा लैजानु हुन्न भन्ने भनाइसँग सहमत हुन नसकिने तर्क गर्दै हालको निर्वाचन प्रणाली खर्चिलो भएकाले सुधारको खाँचो रहेको बताउनुभयो।

निर्वाचन प्रणाली खर्चिलो भएकै कारण भ्राष्टिकरण, इमान्दार तथा निष्ठाको राजनीति गर्ने पलायन भएको घटना सुनाउँदै सदस्यहरूले निर्वाचन प्रणाली र सदस्य सङ्ख्या घटाउन आवश्यक रहेको सुझाव दिनुभयो। रासस



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।**
**जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# अनुगमन तीव्र बनाउ

कोभिड-१९ महामारीपछि प्रभावित बनेको हाम्रो अर्थतन्त्र उठ्नै नसक्ने अवस्थामा पुगेको छ। आर्थिक वृद्धिदर दुई प्रतिशतमा पनि टिक्न नसकेर ओरालो लागेको छ भने सर्वसाधारणको भान्सा झन् झन् महँगिदै गएको छ । उपभोगमा आधारित हाम्रो अर्थतन्त्रलाई चलायमान गराउन दसैं-तिहार-छठ जस्ता चाडपर्व महत्वपूर्ण छन् । मुलुकको कुल गार्हस्थ उपभोगको एक तिहाई यिनै पर्वमा उपभोग हुन्छ, बाँकी दुई तिहाई वर्षभरमा । तर, आर्थिक मन्दीले रोजगारी, आयआर्जनका अवसर बन्द हुँदा दैनिक ज्यालादारी गर्ने न्यून र निम्न-मध्यम आय हुनेहरू नराम्ररी प्रभावित बनेका छन् । गरिबी बढेको छ । यस्तोमा कमभन्दा कम खर्चमा दसैं मनाउनुपर्ने बाध्यता आइलागेको छ। गरिबलाई कसरी चाडपर्व टारौं भन्ने भइरहेका बेला केहीले भने यिनै चाडपर्वलाई कमाउने अवसरको रूपमा लिने गरेका छन् । यसैले उनीहरूले चाडपर्वलाई कमाउ धन्दाका रूपमा लिएर ठगी गर्ने, कमसल र गुणस्तरहीन सरसामान, खाद्यवस्तुको बिक्री गर्ने गरेका छन् । दसैंमा सरकारले स्थापना गर्ने सहुलियत मूल्यका पसल पनि बजारका लागि हस्तक्षेपकारी भन्दा पनि देखावटी र सरकारी हाकिम, मन्त्री कहाँ बन्दोबस्ती गर्ने माध्यम मात्र भएका छन् । बजारको अनुगमन, गुनासो सुनुवाइ प्रणाली र दण्डको प्रभावकारी व्यवस्थाको अभावमा बजारले सर्वसाधारण माथि ठगी गरिरहन्छ । सरकार मात्र होइन अहिलेको समयमा व्यापारीहरूले सदासयता राख्नुपर्ने अवस्था छ । यसका लागि चेम्बर अफ कमर्ससंगै थोक तथा खुद्रा बिक्रेताले पनि अगुवाइ गर्न सक्छन् । तर, गर्दैनन् किनकि सर्वसाधारणको यहाँ कसैलाई मतलब नै छैन । उल्टै सरकारले ठगी गर्ने र कमसल मालवस्तु बेच्नेलाई कारबाही गर्दा विज्ञप्ति जारी गरी त्यसको विरोध गर्छन्, तर बजार मर्यादित बनाउन अपिल र पहल दुबै गर्दैनन् । चाडपर्वमा जनतालाई सरकारको भर हुनपर्ने हो । तर, यो समयमा सरकारी कर्मचारी झन् डरलाग्दा हुन्छन् । यो अवसर उनीहरूका लागि उल्टै कमाउने अवसर बन्छ । बजार अनुगमनको नाममा उल्टै असुली धन्दा चलाउँछन् । खाद्य सामग्री बाहेक चाडपर्वको समयमा एक ठाउँबाट अर्को ठाउँमा जाने यात्रुले पनि उत्तिकै पीडा खप्नुपर्छ । खासगरी यतिबेला काठमाडौंबाट बाहिरिनेको ताँती ठूलो हुन्छ । तर, यही समयमा यातायात व्यवसायीले मनलाग्दो हिसाबले भाडा बढाउने र गुन्द्रुक कोचेझैं मान्छे कोचेर सर्वसाधारणको जीवन जोखिममा पार्छन् । यही समयमा हुने सडक दुर्घटनाले मात्र पनि सयौंको ज्यान लिने गरेको छ । दसैंलाई दशाजस्तो बनाउने र गरिबलाई ऋण बोकाउने पर्व बनाउनु हुन्न । 'आयो दसैं ढोल बजाई, गयो दसैं ऋण बोकाइ' भन्ने नियति नेपालीहरूमाझ आज पर्यन्त कायम छ । यो नियति बदल्न सबै क्षेत्रको सार्थक पहल होस्, बजारमा सुशासन कायम होस्

# आडम्बर, अन्धविश्वास र हुल्लडबाजले थिचिदै मधेश



परशुराम यादव

मधेशमा अधिकारका कैयन अन्दोलन अन्दोलन भए र मधेशी नागरिकले आशिंक रूपमा भए पनि केही उपलव्धी प्राप्त गरेका छन् । सानो भएपनि मधेश प्रदेश पाएका छन् । नागरिकताको सवाल पनि केही हदसम्म हल हुँदैछन् । समानुपातीक र समाबेशी सिद्धान्त पश्चात शासन सत्तामा भागेदारीको विषय पनि प्रगति पथमै गएको देखिन्छ । मधेशका नेताहरु पूर्ण निर्णायक तहमा नपुगे पनि महत्वपूर्ण स्थानमा पुगेका छन् । तर मधेशमा सामाजिक विकृति, विसंगति, आडम्बर र अन्धविश्वास बढेकै बढेछन् । संसद, सदन र राजनीतिक दलका नेताहरु सामाजिक समस्या खासगरि धार्मिक समस्याप्रति मौन बसेका छन् । भारतमा हिन्दू कट्टरपंन्थी पार्टी, भारतीय जनता पार्टी सत्तामा आएदेखि धार्मिक अतिबाद बढेको छ ।

त्यसमा पनि भारतको उत्तर प्रदेशमा भगवाधारी आदित्यनाथको सत्तामा आगमसँगै हिन्दुत्वको प्रभाव मधेशमा जवरजस्त रूपमा बढेको देखिन्छन । सिमावर्ती क्षेत्रको घटनाले नेपालको मधेश वा भारतको उत्तरप्रदेश र बिहारको निर्वाचनमा निकै प्रभाव पर्ने गरेका छन् । निर्वाचनको समयमा संसारको जहाँपनि तमाम तिकडम लगाइ निर्वाचन आफनो पक्षमा पर्ने प्रयास गरिन्छ जसमा भारत र नेपाल अरुभन्दा अगाडि नै हुन्छन । नेपालको हरेक क्षेत्रको सवालमा भारतको प्रत्यक्ष अप्रत्यक्ष रुपमा जवरजस्त प्रभाव पर्ने कुरालाइ कसैले पनि इन्कार गर्न सक्दैन । आउँदो बर्ष  भरतमा लोकसभाको निर्वाचन छ त्यस कारण मधेशमा यस्ता किसिमका घटना परिघटना हुन्छन् । त्यसमा सवै जना चनाखो हुन जरुरी छ । सिरक बालेर आगो बनाइ न्यानो हुने प्रबृति नत्यागेसम्म घटना बारम्बार दोहोरिन्छन ।

धर्मनिर्पेक्षता स्वीकार गरेका दलहरु मौन रहनु र संबिधान सभाको निर्वाचनमा प्रत्यक्षमा एक शिट पनि नजितेको राष्ट्रिय प्रजातन्त्र पार्टी धार्मिक कट्टरता मार्फत धर्म निर्पेक्षताको सवालमा बारम्बार भावना भडकाउने काम गरेर आगोमा घिउ थप्ने काम गरेको छ । समाजले ताली लगाउनु र सरकार मौन बस्नु आफैमा एउटा रहस्य नै हो । नेपाली कांग्रेसका नेता एवं उद्योगपति बिनोद चौधरी बिबादित धर्मगुरु धिरेन्द्र शास्त्रीलाई आमन्त्रित गरि हनुमान कथा गराउनु तिनैलाई नेपालको गृहमन्त्री नारायण काजी श्रेष्ठ होटलमा भेटनु आदि इत्यादि पनि रहस्यम नै छन् । रामकथा बाचक मुरारी बापू छ महिनामा दुइदुइ पटक नेपालमा कथा बाचन गर्न नेपाल आउनु र त्यसमा पनि ठाउँ लुम्बिनीलाइ नै छान्नु पनि रहस्य हो । अव प्रश्न उठन सक्छन बहुसंख्यक हिन्दू राष्ट्रमा हिन्दू गुरु आउनै नहुनु हो र ? के अब हिन्दूहरुले राम र हनुमान कथा सुन्न अनुमति लिनु पर्ने ? बहुसंख्यकको धर्म गुरु आउँदा अल्पसंख्यकहरुले बहुसंख्यकमाथि औंला ठड्याउन हिम्मत कसरी गरे ? हिन्दू समाजको हरेक गतिविधिमा खुलेआम विरोध किन ? हिन्दूकै बौद्धिक बर्ग इसाइहरुसँग पैसा लिएर बिकेको हो ? डलर नपाए आफनो धर्म संस्कृतिको कसैले किन बिरोध गर्ला त ? बिगत केही बर्षयता हिन्दू धर्म खतरामा परेको रोइलो गर्दै यी र यस्ता तर्कसँगै समाजिक संजालमा गालि गलौज गर्ने हरकतमा उत्रेका छन् कट्टरपन्थीहरु। अरुको जहिले पनि खेदो खन्ने हामी सनातनी भन्ने हिन्दूहरुले कहिले पनि छातीमा हात राखेर आफनो समिक्षा गर्न जानेनौं । आफनो अन्तरअत्माको अवाजलाइ सुन्न र मनन गर्न कहिलै प्रयास गरिएन । देशमा अस्सी प्रतिशत हिन्दू रहेकाको धर्म खतरामा छ भन्यो भने दुईचार प्रतिशत हुने धर्मका अनुयायीहरुले के सोच्लन ?  कुनै पनि धर्म संस्कृति अरुधर्मको कारणले खतरामा पर्दैन् बरु आफ्नै धर्मको कारणले खतरमा पर्न सक्छ। आन्तरिक बिभेद, दलन, उत्पिडन, अन्धबिश्वास, पाखण्डको कारणले आफ्नै धर्मका अनुयायीको चौतर्फी रूपमा आकर्मण भइरहेका छन् ।

> ***भारतको उत्तर प्रदेशमा भगवाधारी आदित्यनाथको सत्तामा आगमसँगै हिन्दुत्वको प्रभाव मधेशमा जवरजस्त रूपमा बढेको देखिन्छन । सिमावर्ती क्षेत्रको घटनाले नेपालको मधेश वा भारतको उत्तरप्रदेश र बिहारको निर्वाचनमा निकै प्रभाव पर्ने गरेका छन् । निर्वाचनको समयमा संसारको जहाँपनि तमाम तिकडम लगाइ निर्वाचन आफनो पक्षमा पर्ने प्रयास गरिन्छ जसमा भारत र नेपाल अरुभन्दा अगाडि नै हुन्छन । नेपालको हरेक क्षेत्रको सवालमा भारतको प्रत्यक्ष अप्रत्यक्ष रुपमा जवरजस्त प्रभाव पर्ने कुरालाइ कसैले पनि इन्कार गर्न सक्दैन । आउँदो बर्ष  भरतमा लोकसभाको निर्वाचन छ त्यस कारण मधेशमा यस्ता किसिमका घटना परिघटना हुन्छन् । त्यसमा सवै जना चनाखो हुन जरुरी छ । सिरक बालेर आगो बनाइ न्यानो हुने प्रबृति नत्यागेसम्म घटना बारम्बार दोहोरिन्छन ।***

धर्मका अनुयायीहरु विभिन्न पन्थ खडागरि सुधारका कार्यक्रम संचालन गरिनै रहेका छन यद्पि तिनमा केहि सुधार हुन जरुरी देखिन्छ । हिन्दू धर्मभित्र रहेका कमि कमजोरीमाथि आजमात्रै प्रश्न उठन थालेको होइन । चरवाक, कवीरदास, प्रेरियार स्वामी, ओशो रजनीश, जय गुरुदेव जस्ता समाज सुधारक अध्यत्मिक गुरुहरुले धेरै पहिलेदेखि आन्तरिक सुधारका सम्बन्धमा आवज उठाउँदै आएका हुन् । तर सुधार गर्नु कहाँ हो कहाँ उनीहरुलाई दानवीकरण गर्ने प्रयास गरिए । अदृष्य शक्तिलाई समेत परमात्मा मान्न तयार नहुने एक्कइसौं शताब्दी चलिरहेको छ जब कि हामीकहाँ अमुक जाती, पेशा वा बस्तुलाई भगवान मानेर महिमा मन्डन गर्नु गर्नु परिरहेको छ । शिक्षा, बेरोजगारी, अचेतना र गरीबी नै अन्धबिश्वासको उर्वरभूमि मानिन्छ जुन हामीकहाँ प्रसस्तमात्रामा पाइन्छ । लगभग सवै जसो अन्धबिश्वास कुनै न कुनै धर्मसँग जोडिएका हुन्छन् । धर्मले बनाएको मिथ्कसँग जोडेर अभ्यास गरिने गरिएका छन । मिथ्यककै कारणले मानिसहरु कर्मभन्दा धर्ममा बढी बिश्वास गर्ने गरेका छन । आम हिन्दू समुदाय बिशेष गरि गरीब र अचेत समुदाय आज हाम्रा देबी देवताको भारबाट थिचिदै छन् । प्रत्येक हिन्दूको घरमा आफ्न पितृ हुन्छन् । बर्षमा पन्ध्रा दिन पितृपक्ष हुन्छ त्यसमा हरेक दिन पूजापाठ गर्नुपर्ने र एकदिन श्रद्ध गरेर ब्रम्हणलाइ दान दक्षिणा सहित भोजन गराउनु पर्ने हुन्छ । त्यसबाहेक मधेशका हरेक महिलाको टाउकोमाथि फूलमति अनिवार्य हुन्छ । धर्मले बनाएको आदर्शको बरखिलाफमा महिलाबाट कुनै काम भएमा दण्डित गर्ने काम फूलमतिको हुने गर्छ । देउता रिसाउदा तिनलाइ मनाउन पंण्डित, मौलना, शोखा ओझा मार्फत पूजापाठ गराउनु पर्ने हुन्छ । पूजापाठमा मिन्ति मादरव गर्न गराउन मिडिएटर नभइहुदैन । मिडिएटरहरु आफूलाइ मन पर्ने मास मदिरा, कपडा, गहना, नगदी जिन्सी फलफूल फरमान गर्छन जसको खर्च एउटा दिर्घरोगीभन्दा कम हुदैन ।  अच्चमको कुरा त के छ भने देउता हुन वा भूत सवैलाइ मनाउन सक्ने वा काबुमा ल्याउन सकिने शक्ति ति पाखण्डीहरुसँग मात्र रहेको देखिन्छन् । मधेशको हरेक गाउँमा शोखा, माता जी, बडकी माईको नाममा बिजेनश नै खुलेका छन् । जहाँ रुघाखोकी, जण्डिसदेखि क्यान्सरसम्मको उपचार गर्न पनि पछि पर्दैनन् । साधुसन्त, प्रोहित पुजारी,मौलवी मुल्लाको झारफूक, दुवा तविजको कुनै गणना नै गर्न सकिने अवस्था छैन् । लैङ्गिक विभेद खपि नसक्नु छ । हरेक दिन पत्रपत्रिकामा दइजोको निहुमा महिलाहरु प्रताणित भइरहेको घटना छ्यपछ्यापी पढन पाइन्छ । परिवार, समाज, शिक्षालय, सार्वजनीक स्थालमा महिलामाथि हुने बिभेद र यौंनजन्य उत्पिडनको घटनालाई समाजले समान्य रूपमा लिने गरिएका छन । तर यी र यस्ता मुद्दा न राजनीतिक दलको घोषणापत्रमा पर्छन् न सरकारको नीति तथा कार्यक्रममा पर्न सकेका हुन्छन् । मधेशमा नेता, समाजिक अभियन्त, बुद्धिजीविहरु त्रासमा बाँचेका छन् । नेतालाई, अगामी निर्वाचनको त्रास, बुद्धिजीविलाई ज्यान जोगाउने त्रास, अभियन्ताहरुलाई ज्यान र इज्जत बचाउने चिन्ता रहेको छ । मधेशमा हिन्दूहरुको दशैं, तिहार, र कृष्ण जन्म अष्टमी जस्ता चाडपर्वमा मूर्ति बनाइन्छ र बिसर्जनको समयमा भिडभाडको औसर पारि अक्सर विवाद हुने गरेका छन् । जसमा केही मुस्लिम समुदायका अल्लारे युवाहरु समातिन्छन । प्रिमाइन्डसेटका कारण भिडले त्यसको दोष पुरै मुस्लिम समुदायमाथि थुपार्ने गरेका हुन्छन । संघर्ष चर्किन्छन् एक समुदाय अर्को समुदायको जन्मजात शत्रु बन्छ । यसको मतलमा ती हुल्लडवाज युवा ठीक गरे भनेको होइन् ।

एउटा समुदाय अर्को समुदायको धार्मिक कार्यक्रममा हुलहुज्जत गर्नु अपराध हो । तिनलाइ कानूनको दायरामा ल्याउनै पर्छ । तर कुनै धर्मको एकदुइ जना फटहाको कुकर्मको कारणले पुरै समुदायलाइ दोषी ठहराउनु महाअपराध हो । आफनो धर्मको प्रचारप्रसार गर्ने, राम्रा सन्देश सम्प्रेसण गर्ने सवैको अधिकार छ । गर्न पाउनु पर्छ र पाइ पनि रहेका छन् । धरान र मलङ्वा नेपालगंजको घटनावाट पाठ सिक्नु पर्दछ । ठाउँ ठाउँमा कृष्टियन धर्म मान्नेमाथि पनि दुर्व्यवहारका घटना समाजिक संजालमा पढन पाइन्छ । जात र धर्मको नशा पहाडभन्दा मधेशमा धेरै लाग्ने गरेका छन् । निर्वाचनको समयमा मधेशमा जात र धर्मको फ्याक्टरले धेरै असर पार्ने भएकोले आअफ्नो फाइदालाई मध्यनजर गेरेरमात्र बोलिने गरियो छ । जातिय अल्पमत होस् वा धार्मिक अल्पमत यसको पक्षमा बोल्न राजनीतिकर्मीहरु अतिनै डराउछन । मधेशमा जातीय अल्पमतमा हुनेले धर्मलाई हतियार बनाउछ भने जातीय संख्या बढी हुनेहरु धर्ममा चुपचाप भएर जातीय राजनीतिलाइ प्राथमिकतामा राखेको देखिन्छ ।

अहिलेको मधेश राजनीतिक दलको जात र धर्मबीचको लुकामारी तथा युवाहरुको हुल्लडबाजले थिचिदै छ । मधेशका निम्नबर्गिय समुदाय र युवाहरुको बुद्धि धार्म र अन्धबिश्वासको आगोले भुटिदै छ ।  मधेश दिन प्रतिदिन संकटग्रत हुदै गएकोले, अधिकारको लडाइलाइ स्थन गरेर भएपनि, निर्वचान हारेर भएपनि, चोर चाटुकारको गाली खाएर भएपनि, हुल्लडबाजको धम्की सहेर भएपनि पाखण्डीहरुको श्राप सहेर भएपनि समाजिक अन्दोलन गर्न गराउन जरुरी छ ।

# विधागत पत्रकारिता विकासको जग



विनोद ढुङ्गेल

समाजका घटना र जानकारीको तथ्यपूर्ण प्रस्तुतिका आधारमा समाजको ऐनाका रुपमा पत्रकारिताले काम गर्छ । यसका लागि लुकेका वा लुकाउन खोजिएका सार्वजनिक महत्वका सूचनाहरू प्रस्तुत गर्छ । त्यस्ता सूचना तथ्यपूर्ण, सन्तुलित र विश्वसनीय हुनु पूर्वशर्त हो र त्यस्ता सूचना मात्र सम्प्रेषण गर्नु पत्रकारिताको धर्म हो । समाजमा त्यस्ता सूचनाको शक्तिलाई स्वीकार र सहन नगर्ने संस्कृति पनि नभएको होइन । त्यही संस्कृतिको परिणामका रूपमा कतिपय अवस्थामा पत्रकार तथा सञ्चारमाध्यममाथि भौतिक तथा मानसिक आक्रमण हुने गरेको पाइन्छ । एक महिनाभित्रै करिव एक दर्जनसम्म आक्रमणका घटना त्यस्तै अपसंस्कृतिका परिचायक हुन् ।

पत्रकारिताले मानव जीवन र जगतका विषयवस्तुलाई समाचार वा विचारका रुपमा समेट्छ, समेट्नुपर्छ । मानवीय चासोभन्दा बाहिर मिडिया छैन, जाँदैन । तर, मानिसको चासोको सीमा असीमित छ । चराचर जगतमा मात्र पनि हैन; समग्र पृथ्वी, ब्रम्हाण्ड र अनन्तसम्मै मानवीय चासो छ । जिज्ञासु मानिसको चासोका दायरा कसैले तोक्न पनि सक्दैन, सीमित परिधिभित्र कसैले रोक्न पनि सक्दैन । मानवीय उत्सुकताको जगमा टिकेको ज्ञानको खोजीसँगै पत्रकारिताको परिधि फैलँदो छ । त्यही जिज्ञासालाई समेट्ने नाममा तथ्यमा नपुगी वा तथ्यलाई तोडमोड गरी वा अर्ध-तथ्य प्रस्तुत गरी सनसनीपूर्ण सामग्री बनाउने र पस्किने काम पनि हुने गरेका छन् । सम्बेदनशील हुनुपर्ने माध्यम नै सनसनीपूर्ण भइदिएपछि परिणाम सधैं सुखद हुन पनि सक्दैन । त्यस्ता कारणले पनि असहिष्णु मनहरूलाई थप उकासिदिन्छ । अनि, मिडियाकर्मी वा मिडियामाथि भौतिक आक्रमणसमेत भइदिन्छ । जबकि, नितान्त गलत सूचना नै सम्प्रेषण भए पनि त्यसको कानूनी उपचार खोज्ने विधि र प्रक्रिया छ ।

मानवीय अनन्त चासो र जिज्ञासालाई शान्त पार्न एउटा पत्रकारले कतिसम्म सक्ने भन्ने कुराको कुनै ठोस जवाफ छैन । जीवन, जगत र त्यसभन्दा पनि टाढाका सबै विषयलाई एउटै पत्रकारले बुझ्न र बुझाउन सक्दा पनि सक्दैन । तसर्थ विभिन्न विधामा केन्द्रित भएर अध्ययन गर्ने र त्यसमा दक्षता हासिल गरेर समाचार संकलन गर्ने पत्रकारिताको अभ्यासको विकास भएको हो ।

जिज्ञासुका चाहनाहरूलाई सकेसम्म समेट्नका लागि नै मिडियाले पत्रकारहरूलाई विभिन्न विधाको कार्यक्षेत्र तोकेर समाचार संकलन, प्रशोधन र सम्प्रेषण गर्ने गरेका हुन् । यही अभ्यास नै विधागत पत्रकारिता हो । त्यस्ता विधामा काम गर्नका लागि थुप्रै पत्रकार कस्सिएर लागेका पनि छन् । भलै तीमध्ये कतिपयको कार्यशैली, कार्यदक्षता, आचरण र अभ्यासका मामिलामा अनेक प्रश्न उठेका छन् । ती प्रश्नको उत्तर पनि अन्ततः तिनै पत्रकारहरूसँग नै छ ।

पत्रकारिताको थालनीको युगमा समग्र विषयमा एउटै पत्रकारले कलम चलाउँथे । समयको विकाससँगै विधागत पत्रकारिताको अवधारणा पनि विकसित हुँदै आयो । पत्रकारिताको लामो इतिहास भएका मुलुकमा विधागत रिपोर्टिङको चलन पनि विकसित नै छ । बिबिसी, सिएनएनजस्ता मिडियामा वातावरण रिपोर्टिङ गर्ने वातावरणविद्, स्वास्थ्य/जनस्वास्थ्यको लागि चिकित्सक, जलवायु परिवर्तनको रिपोर्टिङ गर्ने विशेषज्ञ आदि देखिएका छन् । खेलाडीहरू खेल पत्रकार भएको उदाहरण त नेपालमै पनि छ । विधागत रिपोर्टिङ वास्तविक अर्थमा आधुनिक पत्रकारिताको शुरुवात हो । सिङ्गो पत्रकारिताकै दक्षता अभिवृद्धि गर्ने उद्देश्यले १९ औं शताब्दीको अन्त्यतिर संयुक्त राज्य अमेरिकामा बीट रिपोर्टिङ थालनी भएको पाइन्छ । मेलानी म्यागिन र पिटर मौररले 'अक्सफोर्ड रिसर्च इन्साइक्लोपेडिया अफ कम्युनिकेशन'मा उल्लेख गरेअनुसार विधागत पत्रकारिता र समाचार संकलन पत्रकारिताको व्यावसायिकता र तर्कसंगतताका साथै मिडियालाई सामूहिक उत्पादनमा रूपान्तरण गर्ने विषयसँग सम्बन्धित छ ।

अहिलको चलनचल्तीको भाषामा मूलप्रवाह भनिने मिसमास पत्रकारिताको हालिमुहाली देखिए पनि नेपालमा चाहिँ पत्रकारिताको थालनी नै विधागत पत्रकारिताबाट भएको हो । करीब तीन दशकअघि २०५१ सालमा छापा पत्रकारिता सिकाउनकै लागि 'पत्रकारिता हाते किताब' को आवश्यकता महसूस गरेको नेपाली पत्रकारिता आज विधागत अभ्यासमा अघि बढिरहेको छ । जबकि पृथ्वीनारायण शाहले नेपाल एकीकरण गरेको करीब १३० वर्षपछि रोपिएको पत्रकारिताको बीउ नै विधागत थियो, त्यो साहित्यिक विधा थियो ।

अहिलेभन्दा ठीक २५५ वर्षअघि पृथ्वीनारायण शाहले कान्तिपुर राज्यमाथि विजय हासिल गरेको १८२५ असोज १३ गतेदेखि १९५५ साल साउनमा 'सुधासागर' प्रकाशित हुँदासम्मको अवधि गणनाका आधारमा १३० वर्ष भनिएको हो । १९४३ सालमा वनारसबाट नेपाली भाषाको पहिलो पत्रिका 'गोरखा भारत जीवन' निकालेको सात वर्षपछि मोतिराम भट्ट नै नेपाल फर्किएर पं. कृष्णदेव पाण्डेसँग मिली प्रेस स्थापना गरेका थिए । काठमाडौं, ठहिटीको त्यही पाशुपत प्रेसमा 'सुधासागर' साहित्यिक मासिक छापेर १९५५ साउनबाट नेपाली पत्रकारिताको शुभारम्भ भएको थियो ।

रोचक पक्ष त के भने १९०८ मा जङ्गबहादुर राणाले हाते प्रेस (गिद्धे प्रेस) भित्र्याएको ४७ वर्षपछि नेपालबाट पत्रिका प्रकाशन शुरु भयो । तर, मोतीरामले स्थापना गरेको प्रेसमै १९५८ साल जेठ ३ गते पहिलो समाचारपत्रको रुपमा 'गोर्खापत्र' साप्ताहिक छापियो । यो हिसाबले अहिले सरकारी माध्यम भए पनि गोरखापत्र जनस्तरको टेकोपुँडोमा निस्केको देखिन्छ । गोरखापत्रको जन्म नेपाली साहित्यिक पत्रकारिताका प्रणेताहरूले तयार पारेको प्राविधिक पूर्वाधारमा भएको गौरव पनि विधागत पत्रकारिताले हासिल गरेको छ । पत्रकारिताकै वीजारोपण गर्ने व्यक्तिको हैसियतले मोतिराम भट्ट 'नेपाली पत्रकारिताका आदिपुरुष वा संस्थापक' नै हुन् । भलै उनलाई त्यसरूपमा खुला हृदयले सम्झिने र सम्मान गर्ने परम्पराको विकास हुनसकेको छैन । उनलाई 'युवाकवि'मा मात्र सीमित गरिएको छ । नेपाली पत्रकारिता जगतको यो कञ्जुस्याइँको कारण अहिलेसम्म सायद कसैले खोजेको पनि छैन ।

विधागत पत्रकारिताको दृष्टिले हेर्दा राजनीतिक दृष्टिकोणसहितको निजी क्षेत्रको पहिलो समाचारपत्रको इतिहास कायम गर्दै राणा शासनको अन्त्य हुनुभन्दा तीन दिनअघि हृदयचन्द्रसिंह प्रधानको सम्पादकत्वमा निस्केको 'जागरण' साप्ताहिक राजनीति-पत्रकारिताको कोसेढुङ्गो हो । वास्तविक पत्रकारिताको विकास नै २००७ सालको राजनैतिक परिवर्तनपछि शुरु भएको मानिए पनि र व्यावसायिक पत्रिकाको प्रारम्भ प्रजातान्त्रिक व्यवस्थाको थालनीसँगै भएको ठानिए पनि त्यसपछि पनि अन्यभन्दा साहित्यिक पत्रकारिता नै बढी फष्टाएको पाइन्छ । यसबाट विधागत पत्रकारितामा साहित्यकारहरूको सक्रियता झल्किन्छ ।

विसं २००८ देखि २०१३ भित्र व्यापकरूपमा प्रकाशित हुन थालेका विभिन्न खाले पत्रपत्रिकाले त्यतिखेर समग्र पत्रकारिताको लोकप्रियता बढ्दै गएको सङ्केत गर्छन् । तर, त्यस अवधिमा समेत पत्रकारितामा साहित्यिक व्यक्तित्वहरूको रचना र उनीहरूको बाहुल्य रहेको तथ्याङ्क पाइन्छ । यसले पनि नेपाली पत्रकारिताको इतिहासमा साहित्यिक पत्रकारिताको वर्चस्वलाई पुष्टि गर्छ । त्यो भनेको पनि विधागत पत्रकारिताको वर्चस्वकै कुरा हो । विधागत पत्रकारितामा फोटो पत्रकारिताको अस्तित्व र इतिहास पनि खास देखिन्छ । गोरखापत्रले १९८४ साल वैशाख १३ गते छापेको फोटो-ब्लकबाट नेपाली छापामाध्यममा फोटो देखिन थालेको हो । यसैगरी सम्वाददाता राख्ने इतिहास २००० सालमा राजधानी काठमाडौंमा नगर सम्वाददाता राख्ने चलनबाट शुरु भएको र व्यंग्यचित्र अर्थात कार्टूनको थालनी २०१२ सालपछि भएको ग्रीष्मबहादुर देवकोटाले 'नेपालको छापाखाना र पत्रपत्रिकाको इतिहास'मा उल्लेख गरेका छन् । यसैगरी नेपाली पत्रकारितामा महिलाको प्रवेश हस्तक्षेपकारी देखिन्छ । २००८ सालमा कुमारी कामाक्षी र साधना प्रधानद्वारा सम्पादित 'महिला' मासिक नेपाली पत्रकारितामा महिला प्रवेशको गौरवपूर्ण इतिहास कायम गर्दै उदाएको थियो । यो महिला बीटलाई नै पत्रकारिताको अभ्यास मान्नेहरूका लागि समेत गौरवको इतिहास हो । प्रजातन्त्रको आठ वर्षे अभ्यासपछिको २०१५ सालको निर्वाचित सरकारले दुई वर्षे उमेर पार गर्दा नगर्दै राजा महेन्द्रले पञ्चायती व्यवस्था लागू गरेपछि राजनीतिक स्वतन्त्रतासँगै प्रेस स्वतन्त्रता पनि खोसियो । फलतः पञ्चायती व्यवस्थाभरि पत्रकारिताको विकास अवरुद्ध भयो । अवरोधकै बीच पनि आर्थिक, साहित्यिक, खेलकूद, ग्रामीण, विज्ञान, प्रशासन आदि पत्रकारिताका केही अभ्यास भएको देखिन्छ ।

नेपाल अधिराज्यको संविधान, २०४७ ले प्रेस स्वतन्त्रता बहाल गरेपछि दैनिक पत्रिका प्रकाशनको लहर चल्यो । त्यसपछि नै विभिन्न विधामा समाचार लेख्ने प्रचलनको प्रयोग पनि व्यापक हुँदै गयो । तर, व्यावसायिक पत्रकारिताको शुरुवातीताका रिपोर्टिङको विधा व्यवस्थित नभइसकेको र राजनीतिक समाचारले बढी प्राथमिकता पाउने गरेको त्यस पुस्ताका पत्रकारहरूलाई हेक्का छ । त्यसताका एउटै बीटमा पत्रकारले लामो समय काम गर्न नपाउने र बेला-बेलामा कार्यक्षेत्र हेरफेर भइरहने हुनाले विशिष्टीकरणको अवसर कमजोर हुनपुग्थ्यो । विशिष्टीकरणको महत्वलाई नै ध्यानमा राखेर प्रेस काउन्सिलमा २०६३ सालमा 'विधागत पत्रकारिता विकास उपसमिति' गठन गरिएको पाइन्छ । त्यो उपसमितिले साहित्यिक तथा अन्य विधागत पत्रकारिताको विकास र सम्बर्द्धनका लागि नीति निर्माण गरी समस्या समाधानका लागि पहल गर्ने भनिएको थियो । यद्यपि त्यसपछिका काउन्सिलका गतिविधिहरूले के समस्या थिए र के हल गर्न के पहल गऱ्यो भन्ने खासै देखिँदैन । आमसञ्चार विकासको प्रारम्भिक चरणमा छापामाध्यममा सीमित 'प्रेस' लाई जसले, जसरी, जुनसुकै मनसुवाले अनेकार्थी, पर्यायवाची शब्द प्रयोग गरे पनि अब छायामा पार्न सहज छैन । अर्थ विस्तारसहितको 'प्रेस' शब्द समग्र पत्रकारिता क्षेत्रलाई जनाउने संकेत शब्दको रुपमा स्थापित भइसकेको छ । रेडियो, टेलिभिजन हुँदै अनलाइन प्रविधिसम्म विस्तार हुँदा पत्रकारिता अब रोजगारीको एक माध्यमका रूपमा मात्र सीमित छैन । नयाँ-नयाँ घटनाको संकलन, चयन र सम्प्रेषणको समग्र प्रक्रियाका रुपमा रहेको यो पेशा समसामयिक ज्ञान आदानप्रदान गर्ने व्यवसाय भएको छ । यसको सम्बन्ध समाजका हरेक जीवनसँग गाँसिएको कुरा पत्रकारहरूले नै आत्मसात गरिरहेका छन् । पत्रकारहरूको यस्तो ठहर र रहरले नै पत्रकारितालाई सामाजिक क्रियाकलापका रूपमा समाजबारे समाचार र विचारको प्रसार गर्ने व्यवसायका रुपमा स्थापित गराएको छ । त्यसै क्रममा आमसञ्चारका साधनका लागि आवश्यक कच्चा पदार्थ संकलन, प्रशोधन, उत्पादन, भण्डारण र वितरणका काम यस पेशाअन्तर्गत हुँदै आएको सादृश्य छ । सिसाका टुक्रा जोडेर छापामा दल्नुपर्ने प्रविधिको ठाउँमा कृत्रिम बौद्धिकता (आर्टिफिसियल इन्टेलिजेन्स-एआई) आइसकेको मात्र हैन, अब त समाचार कक्षमै हाबी भइसकेको छ । यो युगमा मानिसले रुचिअनुरुपका जानकारी पाउने अवस्था झनझन बलियो बन्दैछ । यो सुविधाले परम्परागत पत्रकारिता वा पत्रकारिताका साधनमै मात्र दुनियाँ निर्भर रहनुपर्ने अवस्थाको अन्त्य भएको छ ।

मिडियामा भूमण्डलीकरणको परिणामस्वरुप नै नेपाली उपभोक्ताले पनि आमसञ्चारका विश्वव्यापी उत्पादनसम्म पहुँच पाएका छन् । यस्तो समयमा एउटै मिडियाबाट सन्तोषजनक रूपमा सबै विषय समेट्न सम्भव छैन । साथसाथै कुनै विधा विशेषमा केन्द्रित रहेर पत्रकारिता गर्ने सञ्चारमाध्यमलाई पनि अरुभन्दा छिटो र पृथक स्वाद पस्कनुपर्ने बाध्यता बढ्दै गएको अनुभव पत्रकारहरूले गरिरहेका छन् । यो नेपालको मात्र नभएर दुनियाँकै पत्रकारिताको अनुभवको एक अंश हो । यसरी साहित्यको जगमा विधागत अभ्यास र त्यसको जगमा मिसमास पत्रकारिता गर्दै आजको युगमा आइपुगेको नेपाली पत्रकारिताको अबको दशा र दिशा सुधार्न भने पत्रकारहरूले मात्र गर्ने चिन्ता पर्याप्त छैन । बरु यसमा पूँजी लगानीकर्ता, विभिन्न प्रकारका श्रम लगानीकर्ता, सरकार, आमसञ्चार विज्ञलगायतका सबै सरोकारवालाहरूले सक्रिय चासो देखाउनु जरुरी छ । (लेखक पत्रकार हुनुहुन्छ)

# अध्यक्ष दाहालको 'ब्रिफिङ', चीनसँगका समझदारी दूरगामी महत्वका

काठमाण्डु । नेकपा (माओवादी केन्द्र)का अध्यक्ष एवं प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले संयुक्त राष्ट्र सङ्घको ७८औं महासभामा सहभागिता र जनवादी गणतन्त्र चीन भ्रमणका बारेमा पार्टीलाई 'ब्रिफिङ' गराउनुभएको छ।

मंगलबार बसेको पार्टी पदाधिकारी बैठकमा उहाँले महासभामा सहभागिताबाट विश्व समुदायले नेपाललाई नजिकबाट चिन्ने वातावरण बनेको बताउनभुयो।

प्रधानमन्त्री दाहालले चीनसँग भएका सम्झौता तथा समझदारी नेपालको विकासमा दूरगामी महत्वको भएको उल्लेख गर्नुभएको उपाध्यक्ष एवं प्रवक्ता अग्निप्रसाद सापकोटाले जानकारी दिनुभयो। "संयुक्त राष्ट्र सङ्घको महासभामा विश्वसमुदायले नेपाललाई नजिकबाट चिन्ने गरी नेपालको प्रस्तुति भएको छ", प्रधानमन्त्री दाहालको भनाइ उदृत गर्दै उहाँले भन्नुभयो, "संयुक्त राष्ट्र सङ्घका महासचिवसँगको भेट तथा महासभाका क्रममा भएका 'साइडलाइन' वार्ता महत्वपूर्ण रह्यो।"

प्रधानमन्त्री दाहालले राष्ट्रिय योजना आयोग र चीनको राष्ट्रिय विकास तथा सुधार आयोगबीच सहकार्य तथा अन्तरदेशीय प्रसारणलाइन निर्माण गर्ने, कृषि, विज्ञान प्रविधिलगायत क्षेत्रको विकासका लागि दुई देशबीच भएको सहमति दूरगामी महत्वका रहेको बताउनुभएको प्रवक्ता सापकाटाले जानकारी दिनुभयो।

बैठकमा माओवादीले गत भदौ १६ गतेदेखि चलाएको रुपान्तरण अभियानका बारेमा पनि छलफल भएको थियो। बैठकले अभियानलाई प्रभावकारी बनाउने, चाडपर्वको समयमा पनि विविध कार्यक्रम गरी जनताको घरदैलोमा पुग्न नेता कार्यकर्तालाई दिशानिर्देश गरेको उहाँले जानकारी दिनुभयो।

प्रधानमन्त्री दाहाल नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्दै गत भदौ ३० गते संयुक्त राष्ट्र सङ्घको मुख्यालय न्यूयोर्क प्रस्थान गर्नुभएको थियो। उहाँ न्यूयोर्कबाट सिधैं चीन भ्रमणमा निस्कनुभएको थियो। प्रधानमन्त्री दाहाल चीन भ्रमण सम्पन्न गरी यही असोज १३ गते स्वदेश फर्कनुभएको थियो। रासस

विशेष समय

# महँगी र शान्ति सुव्यवस्थामाथि सांसदको प्रश्न



काठमाण्डु । प्रतिनिधिसभाको मंगलबारको बैठकमा आफ्ना धारणा राख्नुहुने अधिकांश सांसदले दसैँ तिहारलगायत चाडबाडका बेला उपभोक्ता बजारमा देखिने समस्या न्यूनीकरण र शान्ति सु-व्यवस्था कायम गर्न सरकारको ध्यानाकर्षण गराउनुभएको छ।

पछिल्लो समय देशका विभिन्न स्थानमा जातीय तथा साम्प्रदायिक हिंसाका घटना बढेको विषय पनि संसद्मा गम्भीरताका साथ उठेको छ। विशेष समयमा बोल्नुहुने सांसदले किसानका समस्या, बाढी पहिरो तथा प्राकृतिक विपद् पीडित नागरिकलाई राहतलगायत विषय उठाउनुभयो।

मंगलबारको बैठकमा सांसद रामकृष्ण यादवले तराईका जिल्लामा किसानले मल, बीउ र सिँचाइको सुविधा नपाउँदा समस्यामा रहेको उल्लेख गर्नुहुँदै धानबाली पाक्ने बेलामा सरकारले तोकेको न्यूनतम समर्थन मूल्य पाउने अवस्थाको प्रत्याभूतिका लागि सरकारसँग माग गर्नुभयो।

त्यस्तै, चाडबाडको समयमा उपभोग्य वस्तुको मूल्यवृद्धि भएकोबारे पनि उहाँले संसद्मार्फत सरकारको ध्यानाकर्षण गराउनुभयो। सामुदायिक विद्यालयको दिवा खाजा कार्यक्रमलाई निरन्तरता दिनुपर्ने तथा पछिल्लो समय मुलुकको शान्ति सुरक्षामा असर पर्ने गरी भइरहेका जातीय तथा धार्मिक हिंसाका घटनाबारे पनि गम्भीर हुनुपर्ने उहाँको भनाइ छ।

सांसद ठाकुरप्रसाद गैरेले सडक यातायातसँग सम्बन्धित पूर्वाधार निर्माणमा सरकार केन्द्रित हुनुपर्ने बताउनुभयो। त्यस्तै, चाडबाडका बेला महँगी तथा कृतिम अभाव नियन्त्रण एवं सहज र पहुँचयुक्त यातायात सुविधाका लागि सरकारको ध्यानाकर्षण गराउनुभयो।

संविधानमा देखिएका नागरिकका अधिकार कार्यान्वयनका लागि थप जोड दिइनुपर्ने धारणा सांसद जनार्दन शर्माले राख्नुभयो। नेपाल बहुजाती, बहुधर्म, बहुसंस्कृति भएको मुलुक भएकाले संविधानको मर्म र भावनाअनुसार शान्ति सुव्यवस्था कायम राख्न उहाँले आग्रह गर्नुभयो।

सांसद शर्माले आज नेपालगञ्जमा भएको घटना, पूर्वी तराईका जिल्लामा यसअघि भएका धार्मिक तथा साम्प्रदायिक हिंसाका घटना गम्भीर प्रकृतिका रहेको उल्लेख गर्नुहुँदै यस्ता घटना घट्न नदिन सरकारले गम्भीर हुनुपर्ने बताउनुभयो। शान्ति प्रक्रियाका कामलाई चाँडो टुङ्ग्याउनुपर्ने धारणा पनि उहाँले संसद्मा राख्नुभयो। चाडपर्वका बेला महँगी बढ्न नदिन अगुमन, निरीक्षण गर्ने र दुर्गम जिल्लामा खाद्यान्न अभाव हुन नदिन आपूर्ति व्यवस्था सहज बनाउन माग गर्नुभयो। चाडबाड मनाउन जाँदा सबै यात्रुले सहजरुपमा यातायात सुविधा पाउनुपर्नेतर्फ पनि उहाँले सरकारको ध्यानाकर्षण गराउनुभयो।

मंगलबार नेपालगञ्ज भएको घटनाबारे सांसद हरी ढकालले पनि संसद्मा कुरा उठाउनुभयो। अहिले मुलुक आर्थिकमन्दीमा गइरहेको तर यसको कारणबारे भने कसैले सोधखोज गर्न नचाहेको बताउनुभयो। अहिले बजारमा प्रसस्त लगानीयोग्य रकम हुँदाहुँदै पनि कर्जाको माग बढ्न नसकेको सांसद ढकालले बताउनुभयो।

नेपाल राष्ट्र बैंक र नेपाल धितोपत्र बोर्डले गरिरहेका कामबारे पनि उहाँले संसद्मा प्रश्न उठाउनुभयो। सांसद ध्रुवबहादुर प्रधानले नेपालको सुशासन कमजोर हुँदै गएको उल्लेख गर्नुहुँदै सीमा सुरक्षामा जोड दिनुपर्ने र स्पष्ट परराष्ट्र नीतिमार्फत छिमेकी मुलुकसँग असल सम्बन्ध बनाइराख्नुपर्ने धारणा संसदमा राख्नुभयो। नेपालले चीन र भारतसँगको सीमाना विवादबारे पनि गम्भीर भएर सोच्नुपर्ने उहाँको भनाइ छ। सांसद प्रदीप यादवले नेपाल विद्युत् प्राधिकरण र उद्योगीबीचको डेडिकेटेड तथा ट्रङ्कलाइन विद्युत् महसुलको विषय उठाउनुभयो। डेडिकेटेड ट्रङ्कलाइनको बक्यौता महसुल उठाउनका लागि प्राधिरणले सूचना जारी गर्दा पनि सरकारको आडमा व्यापारीबाट बक्यौता असुलउपर हुन नसक्नु दुःखद् रहेको उहाँको भनाइ छ।

अहिले नागरिकको क्रयशक्ति बढिरहेको र उपभोग्य वस्तुको मूल्यवृद्धि अत्यधिक भइरहेको विषय सांसद शेरबहादुर कुँवरले संसद्मा उठाउनुभयो। बाढी पहिरोबाट पीडित नागरिकका लागि दशैँ, तिहारअगावै राहत उपलब्ध गराउन पनि उहाँले सरकारको ध्यानाकर्षण गराउनुभयो।

सांसद अब्दुल खांनले गैरआवासीय नेपालीले नेपालमा लगानी गर्नका लागि दोहोरो कर नलाग्ने व्यवस्था गर्न सरकारसँग माग गर्नुभयो। त्यस्तै, भुटानी शरणार्थीका मुद्दा सम्बोधनका लागि पनि उहाँले सरकारको ध्यानाकर्षण गर्नुभयो।

सांसद रामप्रकाश चौधरीले यस वर्ष पूर्वी तराईका केही जिल्लामा पानी नपर्दा सिँचाइ नभएपछि त्यहाँका किसान समस्यामा रहेको विषय संसद्मा उठाउनुभयो। अर्का सांसद लालविर चौधरीले अहिले धानबाली भित्र्याइरहेको बेला साहु महाजनले न्यून मूल्यमा धान खरिद गर्ने भएकाले किसानलाई न्यूनतम मूल्य पाउने प्रत्याभूति सरकारले दिलाउनुपर्ने बताउनुभयो।

सांसद प्रेम सुवालले प्रधानमन्त्रीको चीन र संयुक्त राष्ट्रसङ्घको महासभामा भाग लिन अमेरिकाको भ्रमणको विषय संसद्मा उठाउनुभयो। संविधान दिवसका दिन सरकारको सिफारिसमा राष्ट्रपतिले केही व्यक्तिको कैद मिनाहा गरेको विषय तथा परीक्षामा अनुत्तीर्ण भएका व्यक्तिलाई न्यायाधीश सिफारिस गरेको विषयबारे सांसद चित्रबहादुर केसीले संसद्मा प्रश्न उठाउनुभयो। सङ्घीयता नेपालले धान्न सक्दैन भन्ने कुरा अहिले प्रमाणित हुँदै गएको उहाँको भनाइ छ।

सांसद प्रभु साहले नेपालमा सञ्चालित मदरसा शिक्षालाई सामुदायिक विद्यालयको मान्यता दिनुपर्ने र मदरसा शिक्षालाई राज्यले नजरअन्दाज गर्न नहुने विषय संसद्मा उठाउनुभयो। मदरसा ऐन ल्याउन र मदरसा बोर्ड गठन गर्न पनि उहाँले सरकारसँग माग गर्नुभयो। सांसद डा अमरेशकुमार सिंहले चिकित्सक माथिको भइरहेको आक्रमणको विषय उठाउनुहुँदै स्वास्थ्य क्षेत्र सुधारका लागि सरकार गम्भीर हुनुपर्ने धारणा राख्नुभयो। रासस

# समसामयिक विषयमा सरकारको ध्यानाकर्षण

काठमाण्डु । सांसदहरूले दशैँ, तिहार, छठलगायतका महत्वपूर्ण चाडपर्व नजिकिँदै गर्दा बजारमा महङ्गी र कालोबजारी बढेको भन्दै बेलैमा नियन्त्रण गरी जनतालाई राहत दिन सभामुखमार्फत सरकारको ध्यानाकर्षण गराउनुभएको छ।



प्रतिनिधिसभाको मंगलबारको बैठकको शून्य समयमा बोल्दै उहाँहरूले महङ्गी नियन्त्रणका साथै चिकित्सक, शिक्षक विभिन्न पेशाकर्मीको समस्या सम्बोधन गर्न पनि सरकारलाई आग्रह गर्नुभयो।

सांसद आस्माकुमारी चौधरीले दशैँ, तिहार, छठलगायतका पर्व नजिकिएकाबेला बजारमा महङ्गी र कालोबजारी बढेको भन्दै यसलाई नियन्त्रण गर्न सभामुखमार्फत सरकारको ध्यानाकर्षण गराउनुभयो।

सांसद अञ्जनी श्रेष्ठले महङ्गी नियन्त्रण गर्न, चितवनमा निर्माणाधीन राजमार्गको कामलाई तीव्रता दिन तथा चिकित्सक र शिक्षक आन्दोलनबारे सदनलाई जानकारी गराउन माग गर्नुभयो।

सांसद अच्युतप्रसाद मैनालीले प्रदेश र स्थानीय तहमा कर्मचारीको अभाव रहेको र महत्वपूर्ण प्रशासनिक काममा जनताले सास्ती बेहोर्नुपरेको भन्दै अभिलम्ब कर्मचारीको व्यवस्था गर्न सभामुखमार्फत सरकारको ध्यानाकर्षण गराउनुभयो।

सांसद अजयकुमार चौरसियाले सुक्खा बन्दरगाहका लागि जग्गा अधिग्रहणभएका जग्गाको मुआब्जा किसानलाई उपलब्ध गराउन माग गर्नुभयो।

सांसद अम्बिका बस्नेतले देशमा महङ्गी र सामाजिक सद्भाव भड्किने गतिविधि बढिरहेको, चिकित्सकलगायत विभिन्न पेशाकर्मीमाथि आक्रमणजन्य घटना बढेको भन्दै तत्काली नियन्त्रण गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो।

सांसद अर्जुननरसिंह केसीले साना तथा मझौला उद्योग बन्द हुने अवस्थामा रहेको ठूला उद्योगको पनि उत्साहजनक उत्पादन खस्कदो रहेको तथा देशमा महङ्गी बढेको भन्दै यसलाई नियन्त्रण र व्यवस्थापनको माग गर्नुभयो।

सांसद अमृतादेवी अग्रहरी देशमा देखिएका विद्यमान समस्याको निराकरण गर्न सरकारले ध्यान दिनुपर्ने खाँचो औंल्याउनुभयो। सांसद असिम शाहले नेपाली क्रिकेट टोलीले भारतविरुद्धको खेलमा उत्कृष्ट प्रदर्शन गरेको भन्दै उनीहरूलाई सरकारकोतर्फबाट पुरस्कारको व्यवस्थागर्नुपर्नेमागगर्नुभयो।सांसद ईश्वरबहादुर रिजालले सरकारले जनसरोकारको विषयलाई ध्यान दिनुपर्ने बताउनुभयो।

सांसद ईश्वरी घर्तीले रोल्पाको घर्ती गाउँमा रहेको इलाका प्रशासन कार्यालयमा कार्यालय प्रमुख नहुँदा तीन हप्तादेखि सेवा प्रभावित भएको, नागरिकता बनाउन नागरिक सदरमुकाम धाउनुपरिरहेको भन्दै तत्काल रोल्पालगायत सबै जिल्लामा कर्मचारी खटाउन सरकारको ध्यानाकर्षण गराउनुभयो।

सांसद ईश्वरीदेवी न्यौपानेले वैदेशिक रोजगारीमा गएकाको समस्या पहिचान र सम्बोधन गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो। रासस

# झोलामा खोला राख्ने प्रवृत्तिलाई पूर्ण रुपमा निरुत्साहित गर्छौं : मन्त्री बस्नेत

काठमाण्डु । ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री शक्तिबहादुर बस्नेतले मुलुकको ऊर्जा क्षेत्रको विकासलाई प्रभावकारी बनाउने उद्देश्यका साथ 'विद्युत् विधेयक, २०८०' प्रस्तुत गरिएको बताउनुभएको छ।

प्रतिनिधिसभाको मंगलबारको बैठकमा सो विधेयकका सम्बन्धमा सांसद प्रेम सुवालले राख्नुभएको जिज्ञासाको जवाफमा मन्त्री बस्नेतले नयाँ संविधानको भावनाअनुसार कानुनलाई समयानुकूल बनाउने र मुलुकको ऊर्जा क्षेत्रको विकासका लागि मार्ग प्रशस्त गर्ने लक्ष्यका साथ नयाँ कानुन प्रस्ताव गरिएको बताउनुभयो।

उहाँले संविधानको भावना र अक्षरलाई सम्मान गर्न सकेनौं भने दुर्घटना हुन जाने उल्लेख गर्नुभयो। उहाँले छलफलका क्रममा कैयन विषयलाई संशोधन गर्न सकिने एवं परिमार्जन गर्न सकिने विश्वास व्यक्त गर्नुभयो। संविधानअनुसार नयाँ कानुन निर्माण गर्नुपर्ने अवस्थालाई ख्याल गरेर नयाँ विधेयक ल्याइएको उहाँको भनाइ छ।

संविधानअनुसार सरकार, निजी र सामुदायिक क्षेत्रको साझेदारीमा आर्थिक प्रणाली चल्ने भएकाले सोहीअनुसार नै सरकार अगाडि बढेको मन्त्री बस्नेतको भनाइ छ। ऊर्जामन्त्री बस्नेतले झोलामा खोला राख्ने प्रवृत्तिलाई पूर्ण रुपमा निरुत्साहित गर्नेतर्फ सरकार क्रियाशील रहेको र प्रस्तावित नयाँ कानुनले नै सो विषयमा थप मार्गदर्शन गर्न सकिने उल्लेख गर्नुभयो।


उहाँले सरकार सुशासनप्रतिको प्रतिबद्धता र दृढ संकल्पलाई आफ्नो मन्त्रालयले पूर्ण रुपमा कार्यान्वयन गरिरहेको विश्वास दिलाउनुभयो। कुनै पनि बाहानामा अनुचित लेनदेन र कमिसनलाई सरकार र मन्त्रालयले स्वीकार नगर्ने उहाँको कथन छ। राज्यका स्रोतका सीमा रहेकाले ऊर्जा क्षेत्रको विकासका लागि निजी र वैदेशिक लगानीलाई स्वागत गरिरहेको मन्त्री बस्नेतले बताउनुभयो। निश्चित कानुनी प्रक्रिया पूरा गरेर आउने विदेशी कम्पनीलाई सरकारले स्वागत गर्ने र लगानीका लागि प्रेरित गर्ने मन्त्री बस्नेतको भनाइ छ।

केही वर्ष पहिले निश्चित मानिसमा मात्रै बिजुलीको पहुँच रहेको सन्दर्भ जोड्दै हाल ९७ प्रतिशत घरधुरीमा बिजुली पुगेको तथ्य पेश गर्नुभयो। पूर्वाधारमा रहेको सीमितताका बाबजुद पनि सरकार आगामी दुई वर्षभित्र सबै घरधुरीमा बिजुली पुऱ्याउन लागि परेको र त्यसलाई पूरा गरेरै छाडिने बताउनुभयो।

विद्युत् उत्पादन प्रसारण, वितरण र व्यापारका बारेमा पनि सरकारले स्पष्ट सोच राखेको जानकारी दिँदै उहाँले राष्ट्रिय आवश्यकतालाई ध्यानमा राखेर जलाशययुक्त आयोजना अगाडि बढाउन लागिएको स्पष्ट पार्नुभयो। विद्युत् क्षेत्र अब पूर्वाधारको क्षेत्रमा मात्रै सीमित नभएको उल्लेख गर्दै मन्त्री बस्नेतले यो क्षेत्र आर्थिक समृद्धिको आधार बन्न पुगेकाले सोहीअनुसार सरकार अगाडि बढेको स्पष्ट पार्नुभयो। गणपूरक सङ्ख्या नपुग्दा सो विधेयक मंगलबार सदनमा पेश हुन सकेन। सांसद प्रेम सुवालले उठाउनुभएको जिज्ञासाको जवाफ मन्त्री बस्नेतले दिनुभए लगत्तै सभामुख देवराज घिमिरेले ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री बस्नेतलाई 'विद्युत् विधेयक, २०८०' पेश गर्न अनुमति दिने कार्यसूची थियो।रासस

# राष्ट्रियताको मुद्दामा सबै एकढिक्का हुन जरुरी छ : अध्यक्ष ओली

काठमाण्डु । प्रमुख प्रतिपक्षी दल नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले राष्ट्रिय एकतालाई बलियो बनाउन राष्ट्रिय मुद्दामा सबै एकजुट हुनुपर्ने बताउनुभएको छ।



प्रतिनिधिसभाको मंगलबारको बैठकमा समय माग गरी बोल्नुहुँदै अध्यक्ष ओलीले देश र जनताको सर्वोपरी हितलाई केन्द्रमा राखेर राष्ट्रिय स्वाधिनता, सार्वभौमिकता र भौगोलिक अखण्डताको विषयमा एकजुट भएर अघि बढ्नुपर्नेमा जोड दिनुभयो।

"म सबै राजनीतिक दलका माननीय सदस्यलाई आग्रह गर्न चाहन्छु, राष्ट्रिय एकता, सद्भाव र सहिष्णुताका विषयमा एक हौँ", अध्यक्ष ओलीले भन्नुभयो, "राष्ट्रका हितलाई सर्वोपरी राख्दै विकासका प्रयासमा एकजुट होऔँ, सार्वभौमसत्ता, स्वाधीनता, भौगोलिका अखण्डताका विषयमा एकजुट हुँदै सामाजिक सद्भाव कायम राख्न सबै गम्भीर हुनुपर्छ।"

मित्रराष्ट्र मुलुकसँगको सम्बन्धलाई सुमधुर तुल्याई, कुटनीतिक सम्बन्धलाई बलियो र थप प्रगाढ तुल्याउन लाग्नुपर्ने उल्लेख गर्दै उहाँले परराष्ट्र नीतिमा एक दृष्टिकोण बनाई नेपालको स्वाभिमान र गरिमा बढाउन सबैको ध्यान जानुपर्ने खाँचो औंल्याउनुभयो।

एमाले अध्यक्ष ओलीले आम जनतामा राजनीतिक दल, प्रणाली, संविधानप्रतिको विश्वास अभिवृद्धि गर्दै अहिलेसम्मका राजनीतिक उपलब्धि संस्थागत गर्न र विकास निर्माणलाई प्रभावकारी बनाउन आग्रह गर्नुभयो। विकास निर्माणले गति लिन नसकेको, समयमै भुक्तानी नहुँदा निर्माण कम्पनीलाई ऋण तिर्न कठिनाई भएको प्रसङ्ग उल्लेख गर्दै उहाँले सुशासन प्रवर्द्धन, भ्रष्टाचार नियन्त्रण र आर्थिक विकास र समृद्धिको यात्रामा सक्रियतापूर्वक लाग्न सरकारको ध्यानाकर्षण गराउनुभयो।

अध्यक्ष ओलीले एसिड आक्रमणकारीलाई रिहा गरिएको, कैदीबन्दीलाई आममाफी दिइएको र सुन तस्करी काण्डका आरोपीलाई छाडिएको भन्दै आपत्ति प्रकट गर्नुभयो।

उहाँले सुशासन सरकारको नियमित काम भएकाले यसलाई निरन्तरता दिएर सुशासन प्रवर्द्धन र भ्रष्टाचार नियन्त्रण गर्नुपर्ने धारणा राख्नुभयो। एमाले अध्यक्ष ओलीले कोशी प्रदेशसभामा देखिएका गतिविधि संविधानको भावना अनुरुप नभएको बताउनुभयो। कानुनी राज्य र विधिको शासन स्थापित गर्न सबै गम्भीर हुनुपर्नेमा जोड दिँदै उहाँले प्रतिपक्षले उठाएका कतिपय विषयलाई हलुका ढङ्गले लिने गरिएको गुनासो गर्दै संसदलाई प्रभावकारी बनाउन आग्रह गर्नुभयो।

बजारमा महङ्गी बढेको, किसानले मल बिऊ नपाएकोलगायत जनसरोकारका विषयमा सरकार गम्भीर हुनुपर्ने धारणा राख्नुभयो। संसद बैठक लामो समय सञ्चालन नभएकोमा पनि अध्यक्ष ओलीले टिप्पणी उहाँले संसदलाई बिजनेस दिएर प्रभावकारी बनाउन सरकारको ध्यानाकर्षण गराउनुभयो। उहाँले न्यायलयलाई स्वतन्त्र, मर्यादित र विश्वासयोग्य बनाइनुपर्ने खाँचो औँल्याउनुभयो। रासस

# उपप्रधानमन्त्री श्रेष्ठसँग एमसिसीका सिइओको शिष्टाचार भेट

काठमाण्डु।उपप्रधानमन्त्रीएवं गृहमन्त्री नारायणकाजी श्रेष्ठसँग अमेरिकी सहयोग परियोजना एमसिसीका प्रमुख कार्यकारी अधिकृत (सिइओ) एलिस अल्ब्राइटले शिष्टाचार भेट गर्नुभएको छ।



प्रमुख कार्यकारी अधिकृत अल्ब्राइट र उहाँको टोलीलाई गृह मन्त्रालयमा स्वागत गर्दै उपप्रधानमन्त्री श्रेष्ठले पछिल्लो राजनीतिक परिवर्तनपछि नेपालको सरकार जनताको आर्थिक सामाजिक विकासको ऐतिहासिक जिम्मेवारी पूरा गर्ने काममा केन्द्रित रहेको र एमसिसीजस्ता परियोजनाको सफल कार्यान्वयनले त्यसमा योगदान दिने विश्वास व्यक्त गर्नुभयो।

साथै नेपालको संसद्ले नै एमसिसी परियोजना पारित गरेकाले यसको कार्यान्वयनमा सरकार प्रतिबद्ध रहेको उहाँले बताउनुभयो। परियोजनाको लागि जग्गा अधिग्रहण गर्ने र समग्र सुरक्षाको प्रत्याभूति गराउने काममा गृह मन्त्रालय लागेको समेत उपप्रधानमन्त्री श्रेष्ठले स्पष्ट पार्नुभयो। उहाँले सम्बन्धित जिल्लाका प्रमुख जिल्ला अधिकारीले जग्गा अधिग्रहणमा सहजीकरण गरिरहेको र परियोजना सुरक्षाको लागि कुनै कमी नहुने विश्वास दिलाउनुभयो। एमसीए नेपालसँग परियोजना प्रगतिको पछिल्लो अवस्थाबारे आफूले जानकारी लिएकोसमेत उपप्रधानमन्त्री श्रेष्ठले बताउनुभयो।

त्यसक्रममा प्रमुख कार्यकारी अधिकृत अल्ब्राइटले पाँच वर्षमा एमसिसी परियोजना सक्नैपर्ने भएकाले यसको कार्यान्वयनमा नेपाल सरकार र सरोकारवाला सबै पक्ष प्रतिबद्ध भएर लागेकोमा खुसी व्यक्त गर्नुभयो। एमसिसी कार्यान्वयनको जिम्मेवारी एमसीए नेपालको रहेको र यो नेपाल सरकार अन्तर्गतको संरचना रहेको उहाँले बताउनुभयो।

परियोजनाको समयभित्रै सफल कार्यान्वयनका लागि आफूहरू नेपाल सरकारका सरोकारवाला निकायसँग निरन्तर समन्वयमा रहेकोसमेत अल्ब्राइटले बताउनुभयो। एमसिसी अमेरिकी वैदेशिक सहयोगको महत्त्वपूर्ण अङ्ग भएको र यसको कार्यान्वयनले नेपाल-अमेरिका सम्बन्ध थप प्रगाढ हुने विश्वास प्रमुख कार्यकारी अधिकृत अल्ब्राइटले व्यक्त गर्नुभयो।

# आईसीसीमा सामेल हुने आर्मेनियाको निर्णय 'गलत' : क्रेमलिन

**एएफपी**

मस्को । आर्मेनियाको संसदले अन्तर्राष्ट्रिय फौजदारी अदालत (आईसीसी)मा सामेल हुने निर्णय गर्नु 'गलत' भएको रूसी प्रशासनिक केन्द्र क्रेमलिनले मङ्गलबार बताएको छ । रूसी राष्ट्रपति भ्लादिमिर पुटिनविरुद्ध पक्राउ पुर्जी जारी गर्ने निर्णयलाई अनुमोदन गरेको छ।

क्रेमलिनका प्रवक्ता दिमित्री पेस्कोभले भन्नुभयो, "रोम विधानमा व्यवस्था भएको द्विपक्षीय सम्बन्धको दृष्टिकोणबाट हेर्दा आर्मेनियाको मुद्दा आईसीसीमा प्रवेश हुनु सही हो भन्ने हामीलाई लागेको छैन । हामीले अझै पनि यो गलत निर्णय भएको छ भन्ने राख्न चाहन्छौँ ।"

अर्मेनियाली सांसदहरूले मङ्गलबार आइसिसीमा सामेल हुने दिशामा एक महत्वपूर्ण कदम लाई अनुमोदन गरेका थिए, जसले पूर्व सोभियत मुलुकको ऐतिहासिक सहयोगी मस्कोसँग तनाव बढाउने अपेक्षा गरिएको थियो ।

गत मार्चमा अन्तर्राष्ट्रिय अदालतले युक्रेनमा भएको युद्ध र बालबालिकालाई अवैध रूपमा रूसमा निर्वासित गरेको आरोपमा पुटिनविरुद्ध पक्राउ पुर्जी जारी गरेपछि रूसले आर्मेनियालाई आइसिसीको संस्थापक सन्धि अनुमोदन गर्ने पक्षमा मतदान नगर्न चेतावनी दिएको थियो ।

आइसिसीको संस्थापक सन्धि अनुमोदन गर्ने पक्षमा मतदानपछि यदि रूसी नेताले आफ्नो भूमि (आर्मेनिया)मा पाइला टेकेमा आइसिसीका सदस्यराष्ट्रका हैसियतमा उहाँलाई पक्राउ गर्न सकिनेछ ।

अजरबैजानसँग आर्मेनियाको लामो समयदेखिको टकरावलाई लिएर क्रेमलिनसँग रिसाएका मस्को र येरेभानबीचको बढ्दो खाडललाई यो अनुमोदनले पुष्टि गरेको छ ।

संसदको अनुमोदनपछि प्रतिक्रिया दिँदै आर्मेनियाका प्रधानमन्त्री निकोल पाशिन्यानले आफ्नो देशले अन्यत्र गठबन्धन गर्ने बताउनुभएको छ । तर क्रेमलिनले मङ्गलबार अर्मेनियासँग सामूहिक सुरक्षा सन्धि सङ्गठन (सीएसटीओ) भनिने मस्को नेतृत्वको सुरक्षा गठबन्धनको विकल्प नभएको बताएको छ।

पेस्कोभले भन्नुभयो, "मलाई लाग्छ कि आर्मेनियामा अधिकांश नागरिकहरूले सीएसटीओ सन्धि पूर्ण रूपमा अपूरणीय छ भन्ने महसुस गरेका छन् । अर्मेनियाली पक्षसँग यी संयन्त्रहरूभन्दा राम्रो केही पनि छैन, हामी यसमा विश्वस्त छौं ।"

# भौतिकशास्त्रतर्फको नोबेल पुरस्कार तीन वैज्ञानिकलाई

**एएफपी**

स्टकहोम । परमाणु र अणुभित्र इलेक्ट्रोनको अन्वेषण गर्ने उपकरणहरूको अनुसन्धानका लागि तीन वैज्ञानिकलाई यस वर्षको भौतिक शास्त्रतर्फको नोबेल पुरस्कार प्रदान गरिने भएको छ ।

फ्रान्सका पिएरे अगोस्टिनी, हङ्गेरी-अस्ट्रियाली फेरेन्क क्राउज र फ्रान्सेली-स्विडिश एनी एलहुइलियरलाई उक्त पुरस्कार प्रदान गरिने भएको हो ।

पदार्थमा इलेक्ट्रोन गतिशीलताको अनुसन्धानका लागि प्रकाशको एटोसेकेन्ड पल्स उत्पन्न गर्ने प्रयोगात्मक विधिहरूका लागि उनीहरूलाई सम्मान गरिएको जुरीले बताएको छ ।

एटोसेकेन्ड यति छोटो हुन्छ कि एक सेकेन्डमा त्यति नै सेकेन्ड हुन्छ जति ब्रह्माण्डको उत्पत्तिपछि भएको थियो । जुरीका अनुसार पुरस्कृत वैज्ञानिकहरूले प्रकाशको अत्यन्त सानो पल्सहरू बनाउने तरिकाको प्रदर्शन गरेका छन् जसबाट इलेक्ट्रोन सञ्चालन हुने वा ऊर्जा परिवर्तन हुने तीव्र प्रक्रियाहरू नाप्न प्रयोग गरिन्छ ।

"पुरस्कृतहरूको योगदानले अत्यन्त तीव्रताका कारण पहिला पालना गर्न असम्भव प्रक्रियाहरूको अनुसन्धानलाई सक्षम बनाएको छ", जुरीले भनेको छ ।

अगोस्टिनी अमेरिकामा ओहायो स्टेट युनिभर्सिटीमा प्रोफेसर हुन् भने क्राउज जर्मनमा म्याक्स प्लान्क इन्स्टिच्युटका निर्देशक हुन् ।

त्यसैगरी स्विडेनको लुन्ड विश्वविद्यालयकी प्रोफेसर एलहुइलियर सन् १९०१ पछि भौतिकशास्त्रमा नोबेल पुरस्कार जित्ने पाँचौँ महिला हुन् ।

# 'फिल्डिङमा चुक नभएको भए फरक नतिजा आउथ्यो'

**टुडे समाचारदाता**



काठमाण्डु । नेपाली राष्ट्रिय क्रिकेट टिमका प्रशिक्षक मोन्टी देसाई र कप्तान रोहित पौडेलले एसियन गेम्सअन्तर्गत मंगलबार भएको भारतविरूद्धको खेलमा नेपालले राम्रो प्रदर्शन गरेको भए पनि फिल्डिङमा केही ठाउँमा नचुकेको भए नतिजा फरक आउन सक्ने बताएका छन्।

टी-२० फर्म्याटको मंगलबारको क्वार्टरफाइनल खेलमा नेपाल भारतसँग २३ रनले पराजित भएको थियो। मंगलबार बिहान झेजियाङ युनिभर्सिटी अफ टेक्नोलोजी पिङफेङ क्रिकेट मैदानमा भारतले दिएको २०३ रनको लक्ष्य पछ्याएको नेपालले ९ विकेटको क्षतिमा १७९ रन जोड्यो।

यो नेपाल र भारतबीचको पहिलो टी-२० अन्तर्राष्ट्रिय खेल हो। खेलपछि संवाददाताहरूसँग कुरा गर्दै नेपाली टिमका कप्तान रोहित पौडेलले आजको खेलमा धेरै सकारात्मक कुराहरू भएको बताएका छन्।

'ब्याटिङ सुरूमा राम्रो भएन तर पछि दीपेन्द्रसिंह ऐरी, सन्दीप जोरा र करन केसीले राम्रो खेल्नुभयो,' पौडेलले भने,'सुरूमा राम्रोसँग खेलेको भए अझ राम्रो गर्न सकिन्थ्यो। रिजल्ट जे पनि हुन सक्थ्यो।'

समग्र खेलको प्रदर्शन सन्तोषजनक भए पनि फिल्डिङमा आज केही कमजोरी भएको उनले बताए। 'फिल्डिङमा हाम्रो जुन स्ट्यान्डर्ड थियो, त्यसलाई आज हामीले पूरा गरेनौं। कुनै दिन यस्तै अफ भइहाल्छ,' पौडेलले भने।

मंगलबार खेलेका धेरै भारतीय ब्याट्सम्यान बाँयाहाते थिए। 'उनीहरू धेरै लेफ्टी भएका सुरूमा नेपाली स्पिनरलाई गाह्रो भइरहेको थियो। त्यही भएर अफ स्पिन गर्नुपर्छ कि भनेर म आफैं बलिङमा आएको थिएँ,' उनले भने।

दीपेन्द्रसिंह ऐरी र सन्दीप जोराले ब्याटिङ गरिरहेका बेला आफूहरू खेल जितिनेमा विश्वस्त भएको उनले बताए। 'उहाँहरूले ब्याटिङ गरिरहेका बेला हामीलाई जित्छौं भन्ने लागेको थियो,' पौडेलले भने,'उहाँहरू दुईमध्ये एक जना अन्तिमसम्म टिकेको भए नतिजा जे पनि हुन सक्थ्यो।'

पछिल्ला दुई-तीन महिनामा नेपालले राम्रा टिमसँग खेलिरहेको र एक्स्पोज पाइरहेको पनि उनले बताए। 'टेस्ट राष्ट्रसँग पनि खेलिरहेका छौं। आज भारतसँग पनि राम्रो प्रतिस्पर्धा गऱ्यौं। जितेको भए झन् राम्रो हुन्थ्यो,' पौडेलले भने।

राष्ट्रिय टोलीका प्रशिक्षक मोन्टी देसाईले पनि मंगलबार फिल्डिङ कसिलो गरेको भए भारतलाई १९० रनमै रोक्न सकिन्थ्यो भन्ने लागेको बताए। 'एक-दुई बल हामीले राम्ररी फिल्डिङ गरेको भए उनीहरूलाई १९० मा रोक्न सक्थ्यौं। उनीहरूको १०-१२ रन कम भएको नतिजा जे पनि हुन सक्थ्यो,' देसाईले भने।

मंगलबारको खेलमा नेपाली खेलाडीको प्रदर्शनले आफूलाई गर्व लागेको उनले बताए। 'भारतीय खेलाडी आइपिएल खेलिसकेका खेलाडी हुन्। फेरि टी-२० भनेको यस्तै खेल हो। बलरको आफ्नो योजना हुन्छ, ब्याटरको आफ्नै योजना हुन्छ,' प्रशिक्षक देसाईंले भने,'हामीले राम्रो खेल्यौं। यो खेलबाट हामी विश्वकप छनौटका लागि धेरै आत्मविश्वासी भएका छौं।' पछिल्लो समय नेपालले क्रिकेटमा एउटा चरित्र निर्माण गरिरहेको उनले बताए ।

# दक्षिणी सुडानबाट फर्किएका हजारौँ नागरिक भोकमरीको जोखिममा : राष्ट्रसङ्घ

**एएफपी**

नैरोबी । सुडानको हिंसात्मक द्वन्द्वबाट पलायन भएका हजारौँ दक्षिण सुडानी शरणार्थीहरूले 'भोकमरी आपत्काल' को सामना गरिरहेको संयुक्त राष्ट्रसङ्घले जनाएको छ । ती मध्ये ९० प्रतिशत शरणार्थीको धेरै दिन खानाबिना बितिरहेको राष्ट्रसङ्घले बताएको छ ।

सुडानका सेना प्रमुख अब्देल फत्तह अल-बुर्हान र उनका पूर्वसहायक मोहम्मद हाम्दान दाग्लोप्रति बफादार सेनाहरू बीचको लडाइँका कारण पछिल्लो पाँच महिनामा करिब तीन लाख दक्षिण सुडानी नागरिकहरू घर फर्कन बाध्य भएको राष्ट्रसङ्घको विश्व खाद्य कार्यक्रम (डब्लुएफपी) ले बताएको छ ।

सो संस्थाका अनुसार यो सङ्कटले पाँच वर्षमुनिका २० प्रतिशत बालबालिका कुपोषित हुनुका साथै कम उमेरका पीडितहरूलाई गम्भीर असर पुगेको छ ।

मध्य अप्रिलदेखि सुरु भएको द्वन्द्वयता कम्तीमा सात हजार पाँच सय मानिसले ज्यान गुमाइसकेका छन् । हिंसा रोक्ने धेरै युद्धविराम असफल भएका छन् । जसका कारण हजारौँ मानिस सुडानका सीमातिर धकेलिएका छन् भने धेरै क्षेत्रमा मानवीय सङ्कटको त्रास उत्पन्न भएको छ । दक्षिण सुडानीहरू पहिले नै व्यापक मानवीय आवश्यकताहरूको सामना गरिरहेको मुलुकमा फर्किरहेको डब्लुएफपीले जनाएको छ । "आज आइपुगेकाहरू द्वन्द्वको सुरुको साताहरूमा भागेका परिवारभन्दा पनि अझ धेरै कमजोर अवस्थामा छन्", डब्लुएफपीले भनेको छ ।

विश्वको सबैभन्दा गरिब मुलुकमध्येको एक दक्षिण सुडान सन् २०११ मा सुडानबाट स्वतन्त्र भएको थियो । तर स्वतन्त्र भएको केही समयमै हिंसात्मक द्वन्द्वको चपेटामा पर्दा भर्खरै जन्मेको देश विभाजित हुँदै आघातमा पर्यो ।

सन् २०१८ मा औपचारिकरूपमा गृहयुद्ध अन्त्य हुनुभन्दा अघिको पाँच वर्षको रक्तपातमा यो मुलुकमा तीन लाख ८० हजार मानिसको मृत्यु भएको थियो । साठ्ठीभन्दा बढी जातीय समूह र एक करोड २० लाख जनसङ्ख्या भएको दक्षिण सुडानले घातक हिंसा, प्राकृतिक विपत्ति र लगातारको राजनीतिक अन्तरविरोधको सामना गरिरहेको छ ।

संयुक्त राष्ट्रसङ्घले रक्तपातलाई प्रश्रय दिएको, राजनीतिक स्वतन्त्रतामा लगाम लगाएको र सार्वजनिक सम्पत्ति लुट्नमा भूमिका खेलेको भन्दै दक्षिण सुडानको नेतृत्वको आलोचना गरेको छ ।

सन् २०१८ को विश्व बैंकको तथ्याङ्कअनुसार दक्षिण सुडानमा तेलको ठूलो भण्डार भए पनि पाँचमध्ये चार दक्षिण सुडानी 'निरपेक्ष गरिबी' मा रहेका छन् ।

# पानीको तापक्रम बढेका कारण अमेजनमा १०० भन्दा बढी डल्फिन मृत फेला



**एपी**

साओ पाउलो । गम्भीर खडेरीको चपेटमा परेको ब्राजिलको अमेजन वर्षावनमा गत साता एक सयभन्दा बढी डल्फिन मरेका छन् । विज्ञहरूले पानीको तापक्रम उच्च भएकाले अझ धेरै डल्फिन मर्न सक्ने बताएका छन् ।

ब्राजिलको विज्ञान, प्रविधि तथा नवप्रवर्तन मन्त्रालयको अनुसन्धान समूह दि मामिराउआ इन्स्टिच्युटले टेफे ताल वरपरको क्षेत्रमा सोमबार थप दुई वटा मृत डल्फिन फेला परेको जनाएको छ । उक्त ताल यस क्षेत्रका जलचर स्तनधारी र माछाहरूका लागि प्रमुख क्षेत्र हो ।

उक्त संस्थाले उपलब्ध गराएको भिडियोमा गिद्धहरूले मृत डल्फिनलाई टिपेको देखाइएको छ। स्थानीय सञ्चारमाध्यमअनुसार हजारौँ माछा पनि मरेका छन् ।

त्यस क्षेत्रका तालहरूमा पानीको तापक्रम उच्च रहेका कारण डल्फिन र माछाहरू मरेको हुनसक्ने विज्ञहरूले विश्वास गरेका छन् । टेफे ताल क्षेत्रम गत सातायता तापक्रम बढेर ३९ डिग्री सेल्सियससम्म पुगेको छ ।

गत साता ब्राजिल सरकारको चिको मेन्डेस जैविक विविधता संरक्षण संस्थाले मृत डल्फिनको अनुसन्धान गर्न पशु चिकित्सक र जलचर स्तनधारी विज्ञहरूको टोली पठाएको थियो ।

टेफे तालमा करिब एक हजार चार सय डल्फिन रहेको मामिराउआ इन्स्टिच्युटका मिरियम मार्मोन्टेलले बताए । "एक हप्तामा करिब एक सय २० जीवजन्तु गुमाइसकेका छौँ जसले कूल सङ्ख्याको पाँचदेखि १० प्रतिशत हिस्सा प्रतिनिधित्व गर्छ", उनले भने ।

सुक्खा खोलाहरूबाट खोला किनारका प्रभावित समुदायहरूले गत सातादेखि डल्फिनका शवहरू फेला पारेका छन् । खडेरीका कारण अमेजनका गभर्नर विल्सन लिमाले शुक्रबार सङ्कटकाल घोषणा गर्नुभएको थियो ।

करिब ६० हजार जनसङ्ख्या रहेको टेफे सहरका मेयर निक्सन मारिराले खोलाहरू सुकेका कारण केही पृथक समुदायलाई खाद्यान्न सिधै पुर्याउन नसकेको बताउनुभयो ।

# एसियाली खेलकुदमा नेपालको आशा अब कुन-कुन खेलमा ?

**टुडे समाचारदाता**

काठमाण्डु । बंगलादेशलाई हराएपछि नेपाली महिला कबड्डी टिम।बंगलादेशलाई हराएपछि नेपाली महिला कबड्डी टिम ।

चीनको हाङझाउमा १९औं संस्करणको एसियाली खेलकुद जारी छ। औपचारिक उद्घाटन भएको एघारौं दिनको खेल जारी रहँदा नेपालले एउटा पनि पदक जित्न सकेको छैन। नेपाल भाग लिएका अधिकांश खेलमा पदकविहीन बनेको छ ।

महिला कबड्डीले एसियाली खेलकुदमा नेपाललाई पदकविहीनबाट जोगाउने सम्भावना छ। महिला कबड्डी बाहेक नेपालले पदकको आशा



गरेका केही खेलमा भने चुनौती पेश गर्न बाँकी छ। २९ खेलमा सहभागिता जनाएकोमा नेपालले बास्केटबल, बक्सिङ, क्रिकेट, साइक्लिङ, इस्पोर्ट्स, फेन्सिङ, फुटबल, गल्फ, ह्यान्डबल, जुडो, रग्बी, सुटिङ, पौडी, टेबलटेनिस, तेक्वान्दो, टेनिस, ट्रायथलन, पुरूष भलिबल र उसुमा चुनौती पेस गरिसकेको छ।

यी सबै खेलमा नेपाल पदकविहीन बनेको छ। बक्सिङ र तेक्वान्दोमा नेपालका एक एक खेलाडी अन्तिम आठमा पुगेका थिए। यस्तै उसुमा पनि नेपाली खेलाडी अन्तिम आठबाट अघि बढ्न सकेनन्। पुरूष क्रिकेटमा नेपालले मंगलबार भारतसँग अन्तिम आठमा प्रतिस्पर्धा गरे पनि नतिजा नेपालको पक्षमा आउन सकेन ।

नेपालको महिला कबड्डी, ब्याडमिन्टन, महिला भलिबल, आर्चरी, भारोत्तोलन र स्क्वासका खेल जारी छन्। कुस्ती, कराते, क्यानोइङ र ब्रेकिन (डान्स स्पोर्ट्स) का खेल सुरू हुन बाँकी छन्। कुस्तीमा ४ खेलाडी, क्यानोइङ तथा ब्रेकिनमा १-१ खेलाडी र करातेमा ८ खेलाडीले प्रतिस्पर्धा गर्दैछन् ।

महिला कबड्डीको समूहको पहिलो खेलमा नेपालले बंगालदेशलाई पराजित गरेको थियो। मंगलबार इरानसँग पराजित भएको नेपाली टिमको समूहका खेल सकिएका छन्। अब भोलि इरानले बंगलादेशलाई पराजित गरे नेपाली महिला कबड्डीमा सेमिफाइनल पुग्दै पदक पक्का गर्नेछ ।

ब्याडमिन्टनमा नेपाली खेलाडीहरूले कमजोर प्रदर्शन गर्दा सुरूवाती चरणमानै हार ब्यहोरिरहेका छन्। महिला भलिबलबाट नेपाल बाहिरिसकेको छ। यद्यपि नेपाली महिलाभलिबलटिमले वरीयताका लागि भोलि भारतसँग खेल्दैछ।

भारोत्तोलन र स्क्वासमा पनि नेपालको खेल बाँकी छन्। भारोत्तोलनमा नेपालको लक्ष्य प्रदर्शन सुधार गर्नु हुनेछ। स्क्वासमा प्रतिद्वन्द्वीसँग खेल्नु नै नेपाली खेलाडीका लागि कठिन चुनौती बनिरहेको छ। एसियाली एथ्लेटिक्समा नेपालले आफ्नो प्रदर्शनका लागि मात्र खेल्ने गर्छ। यसपालिको एसियाली खेलकुदमा नेपाली खेलाडी पदक जित्नभन्दा आफ्नो प्रदर्शन सुधारमा केन्द्रीत छन् ।

बाँकी रहेका कुस्ती, कराते, क्यानोइङ, ब्रेकिन (डान्स स्पोर्ट्स) मध्ये नेपालले राम्रो प्रदर्शनको अपेक्षा गरेको छ। जसमा कराते, क्यानोइङ र ब्रेकिनबाट नेपालले पदकको आशा गरेको छ। नेपालले क्यानोइङ र ब्रेकिनमा एसियाली खेलकुदमा डेब्यू गर्न लागेको हो। क्यानोइङमा नेपालका गणेश गुरूङले प्रतिस्पर्धा गर्दैछन्। गुरूङले आइसल्यान्डमा आफ्नो कामसँगै एसियाली खेलकुदका लागि तयारी गरेका थिए। उनी नेपालको राष्ट्रिय प्रतियोगिताका विजेता समेत हुन्। उनले आइल्यान्डमा भएको प्रतियोगितामा दोस्रो स्थान समेत हात पारेका थिए ।

यस्तै ब्रेकिनमा दीपक लामाले चुनौती पेश गर्नेछन्। उनले एसियाली खेलकुदको तयारी बेल्जियममा गरेका थिए। त्यहाँ उनले विश्व च्याम्पियनसिपमा समेत सहभागी जनाएका थिए। करातेमा मोहमद शेखु अलाम, निरुपा दोङ तामाङ, अरिका गुरूङ, सोनिम मानन्धर, अलिसा रास्कोटी मगर, विप्लवलाल श्रेष्ठ, सबिना श्रेष्ठ र सन्तोष श्रेष्ठ भिड्दैछन् ।

कराते नेपालले एसियाली खेलकुदमा पदक जितिसकेको खेल हो। नेपालले करातेबाट अहिलेसम्म ३ कास्य जितेको छ। पछिल्लो पटक सन् २०१४ को इन्चोन एसियाली खेलकुदमा नेपालले एक मात्र कास्य जित्दा त्यो करातेबाट प्राप्त भएको थियो। नेपालका लागि विमला तामाङले काताबाट कास्य जितेकी थिइन्। नेपाली कराते टिमका प्रशिक्षक कुशल श्रेष्ठले करातेबाट यसपटक पदकको आशा राखेको बताए। भर्खरै इन्डोनेसियामा भएको विश्व सितोरियो कराते च्याम्पियनसिमा भाग लिएर त्यहाँ अभ्यास गरेको नेपाली टिमको आत्मविश्वास बढेको छ। इन्डोनेसियाको च्याम्पियनसिपमा नेपालकी अरिका गुरूङले स्वर्ण जितेकी थिइन्। यस्तै मोहमद अलाम, विप्लव श्रेष्ठ र निरुपा दोङले रजत जित्दा नेपालले थप कास्य जितेको थियो ।

# पहिलो त्रैमासिकमा पाकिस्तानको व्यापार घाटामा गिरावट

**सिन्ह्वा**

इस्लामाबाद । अघिल्लो आर्थिक वर्षको तुलनामा चालु आर्थिक वर्षको पहिलो त्रैमासिकमा पाकिस्तानको व्यापार घाटा ४२ प्रतिशतले घटेको पाकिस्तान तथ्याङ्क ब्यूरो (पीबीएस) ले जनाएको छ ।

पाकिस्तानमा आर्थिक वर्ष जुलाईदेखि सुरु भएर जुनसम्म रहन्छ । सन् २०२३ को जुलाईदेखि सेप्टेम्बरसम्मको त्रैमासिकमा आयात र निर्यातका आँकडाका आधारमा व्यापार घाटा पाँच अर्ब २८ करोड ९० लाख अमेरिकी डलर भएको छ । अघिल्लो आर्थिक वर्षको सोही अवधिमा व्यापार घाटा नौ अर्ब १५ करोड ९० लाख अमेरिकी डलर थियो । पीबीएसका अनुसार अघिल्लो आर्थिक वर्षको पहिलो त्रैमासिकको तुलनामा चालु आर्थिक वर्षको सोही अवधिमा व्यापार घाटा ४२ दशमलव २५ प्रतिशतले नकारात्मक वृद्धि भएको छ । चालु आर्थिक वर्षको जुलाईदेखि सेप्टेम्बरसम्मको अवधिमा निर्यात छ अर्ब ८९ करोड ९० लाख अमेरिकी डलर भएको छ । यो अघिल्लो वर्षको सोही अवधिको तुलनामा तीन दशमलव ७८ प्रतिशतले कम हो । अघिल्लो वर्षको समीक्षा अवधिमा निर्यात सात अर्ब १७ करोड अमेरिकी डलरबराबरको भएको थियो । अर्कोतिर पाकिस्तानको आयात भने समीक्षा अवधिमा २५ दशमलव ३६ प्रतिशतले घटेको छ ।

# जापानद्वारा रुसको अचानक भ्रमण गर्ने सांसदको निन्दा

**एएफपी**

टोक्यो । जापानले मस्कोको अचानक भ्रमण गरेर त्यहाँका उपविदेशमन्त्रीसँग भेट गर्ने एक जापानी सांसदको निन्दा गरेको छ । गत वर्ष रुसले युक्रेनमाथि आक्रमण गरेयता युद्धमा मस्कोमाथि प्रतिबन्ध लगाउन पश्चिमी सहयोगीहरूसँग जापान सामेल भएपछि जापानी सांसदका रूपमा मुनेओ सुजुकीको पहिलो रुस भ्रमण भएको हो ।

"सरकारलाई सुजुकीले अघि वा पछि यसपटकको रुस भ्रमणका बारेमा जानकारी गराउनुभएको थिएन", सरकारी प्रवक्ता हिरोकाजु मात्सुनोले भन्नुभयो, "उद्देश्य जे भए पनि रुसको यात्रा रद्द गर्न हामी चेतावनी जारी गर्दैछौं, सबै जापानी नागरिकहरूलाई रुसको भ्रमण नगर्न आग्रह गर्दछौं ।"

रुसको विदेश मन्त्रालयले सुजुकीले सोमबार रुसी उपविदेशमन्त्री आन्द्रे रुदेन्कोसँग भेट गरेको बताएको छ । "द्विपक्षीय सम्बन्धको विकासमा जापानी सांसदको उल्लेखनीय योगदानलाई रुसी पक्षले उल्लेख गरेको छ", मन्त्रालयले मङ्गलबार भनेको छ, "दशकौंदेखि कायम दुई मुलुकबीचको विरासत 'सामूहिक पश्चिम' को रुसविरोधी कार्य र अमेरिकालाई खुसी पार्न टोक्योले लागू गरेको प्रतिबन्ध नीतिले उद्देश्यपूर्णरूपमा क्षति पुर्याइरहेको छ ।"

जापानको प्रतिपक्षी दल जापान इनोभेसनका सांसद सुजुकीले लामो समयदेखि जापान-रुसबीचको दीर्घकालीन सम्बन्धको पैरवी गर्दै आउनुभएको थियो । दोस्रो विश्वयुद्धपछि रुससँगको क्षेत्रीय विवादहरू समाधान गर्ने उद्देश्यले विदेश मन्त्रालयका कार्यक्रमहरुमा उहाँ गहिरोरूपमा संलग्न हुनुहुन्थ्यो ।

उहाँका सचिव सिन्जी अकामात्सुले माथिल्लो सदनका सदस्य सुजुकी 'निरीक्षण भ्रमण' का लागि आइतबार मस्को प्रस्थान गर्नुभएको जानकारी दिनुभएको छ । "सुजुकीले राष्ट्रिय स्वार्थको दृष्टिकोणले आफ्नै विश्वासमा भ्रमण गर्नुभएको हो", उहाँले भन्नुभएको छ ।

# २९ रुसी ड्रोन र मिसाइल खसालेको युक्रेनको दाबी

**एएफपी**

किएभ । युक्रेनले सन् २०१४ मा रुसले कब्जा गरेको क्रिमिया प्रायद्विपबाट रुसी सेनाले प्रक्षेपण गरेका दुई दर्जनभन्दा बढी ड्रोन र एउटा क्रुज मिसाइल खसालेको बताएको छ । ती ड्रोन र मिसाइल इरानद्वारा निर्मित हुन् ।

मस्कोले युक्रेनी ऊर्जा पूर्वाधारमा हवाई आक्रमणको अभियान पुनः सुरु गरिरहेको किएभले चेतावनी दिएको छ । गत वर्ष ती पूर्वाधारमा आक्रमण हुँदा लाखौँ मानिस पानी र तातोबिना बस्न बाध्य भएका थिए ।

"गए राति रुसी अतिक्रमणकारीहरूले ३१ वटा साहेद (मानवरहित हवाई अस्त्र) र एउटा इस्कान्दर-के क्रुज मिसाइलले आक्रमण गरे", उक्त मिसाइल र २९ वटा ड्रोन खसालेको उल्लेख गर्दै युक्रेनको वायु सेनाले भन्यो । दक्षिणी क्षेत्रको माइकोलाइभ र मध्यक्षेत्रको निप्रोपेट्रोभस्कका जिम्मेबार फौजले उक्त मिसाइल र ड्रोनहरू खसालेको सेनाले विज्ञप्तिमा जनाएको छ ।

# ‘अर्थतन्त्र सुधारमा बजेटले घोषणा गरेका कार्यक्रमको नतिजा देखिएन’



काठमाण्डु । अर्थतन्त्र सुधारको प्रयाससहित चालु आर्थिक वर्षको बजेटमार्फत सरकारले घोषणा गरेका कार्यक्रमको नतिजा देखिन नसकेको धारणा सांसदहरूले राख्नुभएको छ ।

सङ्घीय संसद् प्रतिनिधिसभाअन्तर्गत अर्थ समितिको मंगलबारको बैठकमा अर्थतन्त्र सुधारका लागि सरकारले उदासीनता देखाएको भन्दै आलोचना भएको हो । पूर्वअर्थमन्त्री तथा समिति सदस्य विष्णुप्रसाद पौडेलले अहिले मुलुकको अर्थतन्त्र चिन्ताजनक अवस्थामा पुगिसकेको बताउनुहुँदै अर्थमन्त्रीले यसबारे जवाफ दिनुपर्ने धारणा राख्नुभयो ।

“अर्थतन्त्र मन्दीको अवस्थामा पुगेको छ । यसलाई सरकारले स्वीकार्नु पर्छ । उपेक्षा गरेर बस्न सकिँदैन”, उहाँले भन्नुभयो, “अधिकांश आर्थिक सूचक नकारात्मक छन् । बजारमा तरलता छ तर कर्जा माग छैन । वैदेशिक विकास सहायतामा कटौती भएको छ । इतिहासमै डरलाग्दो अवस्थाको समस्याबाट निजी क्षेत्र गुज्रिरहेको छ ।”

अर्थतन्त्र सुधारका लागि सरकारका भएका प्रयास पर्याप्त नरहेको एवम् नीति तथा कार्यक्रम र बजेटमार्फत घोषणा गरिएका कार्यक्रमको कार्यान्वयनको अवस्था सन्तोषजनक नरहेको उहाँको दाबी छ । अर्थमन्त्रीले यसको जवाफ दिनुपर्ने पौडेलको भनाइ छ ।

“अर्थ समितिले बोलाउँछ, उहाँ आउँछु पनि भन्नुहुन्छ तर आउनुहुन्न । टालटुले प्रश्न र जवाफले अहिलेको समस्या समाधान हुन सक्दैन”, बैठकमा अर्थमन्त्री अनुपस्थित भएकोबारे इङ्गित गर्नुहुँदै पौडेलले भन्नुभयो, “संसद् र समितिमा आर्थिक सूचकको सामान्य प्रस्तुति लिएर आउने होइन, विस्तृत जानकारीसहित आउनुपर्‍यो । अर्थतन्त्रको अवस्था बारेको जानकारी आम नागरिकलाई पनि दिन आवश्यक छ ।”

अहिले बजारमा माग र आपूर्तिमा उल्लेख्य रूपमा कटौती भएको बताउनुहुँदै पौडेलले औद्योगिक उत्पादन कटौती भएको यसले बेरोजगारी बढाएको धारणा राख्नुभयो । साधारण खर्चसमेत धान्न नसक्ने अवस्था रहेको राजस्व सङ्कलनको नाजुक स्थिति अर्को समस्या रहेको उहाँको भनाइ छ । त्यस्तै, पुँजीगत खर्च बढ्न नसक्दा अर्थतन्त्रमा सुधारका सङ्केत नदेखिएको उहाँको पौडेलको बुझाइ छ ।

समिति सदस्य डा स्वर्णिम वाग्लेले अर्थतन्त्र सुधारका लागि अर्थमन्त्रीलाई शङ्काको लाभ दिन दिएर कार्यान्वयनको अवस्थासम्म पुग्दा नतिजा देखिन नसकेको बताउनुभयो । “अर्थतन्त्र सुधारका लागि बजेट वक्तव्यको बुँदा नम्बर २९ देखि ४६ सम्मको कार्यप्रगतीको अवस्था के छ ? यसबारे अर्थमन्त्रीले जवाफ दिनुपर्छ”, वाग्लेले भन्नुभयो, “अर्थतन्त्रका सूचकलाई बृहत् (म्याक्रो) रूपमा भन्दा पनि सूक्ष्म (माइक्रो) तरिकाले हेरिनुपर्छ । रेमिट्यान्स, पर्यटन र जलविद्युत् क्षेत्रका सम्भावनालाई देखाएर मात्र हुँदैन ।”

समिति सदस्य ज्ञानबहादुर शाहीले राजस्व चुहावट बढेको भनेर सरकार मातहतकै निकायले स्वीकारेको अवस्थामा भन्सारका कर्मचारीलाई के कस्तो कारबाही हुन्छ भनेर जिज्ञासा राख्नुभयो । त्यस्तै, नेपालको कर प्रणालीमा सूचना प्रविधिको प्रयोग अझै बढ्न नसकेको र पुरानै शैलीको कर भुक्तानी प्रणालीले राजस्व बढ्न नसकेको उहाँको भनाइ छ ।

पछिल्लो समय नेपाल भित्रने पर्यटकले यहाँ गर्ने खर्चको तुलनामा नेपाली विद्यार्थी विदेश पढ्न जाँदा बाहिर गइरहेको रकम बढी रहेको उल्लेख गर्नुहुँदै शाहीले मुलुकमै अवसर सिर्जना गर्नका लागि साना तथा मझौला खालका उद्यमशीलता विकासमा सरकारले जोड दिनुपर्ने बताउनुभयो ।

अर्थ सचिव कृष्णहरी पुष्करले चालु आर्थिक वर्षको बजेट कार्यान्वयनसँग सम्बन्धित ८० प्रतिशत कार्यविधि र मार्गदर्शन बनिसकेको दाबी गर्नुभयो । बजेट कार्यान्वयनको सबै काम अर्थ मन्त्रालयले मात्र गर्ने नभई विषयगत मन्त्रालयको दायित्व पनि रहने उल्लेख गर्नुहुँदै अर्थसचिव पुष्करले अर्थ मन्त्रालयले समन्वयकारी भूमिका र सहजीकरण गरिरहेको बताउनुभयो ।

त्यस्तै, राजस्व सचिव रामप्रसाद घिमिरेले चालु आर्थिक वर्षको दुई महिनासम्ममा पनि राजस्व सङ्कलनमा उत्साह देखिन नसकेको स्वीकार्नुभयो । “राजस्व प्रशासनमा त्यति उत्साह देखिन सकेको छैन । बजेटले लिएका नीति र सुधारका कार्यक्रमको तत्काल नतिजा नआउने भएकाले सुधार हुन समय लाग्छ”, उहाँले भन्नुभयो, “समस्या पहिचान गरेर सुधार गर्नुपर्छ । तर बढाइचढाइ गर्न हुँदैन । मुलुकको अर्थतन्त्र चुनौतीपूर्ण अवस्थामै पुगेको भन्ने होइन ।”

नेपालको राजस्व प्रणालीमा संरचनागत समस्या विरासतको रूपमा जकडिएर बसेको उल्लेख गर्नुहुँदै घिमिरेले त्यसमा सुधार गर्नका लागि समय लाग्ने बताउनुभयो । अहिले आन्तरिक अन्तःशुल्क र पैठारीको अन्तःशुल्क घटेको देखिएकाले यसको कारण खोज्न अध्ययन भइरहेको पनि उहाँले बताउनुभयो । त्यस्तै, विभिन्न छुट तथा अनुदानका कार्यक्रमका कारण पनि राजस्वमा कमि आएको हुनेसक्ने उहाँको भनाइ छ ।

अर्थ समितिको मंगलबारको बैठकमा अर्थ मन्त्रालयका सहसचिव बाबुराम सुवेदीले अर्थतन्त्रको वर्तमान अवस्थाबारे समितिलाई जानकारी गराउनुभएको थियो । गत आर्थिक वर्षमा आर्थिक वृद्धिदर उत्पादक मूल्यको आधारमा दुई दशमलव २६ प्रतिशत र उपभोक्ता मूल्यको आधारमा एक दशमलव ८६ प्रतिशत छ ।

गत आर्थिक वर्षको मुद्रास्फीति सात दशमलव सात प्रतिशत रहेको मन्त्रालयले जनाएको छ । चालु आर्थिक वर्षको बजेटमा छ प्रतिशतको आर्थिक वृद्धिदर र साढे छ प्रतिशतको बाञ्छित सीमाभित्र मुद्रास्फीति कायम राख्ने लक्ष्य राखिएको छ ।

सुवेदीले चालु आर्थिक वर्षको शुरुवातदेखि नै थप बजेट माग हुन थालेको बताउनुभयो । त्यस्तै, कर्मचारी संयन्त्र निर्णय गर्न हिच्किचाउने गरेको र सही निर्णय गर्दा पनि डराउनुपर्ने अवस्था रहेको उहाँको भनाइ छ । विभिन्न विकास आयोजना प्रमुखहरू चाँडो चाँडो परिवर्तन हुँदा त्यसको असर समग्र खर्च प्रणालीमा परेको उहाँको भनाइ छ । सार्वजनिक खर्चको पुरातन शैली कायम नै रहेको उल्लेख गर्नुहुँदै सुवेदीले अहिले निक्षेपको अवस्था बढ्दो र कर्जाको माग घट्दो रहेको बताउनुभयो । रासस

# नेपालको आर्थिक वृद्धिमा सुधार हुने विश्व बैंकको प्रक्षेपण




काठमाण्डु । विश्व बैंकले नेपालको आर्थिक वृद्धिदर सुधार हुने प्रक्षेपण गरेको छ । विश्व बैंकले अर्धवार्षिक रूपमा सार्वजनिक गरेको प्रतिवेदनमा आयात प्रतिबन्ध हटेको, पर्यटनमा फर्कंदो उत्साह र मौद्रिक नीतिमा क्रमशः बढाइएको खुकुलोपनलगायतका कारणले सन् २०२४ मा नेपालको अर्थतन्त्रको वृद्धिदर तीन दशमलव नौ प्रतिशत पुग्ने प्रक्षेपण गरेको हो ।

मंगलबार सार्वजनिक भएको ‘नेपाल विकास अपडेटः निर्यातको प्रतिस्पर्धात्मकता पुनर्स्थापना’ले सन् २०२५ सम्ममा नेपालको अर्थतन्त्र पाँच प्रतिशतले बढ्ने अनुमान पनि गरेको छ ।

अनियमित वर्षाका कारणले कृषि उपज उत्पादनको वृद्धिमा हुनसक्ने क्षति, भारतको निर्यात प्रतिबन्ध र उपभोग्य वस्तुमा पछिल्ला दिनमा आकासिएको मूल्यका कारण हुनसक्ने मूल्यवृद्धि र उच्च मुद्रास्फीतिका कारण बढ्दै जाने नीतिगत दर, आन्तरिक ऋण व्यवस्थापन खर्च र वृद्धिमा हुनसक्ने ढिलासुस्तीलगायतका जोखिमहरू पनि विद्यमान रहेकोतर्फ प्रतिवेदनले ध्यानाकर्षण गराएको छ ।

प्रतिवेदनले नेपालको बाह्य प्रतिस्पर्धात्मकता बढाउन सहयोगी हुनसक्ने विभिन्न पक्षको पनि खोजी गरेको छ । सन् २०२३ मा राष्ट्रको कुल गार्हस्थ्य उत्पादनको छ दशमलव नौ प्रतिशत मात्रै कूल निर्यात थियो । जुन दक्षिण एसियाका मध्यम आय भएका देशहरूको औसतको एक तिहाइ मात्रै हो ।

प्रतिवेदनमा नेपालको निर्यात न्यून हुनुमा विद्यमान न्यून श्रम उत्पादकत्व र विनिमय दरको अभिमूल्यन लगायत कारक रहेको उल्लेख छ । साथै, समकालीन देशहरू र मुख्य व्यापार साझेदार भारतको तुलनामा कृषि, उद्योग र सेवा तीनै क्षेत्रमा रहेको श्रम उत्पादकत्वको गिरावटबाट पनि नेपाल प्रभावित रहेको औंल्याइएको छ ।

“विभिन्न चुनौतिका बावजुद नेपालले आफ्नो दीर्घकालीन आर्थिक पुनरूत्थानलाई आकार दिन आफ्नो हरित, उत्थानशील तथा समावेशी विकास नीतिको कार्यान्वयनतर्फको कदम जारी राखेको छ”, नेपाल, श्रीलङ्का तथा माल्दिभ्सका लागि विश्व बैंकका राष्ट्रिय निर्देशक फारिस हदाद-जर्भोसले भन्नुभयो । मूल्य र गुणस्तर दुवैका हिसाबले नेपालको पुनरूत्थान र निर्यात बजारमा थप प्रतिस्पर्धात्मक बन्नका लागि मुख्य प्रेरक शक्ति भनेको नै बाह्य प्रतिस्पर्धात्मकतामा सुधार भएको उहाँको भनाइ छ । त्यसका लागि घरेलु उत्पादन बढाउन सहयोग हुने सुधारका काम र नेपालका व्यापार साझेदारसँगको मुद्रास्फीति अन्तर घटाउने प्रयासमा विशेष जोड दिनुपर्ने हदादको भनाइ छ ।

नेपाल विकास प्रतिवेदन मंगलबारै सार्वजनिक भएको ‘दक्षिण एसिया विकास अपडेटस टुवार्ड फास्टर, क्लिनर ग्रोथ’को एक हिस्सा हो । जसले यस क्षेत्रको वृद्धिदर पाँच दशमलब आठ प्रतिशत हुने अनुमान गरेको छ । यो दर अन्य कुनै पनि विकासशील क्षेत्रको तुलनामा उच्च हो । तर सोही क्षेत्रको महामारीपूर्वको रफ्तार र विकास लक्ष्यहरू हासिल गर्ने आवश्यकभन्दा भने कम हो । रासस


## सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको धितो रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रीको १५ (पन्ध्र) दिने सूचना

**प्रकाशित मिति: २०८०/०६/१७**

यस सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड (साविक सहयोगी बिकास बैंक लि.) को शाखा कार्यालय महेन्द्रनगर, धनुषाबाट सिटिजन्स फास्ट ट्रयाक -अधिविकर्ष कर्जा शिर्षक अन्तर्गत कर्जा लिई उपभोग गरेको ऋणकर्जा तथा बैंकिङ्ग सुविधाहरुको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने सावाँ ब्याज समेत चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले तपाई ऋणीलाई मिति २०८०/०४/३० मा जनकपुर टुडे राष्ट्रिय दैनिक पत्रिकामा ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरी ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरु समेतलाई सूचित गर्दा समेत कर्जाको सावाँ ब्याज समेत चुक्ता भुक्तानी गर्ने तर्फ कुनै चासो नदेखाएकाले सुरक्षण बापत बैंकको नाममा धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित चल/अचल सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गरिने भएकोले सर्वसाधारणको जानकारीको लागि यो १५ (पन्ध्र) दिने लिलाम बिक्री सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरी गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) को आव्हान गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले १६ (सोह्र) औं दिनमा सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय महेन्द्रनगर, धनुषामा दिउँसो ४:०० बजे गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) खोलिनेछ । सो अवधिमा इच्छुक महानुभावहरुले गोप्य शिलबन्दी बोलपत्रद्वारा आफूले बोलकबोल गर्ने रकम सहित तपसिलमा उल्लेखित शर्त बमोजिम बोलपत्र फारम बुझाउन समेत अनुरोध गरिन्छ । सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंकिङ्ग कसुर तथा सजायका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०६४, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सो को नियमावली २०५९ अनुसार ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुको अन्य चल/अचल सम्पत्तिबाट धितोले नखामेको बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरिने व्यहोरा ऋणी, व्यक्तिगत जमानीकर्ताहरु तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ । साथै यस सूचना बमोजिम लिलाम बिक्री हुन नसकेको धितो सम्पत्तिहरु बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ बमोजिम बैंकले आफै सकार गरी लिन सक्ने व्यहोरा समेत जानकारी गराइएको छ ।

**तपसिल**

**कर्जा शिर्षक : सिटिजन्स फास्ट ट्रयाक- अधिविकर्ष कर्जा**

**ऋणीको नाम र ठेगाना**

**नाम : जनारसी देवी यादब**
पति : राम जुलुम यादब
ससुरा : सेवकी यादब
ठेगाना : सपही गा.वि.स.वडा नं.४, धनुषा
हाल : लक्ष्मीनिया गाउँपालिका वडा नं.३, धनुषा
ना.प्र.नं. : ५९६५।८२९५०७३५
जारी मिति : २०४३/१०/०७
जि.प्र.का. : धनुषा

**जमानीकर्ताहरुको नाम र ठेगाना**

**१. नाम : बिमल कुमार यादब**
बुबा : राम जुलुम यादब
बाजे : सेवकी यादब
ठेगाना : सपही गा.वि.स.वडा नं.४, धनुषा
हाल : लक्ष्मीनिया गाउँपालिका वडा नं.३, धनुषा
ना.प्र.नं. : १७३०७५।६९९
जारी मिति : २०६३/१२/१७
जि.प्र.का. : धनुषा

**२. नाम : नागेन्द्र यादब**
बुबा : राम जुलुम यादब
बाजे : सेवकी यादब
ठेगाना : सपही गा.वि.स.वडा नं.४, धनुषा
हाल : लक्ष्मीनिया गाउँपालिका वडा नं.३, धनुषा
ना.प्र.नं. : ८२९५२४२२
जारी मिति : २०४८/०६/१०
जि.प्र.का. : धनुषा

**३. नाम : सुमिन्त्रा कुमारी यादब**
बुबा : कृष्ण यादव
पति : नागेन्द्र यादब
ससुरा : राम जुलुम यादब
ठेगाना : सपही गा.वि.स.वडा नं.४, धनुषा
हाल : लक्ष्मीनिया गाउँपालिका वडा नं.३, धनुषा
ना.प्र.नं. : ३९६९६९०८
जारी मिति : २०५८/०७/०१
जि.प्र.का. : धनुषा

**४. नाम : जनारसी देवी यादब**
बुबा : राम सुन्दर यादव
पति : राम जुलुम यादब
ससुरा : सेवकी यादब
ठेगाना : सपही गा.वि.स.वडा नं.४, धनुषा
हाल : लक्ष्मीनिया गाउँपालिका वडा नं.३, धनुषा
ना.प्र.नं. : ५९६५।८२९५०७३५
जारी मिति : २०४३/१०/०७
जि.प्र.का. : धनुषा

**धितो राखिएको सम्पत्तिको विवरणः**

**धितो सुरक्षण धनीको नामः जनारसी देवी यादब**

| जिल्ला | न.पा./गा.वि.स. | वडा नं./नक्सा सिट | कि.नं. | क्षेत्रफल (बि.क.धु) | कैफियत |
|---|---|---|---|---|---|
| धनुषा | सपही | ८/ग | १९८ | ०-०-१० | सो जग्गामा निर्माण भएको तथा पछि भविष्यमा निर्माण हुने सम्पूर्ण भवनहरु तथा सो को लिगलगापात समेत । |
| धनुषा | सपही | ८/ग | २०१ | ०-१-८ | |
| धनुषा | सपही | ८/ग | १९९ | ०-०-१० | |
| धनुषा | सपही | ८/ग | २०३ | ०-१-१३ | |

**धितो लेखिदिने तथा व्यक्तिगत जमानत दिनेलाई सूचना**

उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै सूचनाको म्याद भित्र शीघ्र कर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्ति उचित संरक्षण गर्नु हुन समेत यसै सूचनाबाट अनुरोध गरिएको छ, तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले लिलाम हुँदाका दिन लिलामबाट कायम हुने धितो मुल्य घटी वा बढी हुने प्रक्रियामा समेत धितो धनीहरुलाई उपस्थित हुन सूचित गरिएको छ । धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मूल्याङ्कनभन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लिएमा पछि मेरो/हाम्रो सम्पत्तिको उचित मुल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लियो भनी कही कतै उजुर गर्न पाउनु हुने छैन ।

**लिलाम बिक्रीको बारेमा जानकारी एवं शर्तहरु :**

१. गोप्य शिलबन्दी बोलपत्र दाताले आफूले कबुल गरेको जम्मा रकमको १० (दश) प्रतिशतले हुने रकम धरौटी बापत यस बैंकको नाममा खिचिएको कुनै पनि वाणिज्य बैंकको सक्कलै ड्राफ्ट/गुडफरपेमेन्ट चेक/नगद जम्मा भौचर समेत बोलपत्र साथ संलग्न गर्नुपर्ने छ ।
२. बोलकबोल फारम भर्दा सबैभन्दा बढी रकम कबोल गर्ने व्यक्तिलाई चल/अचल सम्पत्ति दिने वा नदिने सम्पूर्ण अधिकार यस बैंकमा सुरक्षित रहनेछ ।
३. लिलाम सकार गर्ने व्यक्तिले बाँकी रकम बैंकले भुक्तान माग गरेको मितिले ७ दिन भित्रमा सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडमा नबुझाए धरौटी बापत रहेको १० प्रतिशत रकम स्वतः जफत हुनेछ ।
४. लिलाम बिक्री भएको चल/अचल सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा सकार गर्नु पर्नेछ ।
५. तोकिएको लिलामी खोल्ने दिन बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिन गोप्य शिलबन्दी लिलाम खोलिनेछ ।
६. लिलाम गर्दा गर्दै नभ्याएमा त्यसको भोलिपल्ट (सरकारी बिदा बाहेक) पुनः लिलामी खोल्ने कार्य हुनेछ ।
७. बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३ को दफा ५७ को उपदफा ७ अनुसार लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा बोलकबोल गरेको रकम सहभागी बैंकहरुलाई चित्त बुझ्दो नभएमा यस बैंकले उक्त सम्पत्तिको स्वामित्व आफूमा लिन सक्नेछ ।
८. उक्त लिलाममा राखेको चल/अचल सम्पत्ति नामसारी/दा.खा. रजिष्ट्रेशन गर्दा लाग्ने नेपाल सरकारको दस्तुर, अन्य कर तथा शुल्क, सम्पत्ति कर आदि सकार गर्ने व्यक्ति आफैले तिर्नु पर्नेछ ।
९. लिलाम बिक्री हुने चल/अचल सम्पत्तिको सम्बन्धित कागजातहरु हेर्न वा अन्य थप जानकारी लिन चाहनुहुने महानुभावहरुले सिटिजन्स बैंक इन्टरनेसनल लि. को प्रधान कार्यालय नारायणहिटी पथ, दरबारमार्ग वा शाखा कार्यालय महेन्द्रनगर, धनुषामा कार्यालय समयभित्र सम्पर्क राख्न सक्नु हुनेछ ।

**लिलाम खोलिने मिति :- २०८०/०७/०२ गते, बिहीबार**
**समय :- दिउँसो ४:०० बजे**
**स्थान :- सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय महेन्द्रनगर, धनुषा ।**

Citizens Bank

**मुख्य कार्यालयः**
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल
फोनः ९७७ १ ४५२७८४२/४३/२४ फ्याक्सः ९७७ १ ४५२७०४४
इमेलः info@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टरः support@ctznbank.com, ०१-५९७००६८


# ऊर्जा विकास मार्गचित्र कार्यान्वयनको तयारी गर्न मन्त्री बस्नेतको निर्देशन



काठमाण्डु । ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्री शक्तिबहादुर बस्नेतले ‘ऊर्जा विकास मार्गचित्र तथा कार्ययोजना-२०८०’ लाई व्यवहारिक रूपमा कार्यान्वयनमा लैजाने गरी तयारी गर्न सम्बद्ध निकायलाई निर्देशन दिनुभएको छ ।

ऊर्जा मन्त्रालयमा मंगलबार मन्त्रालय र मन्त्रालय मातहतका निकायका प्रमुख तथा पदाधिकारीसँगको छलफलमा मन्त्री बस्नेतले आगामी १२ वर्षका लागि तयार पारिएको कार्ययोजनालाई वस्तुगत र व्यवहारिक रूपमा कार्यान्वयन गर्ने गरी तयारी गर्न निर्देशन दिनुभएको हो ।

उहाँले कार्ययोजनालाई छिट्टै मन्त्रिपरिषद्मा प्रस्तुत गरी पारित गरेर राष्ट्रिय कार्यभारका रूपमा अगाडि बढाइने भएकाले कार्यान्वयनको स्पष्ट मार्ग पहिल्याउनुपर्ने बताउनुभयो । मन्त्री बस्नेतले बिजुलीको आन्तरिक खपत बढाउने र बढी भएको निर्यात गरिने भएकाले त्यसतर्फ पनि क्रियाशिल भएर लाग्नुपर्ने उल्लेख गर्नुभयो ।

मन्त्रिस्तरीय निर्णयबाट गत असार २६ गते ऊर्जा मन्त्रालयका सहसचिव सन्दीपकुमार देवको संयोजकत्वमा कार्यदल गठन गरिएको थियो । सो कार्यदलले गत भदौ २६ गते मन्त्री बस्नेत समक्ष प्रतिवेदन पेश गरेको थियो ।

सो मार्गचित्र अनुसार सन् २०३५ सम्म कूल माग २८ हजार चार सय ६८ मेगावाट पुग्ने भएकाले सोही अनुसारको तयारी गर्नुपर्ने आवश्यकता रहेको ठहर गरिएको छ । प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’को पछिल्लो भारत भ्रमणका क्रममा १० वर्षमा १० हजार मेगावाट बिजुली निर्यात गर्ने विषयमा सहमति भएको छ । यस्तै पाँच हजार मेगावाट बिजुली बंगलादेश निर्यात गर्ने तयारी छ ।

कार्ययोजना कार्यान्वयनका लागि अन्तर सरकारी निकायलगायतको समन्वय, कानुनी तथा संस्थागत सुधारका विषयमा पनि जोड दिइएको छ । यस्तै, आगामी १२ वर्षमा कुन आयोजनाबाट के कति बिजुली उत्पादन हुन्छ र त्यसका लागि के कति लगानी चाहिन्छ भन्ने बारेमा समेत कार्ययोजनामा स्पष्ट व्यवस्था गरिएको छ ।

सन् २०३५ सम्म प्रतिव्यक्ति बिजुली खपत एक हजार पाँच सय युनिट पुर्‍याउने लक्ष्य राखिएको छ । सन् २०३५ सम्म एक सय ३२ केभी क्षमताका छ हजार चार सय ३१ सर्किट किलोमिटर, दुई सय २० केभी क्षमताका चार हजार ६१ सर्किट किलोमिटर, चार सय केभी क्षमताका छ हजार चार सय ४० सर्किट किलोमिटर प्रसारण लाइन निर्माण गर्ने लक्ष्य राखिएको छ । यस्तै, सवस्टेशनको क्षमता ४० हजार एमभिए पुर्‍याउने लक्ष्य छ ।

यस्तै, लगानीका क्षेत्र तथा स्रोतका बारेमा पनि स्पष्ट व्यवस्था गरिएको छ । सो कार्ययोजना छिट्टै मन्त्रिपरिषद्मा पेश गरेर कार्यान्वयनमा लगिने भएकाले त्यसको तयारी गर्न मन्त्री बस्नेतले मन्त्रालय र मातहतका निकायलाई निर्देशन दिनुभएको हो ।

छलफलमा ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका सचिव दिनेशकुमार घिमिरे, सिँचाइ सचिव गोपाल सिग्देल, कार्यदलका संयोजक समेत रहनु भएका सहसचिव देव, नेपाल विद्युत् प्राधिकरणका उपकार्यकारी निर्देशक प्रदिपकुमार थिकेलगायतको उपस्थिती थियो । रासस

> सन् २०३५ सम्म प्रतिव्यक्ति बिजुली खपत एक हजार पाँच सय युनिट पुर्‍याउने लक्ष्य राखिएको छ । सन् २०३५ सम्म एक सय ३२ केभी क्षमताका छ हजार चार सय ३१ सर्किट किलोमिटर, दुई सय २० केभी क्षमताका चार हजार ६१ सर्किट किलोमिटर, चार सय केभी क्षमताका छ हजार चार सय ४० सर्किट किलोमिटर प्रसारण लाइन निर्माण गर्ने लक्ष्य राखिएको छ । यस्तै, सवस्टेशनको क्षमता ४० हजार एमभिए पुर्‍याउने लक्ष्य छ ।

# नेप्से परिसूचकमा दोहोरो अङ्कको गिरावट

काठमाण्डु । नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा दोहोरो अङ्कको गिरावट देखिएको छ । मंगलबारको कारोबारमा नेप्से परिसूचक १७ दशमलव ५६ अङ्कले घटेर एक हजार नौ सय ५८ दशमलव ७२ को बिन्दुमा कायम भएको हो ।

विभिन्न कम्पनीका दुई सय ८१ कम्पनीको ३९ लाख ६५ हजार नौ सय १७ कित्ता शेयर ५५ हजार ९६ पटक खरिदबिक्री हुँदा रू एक अर्ब १९ करोड ९१ लाख एक हजार तीन सय २४ बराबरको कारोबार भएको नेप्सेले जनाएको छ ।

सबै समूहको उपसूचक रातो देखिँदा सबैभन्दा धेरै व्यापार समूह एक दशमलव ४७ र जलविद्युत् समूहको उपसूचक एक दशमलव ३८ प्रतिशतले घटेको छ । त्यस्तै, बैंकिङ शून्य दशमलव ६१, विकास बैंक एक दशमलव २२, वित्त एक दशमलव २७ र होटल तथा पर्यटन समूह एक दशमलव २३ प्रतिशतले घटेको छ ।

लगानी समूहको उपसूचक शून्य दशमलव ९३, जीवन बीमा शून्य दशमलव ८२, उत्पादन तथा प्रशोधन शून्य दशमलव ७२, लघुवित्त शून्य दशमलव ८५, म्युचुअल फन्ड शून्य दशमलव ८०, निर्जीवन बीमा शून्य दशमलव ६९ र अन्य समूहको उपसूचक एक दशमलव ०५ प्रतिशतले घटेको छ ।

समता घरेलु लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्यमा मंगलबार सबैभन्दा धेरै सात दशमलव ९१ प्रतिशतको वृद्धि देखिएको छ । सबैभन्दा धेरै शेयर मूल्य घट्नेमा भने सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्य सात दशमलव ५४ प्रतिशतले घटेको छ ।

कारोबार रकमका आधारमा मंगलबार सबैभन्दा धेरै सिटिजन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको रू पाँच करोड ५९ लाख ७० हजार छ सय ५२ बराबरको कारोबार भएको छ । कारोबार भएका शेयर संख्याका आधारमा भने नविल ब्यालेन्स फन्ड-२ को एक लाख ८१ हजार आठ सय ४९ कित्ता शेयर किनबेच भएको छ । रासस

# कृषकको धानमा समस्यै समस्या

चितवन । यहाँ लगाइएको धानमा विभिन्न रोगको सङ्क्रमण देखिएका छन् । कृषि ज्ञान केन्द्र चितवनका सूचना अधिकारी सुरुचि त्रिपाठीका अनुसार पश्चिम चितवनमा लगाइएको धानमा ढुसी र गभारोको समस्या देखिएको हो ।

यस्तै पूर्वी चितवनमा फड्के किरा, मिलिबग, सित ब्लाइट, नेक ब्लाष्ट जस्ता रोग देखिएको उहाँले जानकारी दिनुभयो । उहाँका अनुसार कार्यालयमा दैनिक तीनदेखि चारजना धानमा लागेको समस्या लिएर आउने गरेका छन् । उहाँले भन्नुभयो, “धानमा लागेको समस्या लिएर आउनेको किसानको सङ्ख्या बढ्दो छ । पूर्वी चितवनमा फड्के किराको समस्या मुख्य देखिएको छ ।”

कालिका र खैरहनी नगरपालिकामा लगाइएको धानमा विशेषगरी फड्के किराको समस्या देखिएको उहाँको भनाइ छ । यो किराले धानको गाँजमा बसेर धानको रस चुसी सुकाउने गर्दछ । जसका कारण पात जल्ने र गाँज परालजस्तो देखिने त्रिपाठीले बताउनुभयो ।

रोग नियन्त्रणका लागि कृषिविज्ञ सँगको परार्शमा विषादीको प्रयोग गर्न उहाँले कृषकहरूलाई सुझाव दिनुभयो । जिल्लामा यस वर्ष २३ हजार ३४ हेक्टर क्षेत्रफलमा धान खेती गरिएको छ । रासस

# उपमहानगर सफा राख्न उच्च अदालतको आदेश

**टुडे समाचारदाता**

जनकपुरधाम । उच्च अदालत जनकपुरले जनकपुरधाम उप-महानगरपालिकालाई सफा राख्न आदेश जारी गरेको छ।

फोहर व्यवस्थापन गर्न नसकेको भन्दै उच्च अदालत जनकपुरमा अधिवक्ताद्वय राकेशकुमार साह र लक्ष्मी ठाकुरले रिट दायर गरेका थिए। दायर गरेको रिटमा नेपालमा रहेको वातावरणसंग सम्वन्धित नेपालको संविधान, ऐन, नियममा भएको कानुनी व्यवस्थाहरुलाई तत्काल कार्यान्वयन गर्न हाम्रो पहल र निगरानी भइ रहने गर्दछ तर कानुन कार्यान्वयनमा विपक्षीहरु निरन्तर लाग्नुपर्नेमा आजसम्म जनकपुरधाम उपमहानगरपालिका भित्रको फोहर व्यवस्थापन हुन नसकेकोले आज फोहर मैलाको कारणले विकराल रुप लिँदासम्म कानुनमा विपक्षीहरुलाई दिएको जिम्मेवारी कानून बमोजिम कार्यान्वयनमा लागेको नदेखिएको उल्लेख गरिएको छ।



दायर गरिएको रिटमा मधेश प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, उद्योग, पर्यटन तथा वन मन्त्रालयको कार्यालय, जनकपुरधाम उपमहानगरपालिकाको कार्यलय, वातावरण विभाग, जनकपुरधाम उपमहानगरपालिकालाई विपक्षी बनाइएको छ ।

रिटमा पिडारी चोक, रामानन्द चोक, जिरो माईल चोक, महावीर चोक, बाह्रविघा भित्र, कदम चोक, दशरथ तलाउ चोक, हस्पीटल रोड समेत समग्र बजार क्षेत्र भित्र रहेको सडक पेटी, ढल, विजुलीको पिलर भिते लेखन जस्ता फोहरजन्य मैलाहरु दैनिक रुपमा देखिएको उल्लेख छ। सडकको दुबै तर्फको नालामा पानी खाने १ लिटरको वोतल, प्लाष्टिकको झोला, कागजको कार्टुन आदि जम्मा हुन गइ बजारको ढल नै पुरै बन्द भएको छ।

जसको कारण पानी आउँदा पानी बाहिर बजारमा निस्कने अवस्था छैन भने त्यहाँको फोहर त्यही कुहिन गइ दुर्गन्धित भइ बजारमा लामखुट्टेको बिगबिगी भइ सम्पूर्ण नगरबासीको स्वस्थ्यमा समेत प्रत्यक्ष असर पर्ने गरेको उल्लेख छ। नगरभित्रको सडक र चोकचोकमा विजुलीको पोल, रुख, भिता वा सार्वजनीक पर्खाल, वोट विरुवालाई सुरक्षा गर्नको लागि घेरी राखेको पर्खाल भित्र, चोकको मूर्ति वारिपरि आदि समेतमा गैरकानूनी रुपमा पर्चा पम्पेल्ट टाँसिएको, भिते लेखन गरिएको छ जसले जनकपुरधाम कुरुप बन्दै गएको सो रिटमा उल्लेख छ।

पोलहरुमा टाँसिएको झुण्डाइएको विज्ञापन बोर्डहरु यत्रतत्र देखिन्छ, ति सबै दृश्यहरुले नगरको फोहर देखिनुको साथै प्रदूषित समेत भएकोले यसको व्यवस्थापन नहुनुमा उपमहानगरपालिकाको भूमिका रहेको छ यसको प्रमाणको रुपमा निवेदकले आफैले खिचीं पेश गरेको फोटोहरुले प्रष्ट पार्दछ अधिवक्ताद्वयले दायर गरेको रिटमा भनिएको छ।

दायर गरिएको रिटमा मधेश प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, उद्योग, पर्यटन तथा वन मन्त्रालयको कार्यालय, जनकपुरधाम उपमहानगरपालिकाको कार्यलय, वातावरण विभाग, जनकपुरधाम उपमहानगरपालिकालाई विपक्षी बनाइएको छ।

# खबरदारीका लागि जागरण अभियान : अध्यक्ष नेपाल

**टुडे समाचारदाता**

राजविराज । नेकपा(एकीकृत समाजवादी) का अध्यक्ष माधवकुमार नेपालले सरकारले जनताका पक्षमा काम गरोस् भन्ने खबरदारीका लागि पार्टीले मेची महाकाली समाजवादी जागरण अभियान सुरु गरेको कुरा बताएका छन्।




राजविराजमा मंगलबार आयोजित पत्रकार सम्मेलनमा उनले मुलुकमा विद्यमान साधन स्रोतको अधिकतम उपयोग गर्दै अघि बढ्न र सुशासन तथा पारदर्शिताका लागि पनि समाजवादी अभियान नै अपरिहार्य रहने बताए।

सरकारमा रहे पनि जनताका पक्षमा काम हुनुपर्ने मान्यताका साथ आफूहरु सदन र सडकमा समेत सक्रिय रहेको उनले बताए।

जनतालाई विकास तथा सुशासनको प्रत्याभूति दिनका लागि राजनीतिक स्थायित्व आवश्यक रहने बताउँदै पूर्व प्रधानमन्त्री समेत रहेका नेता नेपालले राजनीतिक स्थायित्वका लागि पनि समाजवादी अभियान जरुरी रहेको जिकिर गरे।

२०७४ मा कम्यूनिष्टको बहुमतको सरकार बनेर पनि संविधानलाई कुल्चिने काम भएका कारण मुलुकमा अहिलेसम्म स्थायित्व आउन नसकेको भन्दै उनले स्थायित्व दिनका लागि नै आफूहरु समाजवादी अभियानमा अघि बढ्नु परेको स्पष्ट पारे।

उनले एमाले पाटी नेतृत्वमा बढ्दो अहंकारसंगै हामीलाई भित्तामा पुर्‍याउने काम गरेका कारण अस्तित्व रक्षाका लागि हामी समाजवादी अभियानमा गोलबन्द भएको बताए।

नेता नेपालले संविधानको रक्षाका लागि पनि गठबन्धनको सरकार बनाउनु परेको भन्दै वर्तमानमा गठबन्धनको विकल्प नरहेको जिकिर गरे। क्रान्तिबाट प्राप्त उपलब्धिको रक्षा गर्नु नै आफ्नो पार्टीको मूल ध्येय रहेको भन्दै उनले तानाशाही र संविधान विरोधी कदम चालेर पार्टीलाई दक्षिणपन्थी कित्तामा पुर्‍याउन नेकपा (एमाले) को नेतृत्व वर्ग लागेका कारण नै त्यहाँबाट विद्रोह गर्नु परेको बताए।

एमाले नेतृत्वमा देखा परेको अहंकार र अधिनायकवादी चरित्रलाई निस्तेज गर्नका लागि पनि समाजवादी अभियान आवश्यक रहेको उनको कथन थियो।

# विभिन्न समस्या झेल्दै गजेन्द्र नारायण सिंह अस्पताल

**टुडे समाचारदाता**

राजविराज । राष्ट्रिय योजना आयोगका सदस्यको नेतृत्वमा मंगलबार गजेन्द्र नारायण सिंह अस्पताल पुगेको टोली समक्ष मेडिकल सुपरिटेन्डेन्टले अस्पताल समस्याहरुले ग्रस्त भएको जानकारी दिए।



आयोगका सदस्य जयकान्त राउत, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सहसचिव सुमन दाहाल, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका उपसचिव कृष्ण थापा, शाखा अधिृकत बैकुन्ठराज रेग्मी, मधेश प्रदेशका सांसद एवं अर्थसमितिका सभापति सतिश कुमार सिंह तथा प्रमुख जिल्ला अधिकारी किरण थापा सम्मिलित टोली समक्ष मेसु डा. प्रकाश प्रसाद साहले अस्पतालमा विद्यमान समस्याहरु बारे अवगत गराए।

"५० शैय्याको स्वीकृति तथा क्षमता भएको अस्पतालमा सीमित स्रोत साधन र जनशक्तिको भरमा अहिले १ सय ५० शैय्याको सेवा संचालन गर्नुपरिरहेका छ, टोली समक्ष मेसु डा. साहले भने, ५० शैय्याका लागि पनि चाहिने आवश्यक जनशक्ति र साधनस्रोत नभएका बेला डेढ सय शैय्याको सेवा संचालन गर्नुपर्दा बेला बेलामा समस्या र तनाव झेल्नु परिरहेको छ।"

अहिले अस्पतालमा सेवा विस्तार गर्ने उद्देश्यले तीन सय शैय्या क्षमता रहने गरी भवन संरचना निर्माण भइरहेकोमा उक्त कार्य पनि सुस्त गतिमा रहेको र हस्तान्तरणमा ढिलाइ हुँदा थप समस्या भएको उनले टोलीलाई जानकारी गराए।

बिरामीको चाप बढ्दै गएकाले अविलम्ब उक्त भवनको निर्माण कार्य सकाएर अस्पताल प्रशासनलाई हस्तान्तरण गर्न लगाउन पहलका लागि उनले टोली समक्ष आग्रह गरे। उनले अस्पतालमा नाक, कान, घाँटी तथा मानसिक रोग उपचारका चिकित्सकको पदपूर्ति हुन नसक्दा त्यस्ता बिरामीलाई समस्या हुने गरेको लाचारी पनि सुनाए।

अस्पतालमा हाल संचालनमा रहेको बेडको अनुपातमा उपचारका लागि आउने बिरामीको संख्या दोब्बरसम्म हुने गरेको उनले बताए। बेड अभावमा कतिपय बिरामीलाई भुइँमै राखेर भए पनि उपचार सेवा दिन बाध्य भएको उनले सुनाए।

अहिलेकै अवस्थामा सहज रुपमा सेवा दिन तीन सय भन्दा बढी जनशक्ति आवश्यक परेकोमा स्थायी, करार र दैनिक ज्यालादारी गरी २ सय जनशक्तिबाट काम चलाउनु परिरहेको उनले बताए। त्यसमा पनि कतिपय करार र दैनिक ज्यालादारीका कर्मचारीलाई अत्यन्त न्यून तलबमा काम लगाउँदा उनीहरुको मनोबल समेत घटेको मेसु डा. साहको भनाइ छ।

अस्पतालको समस्या विवरण बुझे पश्चात् स्थलगत निरीक्षण गरेको टोलीले अस्पताल सुधारका लागि आवश्यक पहल गर्ने प्रतिबद्धता जनाएको मेसु डा. साहले जानकारी दिएका छन्।

# दर्जनौं नेता जनमतमा प्रवेश

**टुडे समाचारदाता**

जनकपुरधाम । जनता समाजवादी पार्टी (जसपा) परित्याग गरी तीन जना केन्द्रीय नेतासहित दर्जनौं कार्यकर्ता जनमत पार्टीमा प्रवेश गरेका छन्।



जसपाका केन्द्रीय सदस्य तथा राजनीतिक समिति सदस्य उदय नारायण यादव, केन्द्रीय सदस्य नथुनी यादव र कार्यकारिणी सदस्य कुलानन्द झा जनमत पार्टीमा प्रवेश गरेका छन्।

यस्तै, जसपाका सिरहा जिल्ला सदस्य मो. झबु राइन, जसपा मधेश प्रदेश सदस्य मो. हमजा राइन र माओवादी केन्द्रका विद्यार्थी संगठनका सिरहा जिल्ला अध्यक्ष गजेन्द्र ठाकुर लगायतका नेताहरु पनि जनमतमा प्रवेश गरेका छन्। उनीहरु काठमाण्डुस्थित जनमत पार्टीको केन्द्रीय कार्यालय पुगेर राष्ट्रीय अध्यक्ष डा. सीके राउतबाट टिका थापेर पार्टी प्रवेश गरेका छन्। उनीहरुलाई जनमत पार्टीको राष्ट्रिय परिषद केन्द्रीय सदस्य विरेन्द्र साहको पहलमा पार्टी प्रवेश गरेको जनमत पार्टी केन्द्रीय सचिवालय प्रमुख राजेश मण्डलले जनाएका छन्।

# भन्सार छलीका कपडा बरामद



**टुडे समाचारदाता**

सिरहा । सिरहा जिल्लामा दैनिक रुपमा अवैध कपडा बरामद हुन थालेको छ। चाडपर्वका बेला सिरहाको नाका भएर भन्सार छली नेपाल भित्र्याइएको कपडाहरु राजस्व अनुसन्धान कार्यालय र सशस्त्र प्रहरीको संयुक्त टोलीले पछिल्लो समय दैनिक नियन्त्रणमा लिन थालेको छ।

सशस्त्र प्रहरीले सिरहा नगरपालिका-१८ स्थित तारापटीबाट ८० लाख रुपैयाँ बराबरको लत्ताकपडा मंगलबार नियन्त्रणमा लिएको छ। भारतबाट अवैध रुपमा नेपाल भित्र्याई लुकाइछिपाई राखिएको सूचनाको आधारमा सशस्त्र प्रहरी बल नेपाल गण नम्बर ७ सिरहा र बोर्डर आउटपोष्ट लगडिगदियाको टोलीले ८० लाख रुपैयाँ बराबरको ७८ पोका कपडा बरामद गरेको सशस्त्र प्रहरीले जनाएको छ।

स्थानीयवासीका तीनवटा गाई गोठमा लुकाइराखिएको अवस्थामा सो कपडा नियन्त्रणमा लिइएको छ। बरामद कपडा आवश्यक कारबाहीका लागि राजस्व अनुसन्धान कार्यालय इटहरीमा पठाइएको छ।

गत आइतबार मात्र सशस्त्र प्रहरी बलको सहयोगमा राजस्व अनुसन्धानको टोलीले सिरहाको माडर नजिकैबाट करोडौंको कपडा बरामद गरेको थियो। ट्रूकमा लोड गरी काठमाण्डु लैजाँदै गरेको अवस्थामा कपडा नियन्त्रणमा लिइएको थियो।

गत शनिबार पनि सिरहाकोमाडरस्थितएकविद्यालय परिसरको आँप बगैंचाबाट ५० लाख रुपैयाँ बराबरको कपडा नियन्त्रणमा लिइएको थियो।

## सशस्त्र एसपी भारती बाहिनी तानिए

सशस्त्र प्रहरी बल गण नम्बर ७ सिरहाका सशस्त्र प्रहरी उपरीक्षक (एसपी) प्रमोद भारतीलाई सशस्त्र प्रहरी नम्बर २ छिन्नमस्ता बाहिनी बर्दिवास तानिएको छ। सिरहा जिल्लामा पछिल्लो चार दिनयता ठूलो परिमाणमा अवैध कपडा बरामद भएपछि सशस्त्र प्रहरी उपरीक्षक भारती बाहिनीमा तानिएका हुन्।

'अवैध सामान कसरी भित्रियो भन्नेबारे सोधपुछ गर्न बाहिनी बोलाइएको हो,' सशस्त्र प्रहरी बल नम्बर २ छिन्नमस्ता बाहिनीका बाहिनीपति डीआईजी दिपेन्द्र शाहले भने,'आवश्यक सोधपुछ भइरहेको छ ।'उनले कोही सशस्त्र प्रहरी अधिकारी दोषी देखिए कारबाही हुने बताए।

अहिले गण नम्बर ७ मा डीएसपी दीपेन्द्र थापालाई पठाइएको छ। सशस्त्र एसपी भारतीसँगै अन्य केही सशस्त्र प्रहरी अधिकारीलाई पनि सिरहाबाट बाहिनीमा सोधपुछका लागि तानिएको छ।

यस्तै सशस्त्र प्रहरी बल माडर सिरहामा रहेका डीएसपी रामहरि खड्का पनि बाहिनी तानिएका छन्। सिरहामा दैनिक रुपमा अवैध कपडा बरामद हुन थालेको छ।

# चोरी खुल्ने डरले महिलाको हत्या



**टुडे समाचारदाता**

वीरगञ्ज । पर्साको जगरनाथपुरमा भएको एक महिलाको हत्याको उनकै जेठाजुले गरेको तथ्य खुलासा भएको छ। दुइ हप्ता अगाडि घरभित्रै शव भेटिएकी महिलाको हत्या उनकै जेठाजुहरुले गरेको प्रहरी अनुसन्धानबाट खुलेको छ।

असोज २३ गते जगरनाथपुर गाँउपाालिका वडा नम्बर ५ मसिहानीका स्वर्गीय सनिक राउतकी पत्नी ५६ वर्षीया कान्तीदेवी बिनको घाँटी रेटेर हत्या गरिएको अवस्थमा शव घरभित्रै भेटिएको थियो।

सो घटनामा संलग्न रहेको आरोपमा प्रहरीले तीन जनालाई पक्राउ गरेर मंगलबार सार्वजनिक गरेको छ। जिल्ला प्रहरी कार्यालयमा आयोजित पत्रकार सम्मेलनमा घटना विवरणसहित हत्याका आरोपित तीनै जनालाई पर्सा प्रहरीले सार्वजनिक गरेको छ।

पक्राउ पर्नेहरुमा मृतकका जेठाजु ५९ वर्षीय चन्द्रिका राउत बिन र ५७ वर्षीय अमेरिका राउत बिन रहेका छन। सोहि घटनामा संलग्न मसिहानीकै ३६ वर्षीय लालबाबु राउत बिनलाईसमते प्रहरी सार्वजनिक गरेको छ।

घटना विवरणबारे जानकारी गराउदै पर्सा प्रहरीले लालबाबुलाई असोज ७ गते तथा चन्द्रिका र अमेरिकालाई असोज १४ गते पक्राउ गरिएको पर्साका प्रहरी उपरीक्षक कोमलविक्रम शाहले बताए।

प्रहरी उपरिक्षक शाहका अनुसार, '१ गते राति आरोपित तीनैजना कान्तिदेवीको घरमा चोरी गर्ने उद्देश्यले सुरुङ खनेर पसे पछि घरमै सुतिरहेकी कान्तिदेवीले चिनेपछि पोल खुल्ने डरले कान्ति देवीको हत्या गरिएको हो।'

कान्तिदेवीको टाउकोमा रड र काठको फलेकले प्रहार गरेपछि कान्तिदेखि बेहोस भएकी थिइन। त्यसपछि उनको सिरानीले मुख थुनेर खुर्पी (धारिलो हतियार) ले घाँटी रेटेर हत्या गरेको लालबाबुले आफ्नो बयानमा स्वीकारेको प्रहरी उपरीक्षक शाहले जानकारी दिए।

उनका अनुसार, मृतकका एक्ला छोरा अर्जुन मुखिया बिन वैदेशिक रोजगारको सिलसिलामा मलेसियामा रहेका छन्। नारायणी अस्पतालमा पोष्टमाटम पछि शव, पक्राउ परेका जेठाजु चन्द्रिकाले नै बुझेर लगी दाहसंस्कार गरेका थिए।

आमाको मृत्युको खबर पाएर घर फर्किएका मृतक कान्तिदेवीका छोरा अर्जुनले असोज ७ गते प्रहरीमा किटानी जाहेरी दिएपछि त्यहि दिन प्रहरीले लालबाबुलाई पक्राउ गरेको थियो।

# प्रहरीकै मिलेमतोमा मालसमान भित्रिदैं

**रञ्जन यादब**

बारा । बाराको जीतपुरमा प्रहरीकै मिलेमतोमा दैनिक रुपमा मालसमान भित्रिरहेका छन्। प्रहरीलाई मासिक रुपमा लाखौं रुपैयाँ नजराना बुझाएर प्रहरीकै सामुनेबाट दैनिक रुपमा मालसमान भित्रिरहे पनि प्रहरी मुकदर्शक बनेको स्थानीयको आरोप छ।

ईलाका प्रहरी कार्यालय जीतपुर, ईलाका प्रहरी कार्यालय सिमरा र सशस्त्र सुरक्षा बेस क्याम्प बकुलियाको मिलेमतोमा मालसमान भित्रिरहेको स्वयम तस्करहरुले नै स्विकारेका छन्।

बिहान देखि दिउँसोसम्म तस्करले मालसमान ओसारी रहेको पाइए पनि प्रहरीले बेवास्ता गरिरहेको देखिएको छ। दैनिक वा मासिक रकम नबुझाउने तस्करको मालसमान पक्राउ गर्ने तर नजरना बुझाएर करोडौं मूल्य पर्ने मालसमान भित्रि रहे पनि प्रहरी यस विषयमा बेखबर रहेको प्रत्यक्षदर्शी व्यपारीहरु बताउँछन्।

ईलाका प्रहरी कार्यालय सिमराका प्रमुख प्रहरी नायब उपरीक्षक प्रदीप बहादुर क्षेत्री, सशस्त्र सुरक्षा बेस क्याम्प बकुलियाको प्रमुख सशस्त्र प्रहरी नायब उपरीक्षक जनकजंग भण्डारी र ईलाका प्रहरी कार्यालय जीतपुरका प्रमुख प्रहरी नायब निरीक्षक रमण पण्डितसँग यस विषयमा बुझ्दा अनभिज्ञता प्रकट गरे।

स्थानीयबासीहरुका अनुसार ईलाका प्रहरी कार्यालय जीतपुर र ईलाका प्रहरी कार्यालय सिमराका घुमुवा(सादा पोसाकका प्रहरी) बिहान देखि रातिसम्म बजारमै डेरा जमाएर तस्करसँगै बसिरहेको देखिन्छ।

जिल्ला प्रहरी कार्यालय बाराका प्रमुख प्रहरी उपरीक्षक सुरेश काफलेसँग यस विषयमा बुझ्दा आफूले पनि तराईमा भन्सार छलीका मालसमानहरु भित्रिन्छ भन्ने कुरा सुनेको बताए। आफू बारा आउने बित्तिकै जीतपुर सिमरा उपमहानगर क्षेत्रबाटै भन्सार छलीका करोडौंको मालसमान ट्रक सहितको नियन्त्रणमा लिएको जानकारी दिए।

बारा जिल्लामा आफू नयाँ नयाँ आएकाले जिल्लाको गतिविधिको विषयमा हाल बुझ्ने क्रममा रहेको उनले बताए। तस्करीको घट्नामा प्रहरीको संलग्नता देखियो भने जुनसुकै पदका प्रहरी भए पनि आफूले कारबाही गर्ने उनले बताए।

जीतपुरमा भित्रिने मालसमानमा खाद्यान्न, कपडा, हार्डवेयर, जुत्ताचप्पल लगायतका सामग्रीहरु रहेका छन्। तस्करहरुले मोटसाईकल, टेम्पो, मयुरी लगायतका साना सवारी साधनको प्रयोग गरी जीतपुर बजारमा सामान ल्याउने गरेका छन्।

जीतपुर बजारमा राजश्व कार्यालयबाट अनुगमन आउँदा प्रायः जीतपुर बजारका व्यापारिहरु सटर बन्द गरेर भाग्ने गरेका छन्। जीतपुर बजारमा नाम चलेका नामुद तस्करहरु २०/२० जनाको ग्रुपमा भारतबाट भन्सार छलेका सामानहरु लिएर निर्वाध रुपमा आउने गरेका छन्।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८